



प्रस्तावना

स्वर्गको दरबार

अहो! स्वर्गको नाम कस्तो मधुर र मीठो रहेछ । 'स्वर्ग' शब्दको उच्चारण र स्मरण गर्दैमा कस्तो अपूर्व आनन्द झल्केर आउँछ । ठीकै हो :

दु:ख शोकको जहाँ न लेश छ,

सदा साथ जहाँ अखिलेश छ ।

काम-क्रोधको जहाँ न शेष छ

छल-छिद्रको जहाँ न भेष छ ॥

त्यसमा पनि 'स्वर्गको दरबार !' कस्तो यो स्वर्गको दरबारको आनन्ददायक दृश्य होला ! इहलोक र परलोकमा कुन मानिस त्यस्ता होलान् जसलाई स्वर्गको कामना छैन ? अर्थात् सबै राजा-प्रजा, विद्वान्-मूर्ख तथा धनी-गरिब, सानो-ठूलो मनुष्यमात्रलाई स्वर्गको चाहना छ ।

अब यो प्रश्न उठ्छ कि त्यो सुन्दर स्वर्ग-सुखको खजाना, आनन्दको मूर्ति कहाँ छ ? यसै जन्ममा सकिने हो कि अथवा यो देह त्याग भइसकेपछि मात्रै अन्तै लोकमा पाइने हो ?

यस प्रश्नको कसैले यो उत्तर दिन्छ कि यस जन्ममा ठूलो तपस्या गरी देहान्त भइसकेपछि अर्को जन्ममा स्वर्गप्राप्ति हुन्छ । कसैले हातको औंलाले माथि आकाशतिर सङ्केत गर्दछन् । कसैले सात आकाशमाथि स्वर्ग छ भन्दछन्, एवं अनेक मतका मानिसले अनेक प्रकारबाट स्वर्गको बयान गर्छन् ।

के त 'स्वर्ग कहाँ छ' यो विवादास्पद विषय मात्रै हो अथवा यथार्थमा कहीँ निर्णित स्वर्ग पनि छ ?

पाठक-पाठिकाहरु हो ! स्वर्गको दरबार देख्नलाई कनै अन्त लोकमा जानु पर्दैन, त्यो स्वर्गको दरबार यसै लोकमा छ । स्वर्गको दरबारको द्वार अगाडि खुल्नेछ ।

ग्रन्थकार

शुक्रराज शास्त्री

विषय-प्रवेश

फलं धर्मस्य चेच्छन्ति धर्म नेच्छन्ति मानवाः ।

फलं पापस्य नेच्छन्ति पापं कुर्वन्ति यत्नतः ॥

प्राणीमात्रले सुख पाउने इच्छा गर्दछन् । दुःख पाउँ भन्ने कसैको इच्छा हुँदैन । सुख पाउँ भन्ने विचारले नै सबै जीवजन्तुहरु यथाशक्य चेष्टा तथा प्रयत्न गर्दछन् । एवं सकेसम्म दुःखबाट बच्नलाई परिश्रम गर्दछन् । किन्तु यो अत्यन्त आश्चर्यको विषय हो कि यसै संसारमा हामीहरु प्रत्यक्ष रुपले देख्तछौं कि सुखी मानिसहरु धेरै कम छन् तथा दुःखीहरु मात्रै अधिक मात्रामा छन् । अहिले भारतदेशमा समग्र ऐश्वर्य तथा सामग्रीहरुले युक्त भएको मानिस सैकडा एक पनि पाइने छैन । यो विरुद्ध फल किन ? सुखको प्राप्ति गर्ने विचार छ, तर सुखको बदलामा दुःख मिल्छन् । दुःखको चाहना छैन, किन्तु निरन्तर दुःख र कष्ट सिवाय अरु केहीको प्राप्ति हुँदैनन् । यस्तो विपरीत फलको प्राप्ति किन भएको ? उत्तर यही हो कि यसमा अवश्य कोही कारण रहेछ, किनभने कारणबिना कार्य हुँदैन । यो न्यायसंगत कुरा हो ।

त्यो कारण यही हो कि 'धर्मको फल-सुखको चाहना सबैले गर्छन् तर धर्मको चाहना गर्दैनन्, पापको फल - दुःखको चाहना कसैले गर्दैनन्, किन्तु प्रायः मनुष्यहरुले ज्ञानवश अथवा अज्ञानवश निरन्तर पाप अथवा दोष गर्छन् ।'

बस्, यसै कारणले विवेचना (विचार) यस 'स्वर्गको दरबार' नामक पुस्तकमा गरी राखेको छ ।

प्रथमाध्यायमा 'स्वर्ग' कसलाई भन्दछन् ? यसको निरुपण छ । द्वितीयाध्यायमा स्वर्गद्वारको बाधक कारणहरु गिनाएका छन् । तृतीयाध्यायमा यथार्थ स्वर्गरुपको वर्णन छ ।

यी तीनै अध्यामा सनातनाधर्मअनुसार श्रुति-स्मृति-पुराण र रामायण-महाभारत जस्तो प्रामाण्य इतिहासका प्रमाणद्वारा तथा आधुनिक र प्राचीन, भारतीय र युरोपिय ठूला ठूला विद्वानहरुका युक्ति प्रमाणपूर्वक प्रत्येक विषयहरुका यथोचित प्रकारले प्रतिपादन गरेका छन् ।

यस पुस्तकको प्रत्येक विषय लेख्नामा सबैलाई रुच्ने ढङ्गले सकेसम्म प्रयत्न गरेको छु । मलाई पनि यो ठूलो आशा छ कि पाठकहरुलाई यो पुस्तक अत्यन्त रोचक हुनेछ । यो पुस्तक एकबार हातमा लिइसकेपछि न सिध्याइकन बन्द गर्ने कसैको मन हुँदैन । पाठकहरु जति जति यस पुस्तकमा प्रवेश गर्लान् त्यति त्यति तिनीहरुलाई रसिलो र रोचक हुनेछ ।

भगवान् परमेश्वरले सबै पदार्थहरु मनुष्य आदि प्राणीहरुका उपकार निमित्त बनाएका हुन् । मनुष्यहरुमा पनि प्रायः गृहस्थी स्त्री-पुरुषलाई मात्रै भगवान् परमेश्वरले बनाएका प्रत्येक पदार्थहरुको आवश्यकता हुन्छन् । त्यस्तै यो मेरो प्रयत्न पनि विशेषतया विवाहिता 'पति-पत्नी' हरुका निमित्त नै हो ।

यदि दुवै विवाहित पति पत्नीहरुले एकबार पनि यस पुस्तकलाई आद्योपान्त विचारपूर्वक देख्नामा कष्ट उठाउनुभयो भने सर्वसाधासण स्त्री पुरुषहरुलाई धेरै लाभ हुनेछ भन्ने पूर्ण आशा छ ।

-ग्रन्थकार

अथः स्वर्गनिरुपणन्नाम प्रथमाध्यायः

साँच्चै भन्नुपर्‍यो भने स्वर्गको विषयमा धेरै विवाद अहिलेसम्म विद्यमान छन् । स्वर्ग के हो ? तथा स्वर्गको साधन के छन् ? यस विषयमा कसैले पनि ठीक-ठीक निश्चय गरेका छैनन् । धर्मशास्त्रहरुमा निश्चित भए तापनि त्यसविषयक परम्परा-सम्बन्ध नहुनाले अनिश्चित जस्तै भइरहको छ । महाभारतको शान्तिपर्वमा उञ्छवृत्ति ऋषिको उपाख्यान छ । त्यसमा एक ब्राह्मण र अतिथिको संवादमा स्वर्गविषयक प्रश्नोत्तर छन् । स्वर्गविषयक प्रकण हुनाले त्यो भाग तल उद्धृत गर्छु ।

ब्राह्मणले अतिथिलाई प्रार्थना गरे कि 'कुतो धर्ममयः प्लवः ?' अर्थात् स्वर्गको प्राप्तिनिमित्त यस संसारसमुद्रबाट तर्नलाई धर्मरुप पुल के हो? यस प्रश्नको उत्तर अतिथिले यस प्रकार दिए :

अतिथिरुवाच :

अहमप्यत्र मुह्यामि ममाप्येष मनोरथः ।
न च सन्निश्चयं यामि बहुद्वारे त्रिविष्टपे ॥
केचिन्मोक्षं प्रशंसन्ति केचिद्यज्ञफलं द्विजा : ।
वानप्रस्थाश्रयाः केचिद्गार्हास्थ्यं केचिदास्थिताः ।
राजधर्माश्रयं केचित्केचिदात्मफलाश्रयम् ।
गुरुधर्माश्रयं केचित्केचिद्वाक्सँयिमाश्रयम् ।
मातरं पितरं केचिच्छुश्रूषन्तो दिवङ्गता : ।
अहिंसया परे स्वर्ग सत्येन च तथाऽपरे ॥
आहवेऽभिमुखाः केचिन्निहतास्त्रिदिवङ्गताः ।
केचिदुञ्छवतैः सिद्धाः स्वर्गमार्ग समाश्रिताः ॥
केचिदध्ययने युक्ता वेदव्रतपराः शुभाः ।
बुद्धिमन्तो गताः स्वर्गं तुष्टात्मानो जितेन्द्रियाः ॥
आर्जवेन परे युक्ता निहतानार्जवैर्जनैः ।
ऋजवो नाकपृष्ठे वै शुद्धात्मानः प्रतिष्ठिताः ॥
एवं बहुविधैर्लोकैर्धर्मद्वारैरनावृतैः ।
ममापि मतिराविग्ना मेघलेखेव वायुना ॥

(महा. शान्ति, अध्याय ३५,४, श्लो. ९.१६)

भावार्थ : यो जान्नलाई त मेरो पनि इच्छा छ, तर म पनि यस विषयमा सन्दिग्ध नै छु। धेरै द्वार भएका यस स्वर्गको विषयमा मलाई पनि निश्चय भएको छैन ।

कुनै द्विज ब्राह्मणले मोक्षर्लाइ स्वर्ग भन्दछन् । कुनैले यज्ञफललाई स्वर्ग भन्दछन्, एवं कुनैले वानप्रस्थाश्रित स्वर्ग भन्दछन् ।

कुनैले भन्दछन् कि राजधर्मबाट नै स्वर्गको प्राप्ति हुन्छ, कुनैले आत्मचिन्तनबाट, कुनैले गुरुको सेवाबाट तथा कुनैले वाणीको संयमबाट स्वर्गको प्राप्ति हुन्छ भनी भन्दछन् ।

धेरैजनाले त आमाबाबुको सेवासुश्रुषा गरी स्वर्ग प्राप्त गरे, कोही अहिंसाधर्मले तथा कोही सत्यभाषणले स्वर्गमा पुगे ।

युद्धको सन्मुख मर्ने धेरैजनाले स्वर्ग प्राप्त गरे एवं अन्नको दाना चुनी-चुनी खाने सिद्ध मुनिहरु पनि स्वर्गमा पुगेका छन् ।

कोही-कोही वेदादि शास्त्रको पठनपाठन गर्ने सन्तोषी, बुद्धिमान्, जितेन्द्रिय विद्वानहरु पनि स्वर्गमा पुगेका छन् ।

केही छलकपट नगरी सोझो स्वभावले आफ्ना काम गर्ने अकुटिल, शुद्धात्मा महात्माहरु स्वर्गमा पुगे ।

संसारमा यस रीति नाना प्रकारका धर्मले स्वर्गको द्वार खुलेका छन् । यसकारण, वायुले बादललाई घुमाएका जस्तै मेरो बुद्धि पनि स्वर्गको विषयमा सन्दिग्ध (अनिश्चित) नै छ ।

यस्तै स्वर्गप्राप्तिको उपाय पनि भिन्न-भिन्न धर्मवालाहरुले भिन्न-भिन्नै बयान गर्दछन् । कुनै धमात्मा विद्वानहरुले भनेका छन् कि 'अहिंसा परमो धर्मः' अर्थात् कुनै प्राणी जीवहरुलाई मनसा, वाचा, कर्मणा, दुःख नदिनु नै ठूलो धर्म हो । यस धर्मको परिणामफल स्वर्ग हो । किन्तु धेरै तान्त्रिक विद्वान्हरुको र अन्य-अन्य धर्मावलम्बीहरुको मन्तव्य यो माथि लेखेको सिद्धान्तदेखि सर्वथा विरुद्ध छन् । यिनीहरुका सिद्धान्त छन् कि अनेक देव-देवताहरुको जप-तप-पुनश्चरण गरी अनेक पशुहरुको बलि चढाईकन मात्रै धर्म हुन्छ, यसै उपायले स्वर्गप्राप्ति हुन्छ ।

पशुबलिको उपाय पनि भिन्नभिन्न धर्मभेदले भिन्नभिन्नै छ । जो गौमाता हिन्दूहरुको मातृसमान पूजनीय छ, यो गौमातालाई कुर्बान अर्थात् खुदा-भगवान्लाई बलि बढाउनु नै मुसलमानहरुको ठूलो धर्म र स्वर्ग जाने श्रेष्ठ साधन हो । यिनीहरुले गाई र बाखाहरुलाई झुन्ड्याइकन कुर्बान गर्छन् । कसैले पशुलाई लगाई बाँधिकन बलि गर्छन् । यस प्रकार भिन्न-भिन्न मतवालाहरुको भिन्न-भिन्न धर्मभेदले भिन्न-भिन्न पशुबलि र भिन्न-भिन्न बलिका उपाय छन् ।

प्रश्न : के त यसतै पशुहरुको कुर्बान र बलिदान दिने स्वर्गको यहाँ वर्णन हुनेछ ?

उत्तरः होइन, कदापि होइन । यस्तो वीभत्स स्वर्गको यहाँ वर्णन हुँदैन । यहाँ त मनोरम आह्लादकारी स्वर्गको वर्णन हुनेछ । कसैको धर्म र स्वर्गविषयक खण्डनमण्डन पनि यहाँ हुनेछैन । यहाँ त स्वर्गविषयक विचार गर्नेबित्तिकै मनुष्यमात्रलाई आनन्द हुने, सुन्नेबित्तिकै आमोद-प्रमोद हुने, जानिसकेपछि त हृदयलाई आह्लाद हुने, मनलाई रमाइलो लाग्ने, चित्तलाई शान्ति, सन्तोषर प्रसन्नता हुने स्वर्गको वर्णन हुनेछ । यहाँ मार्नु र काट्नु तथा लडाइँ-झगडा विषयको कुरा हुने छैन । त्यसको स म्बन्ध सदा वर्जित छ । यहाँ त चारैतिर यथार्थ शान्ति र सुखको राज्य स्थापित हुनेछ ।

अब 'स्वर्ग' शब्दको व्युपत्ति तथा लक्षण र अर्थ प्रकाशित गरिनेछ ।

स्वरव्ययं स्वर्ग-नाक

(अमरकोष का. १, स्वर्गवर्ग श्लोक ६)

'सुष्ठु अर्ज्यते स्वर्गः ।' 'अर्ज अर्जने, (भ्या.प.से.) कर्माणि (३/३/१९) घञ् । ऋज्यतेऽस्मिन्निति वा 'ऋण गतिस्थानार्जनोपार्जनेषु' (भ्या.आ.से.) हलश्च (३/३/१२१) इति घञ् । न्यङक्कादित्वात् (७/३/५८) कृत्वम् ।'

(श्रीभानुजिदीक्षितकृत व्याख्यासुधा)

भावार्थः जुन राम्रो आचरणद्वारा धर्मरुप पुण्य उपार्जन अर्थात् जम्मा गरिनेछ, अथवा जसमा राम्रो रीतिले धर्मरुप पुण्य जम्मा हुनेछ, उसलाई स्वर्ग भन्दछन् । 'सु' उपसर्गपूर्वक 'अर्ज' अथतवा 'ऋज्' धातुले उपार्जन -जम्मा हुने अर्थमा 'घञ्' प्रत्यय गर्दा 'सु +अर्ज+अ तथा 'सु +ऋज्+अ' यस अवस्थामा यण् गुणादेश र कृत्व गरीकन 'स्वर्ग्+अ.स्वर्ग' शब्दको सिद्धि हुन्छ ।

अथवा स्वः सुखं गच्छति प्राप्नाति गम्यते प्राप्यते वा

स्वर्गः, स्व इत्यव्ययपूर्वकादगमेरौणादिको डः प्रत्ययः ।

अर्थात् जहाँ सुखको प्राप्ति हुन्छ, यसैको नाम स्वर्ग हो । 'स्व' यो सुखवाचक अव्ययपूवर्कक गम् धातुले औणदिक 'ड' प्रत्यय गर्दा 'स्वर्ग' शब्दको सिद्धि हुन्छ ।

यो स्वर्ग शब्दको दोस्रो अर्थ पनि यथार्थै हो, किनभने स्वर्गको पर्यायवाचक ९क्थलयलगFयगक० 'नाक' शब्द पनि हो । नाक शब्दको अर्थमा प्रमाण :

कं सुखम, तद्विरुद्धं अकं दुःखम्, नास्त्यकमल इति नाकः ।

न भ्रान्नपात् (६।३।७५) इति न लोपो न ।

(श्री भानुजिदीक्षितकृत सुधाव्याख्या ।)

भावार्थ : 'कम्' यो सुखको नाम हो, सुखको उल्टो अक-दुः, जहाँ दुःख छैन, उसलाई 'न+अकः . नाकः' भन्दछन्, अर्थात् स्वर्ग र नाक शब्द समानार्थवाची हुनाले समनार्थक शब्द हुन् ।

अब अभिप्राय यो निस्कियो कि :

जुन राम्रो आचरणद्वारा धर्मरुप पुण्य उपार्जन अर्थात् जम्मा गरिनेछ, अथवा जसमा राम्रो रीतिलपे धर्मरुप पुण्य जम्मा हुनेछ, अथवा जहाँ सुखको प्राप्ति हुन्छ, उसलाई 'स्वर्ग' भन्दछन् । यो 'स्वर्ग'को लक्षण भयो ।

प्रश्नः अहिलेसम्म स्वर्गको व्युपत्ति (आदिशब्दरुप) लक्षण र अर्थ मात्रै भयो । के स्वर्गको लक्षण र अर्थमा नै स्वर्गको समाप्ति हुन्छ? अथवा स्वर्गको द्वार पनि खुल्नेछ ?

उत्तर : अब स्वर्गको द्वार खोलिनेछ, सुन्नुहोस् :

यो गृहस्थाश्रम नै स्वर्ग हो, किनभने-

१. अपत्यं धर्मकार्याणि शुश्रुषा रतिरुत्तमा ।

दाधीनस्तथा स्वर्गं पितृणामत्यनश्चये ह ॥

(मनु. अ. ९ श्लो. २८)

भावार्थ : सन्तान, धर्मका काम, शुश्रुषा-सेवा, उत्तम रति तथा आफ्ना र पितरहरुको स्वर्ग यी सबै स्त्रीजनको अधीनमा छन् ।

यसमा कारण यो छ कि :

प्रजननार्थं महाभागाः पूजाहां गृहदीप्तयः ।

स्त्रियः श्रयश्च गेहेषु न विशेषोऽस्ति कश्चन ॥

(मनु. अ. ९ श्लो. २६)

भावार्थः अत्यन्त सौभाग्य गुणले युक्त भएकी, सत्कारयोग्या, घरको जाज्वल्यमान ज्योतिःस्वरुप स्त्रीजनहरु सन्तानको उत्पत्तिनिमित्त हुन्, स्वास्नीमानिस र श्री-लक्ष्मीमा केही भेद छैन, अर्थात् जो स्वास्नीमानिस हो त्यहीँ लक्ष्मीस्वरुप हो, जो लक्ष्मी हो, त्यही स्त्रीस्वरुप हो ।

अभिप्राय यो निस्क्यो कि सौन्दर्य युक्त भएकीलाई 'लक्ष्मी' भन्छन्, सौन्दर्यादि गुणले युक्त भएकी स्वास्नीमानिसहरु विशेषरुपले हुन्छिन्, अतएव मनुष्ययोनीमा सकल सुन्दरता र रमणीयताका खानी स्वास्नीमानिसहरु हुन् । यसै कारण सकल योनिमा भाले सुन्दर हुन्छनु, किन्तु मनुष्ययोनीमा स्त्रीजन नै पुरुषापेक्षया अधिक सौन्दर्यादि गुणयुक्त हुन्छिन् । सकल ऐश्वर्यको भोग अरु यज्ञ दान आदि धार्मिक शुभकर्महरुको अनुष्ठान गृहस्थाश्रममा नै हुन्छन्, अरु ब्रह्मचर्य सन्यासादि आश्रममा हुँदैनन् । यस कारण सुखको प्राप्ति र माथि लेखिएका स्वर्गको लक्षणानुसार यज्ञ, दान आदि धार्मिक शुभकर्मको अनुष्ठान गृहस्थाश्रममा हुनाले यस आश्रमलाई नै स्वर्ग भन्दछन् । यसैकारण माथि लेखिएको महाभारतको श्लोकहरुमा जति स्वर्गको विकल्प गिनाएका छन्, प्रायः ती सबै गृहस्थ आश्रममा व्यवहृत हुन्छन् । यथाः यज्ञ आदिका अनुष्ठान, सपत्नीक वानप्रस्थाश्रममा प्रवेश, राजधर्मको पालन, आत्माको चिन्तन, गुरु तथा मातापिताको सेवा, अहिंसा धर्म, सत्यभाषण, दुष्ट शत्रुहरुको मारण, उञ्छवृत्ति अर्थात् अल्पभोजनमा सन्तोष तथा वेद आदि सत्यशास्त्रहरुका पठनपाठन आदि प्रायः यी सबै अनुष्ठान गृहस्थ आश्रममा हुन सक्दछन्, यसै कारण गृहस्थाश्रम नै स्वर्ग हो ।

यस मनुस्मृतिमा श्लोकको पुष्टिमा अरु दुई शास्त्रहरुको पनि प्रमाण छ :

२. **अ) सद्दोवाच स्त्री वा एष यच्छ्री : ।**

(शतपथ का. ११। अ. ४।२२)

भावार्थ : स्त्रीजननै लक्ष्मीरुप हुन् ।

आ) पत्नी त्वमसि धर्मणाऽहं गृहपतिस्तव **।**

(अथर्व. का. १४, अनु.०१।सू०१।मं.५१)

भावार्थ : यहाँ पत्नीलाई धर्मपत्नी भनेको छ, धर्मपत्नी शब्दको निकासा यसै मन्त्रबाट भएको हो । प्रत्येक धर्मकार्यमा सहभागिता भएको हुनाले पत्नीलाई धर्मपत्नी भनेको हो ।

इ) मेना ग्ना इति स्त्रीणाम् मेन मानयन्त्येनाः ।

(निरुक्त, अ.३।पा. ४।ख. २१)

भावार्थ : स्त्रीजनहरुको नाम मेना यसकारण हो कि मानिसहरुले यिनीहरुको मान गर्छन्, रमणीयता र सौन्दर्यादि गुणले युक्त भएकी हुनाले स्त्रीजनको लक्ष्मी, धर्मपत्नी र मेना नाम परेका रहेछन् ।

(दाराधीनस्तथा स्वर्गः) यस प्रथम श्लोकमा भगवान् मनुजीले उपदेश दिएको छ कि सकल ऐश्वर्यको सुखभोग 'दाराधीन' हुन्छ, अर्थात् विवाहिता धर्मपत्नीको अधिकारमा हुन्छ, धर्मपत्नीको प्राप्ति गृहस्थाश्रममा हुन्छ, यसकारण सिद्ध भयो कि गृहस्थाश्रमलाई नै स्वर्ग भन्दछन् ।

अरु-अरु आश्रममा भन्दा गृहस्थाश्रमको उत्कर्ष हुनामा निम्नलिखित प्रमाण र कारण छन् :

३. यथा वायुं समाश्रित्य वर्त्तन्ते सर्वजन्तव :।

तथा गृहस्थमाश्रित्य वर्त्तन्ते सर्व आश्रमा :

(मनु. अ.९ । श्लो. ७७)

४. **यस्मान्त्रयोऽप्याश्रमिणो दानेनान्नेन चान्वहम् ।**

गृहस्थेनैव धार्यन्ते तस्माज्ज्येष्ठाश्रमो गृही ।

५. **स सन्धार्यः प्रयत्नेन स्वर्गमक्षयमिच्छता ।**

सुखं चेहेच्छतानित्यं योऽधार्यो दुर्बलेन्द्रियैः ॥

(मनु. अ.३ । श्लो. ७८-७९)

६. **सर्वेधामपि चैतेषां वेदस्मृतिविधानतः ।**

गृहस्थ उच्यते श्रेष्ठः स त्रीनेतान्बिभर्त्ति हि ॥

(मनु.)

७. **यथा नदीनदाः सर्वे सागरे यान्ति संस्थितिम् ।**

तथैवाश्रमिणः सर्वे गृहस्थे यान्ति संस्थितिम् ॥

(मनु. अ. ६ । श्लो. ९०)

भावार्थ : जस्तो सकल जीवजन्तु, प्राणधारीहरु वायुको आधारमा हुन्छन्, उस्तै सकल अन्य ब्रह्मचार्याश्रमादि गृहस्थको आश्रममा हुन्छन् ॥३॥

गृहस्थहरुले नै सुवर्णादिको दानले र अन्न आदिले ब्रह्मचर्य, वानप्रस्थ तथा संन्यास यी तीनौँ आश्रमीहरुलाई धारण गरिरहेका छन्, यसकारण अन्य आश्रमापेक्षाले गृहस्थाश्रम ज्येष्ठ अर्थात् श्रेष्ठ छ ॥४॥

इहलोक र परलोकमा अक्षय स्वर्गको चाहना गर्ने मनुष्यले ठुलो प्रयत्नद्वारा यस गृहस्थाश्रमलाई धारण गर्नुपर्दछ, किनभने दुर्बलेन्द्रिय निर्बल पुरुषले यस गृहस्थाश्रमलाईी धारण गर्न सक्तैन ॥५॥

वेद र स्मृतिहरुको प्रमाणले सिद्ध हुन्छ कि ब्रह्मचर्य आदि आश्रमको अपेक्षा गृहस्थाश्रम श्रेष्ठ छ । किनभने गृहस्थ आश्रम अन्य तीनौ आश्रमलाई पालन गर्छ ॥६॥

जस्तो सकल नदी-खोला आदि समुद्रमा गईकन मात्रै स्थिर हुन्छन्, त्यसै गरी अन्य ब्रह्मचर्य आदि आश्रम गृहस्थमा स्थिर हुन्छन् ॥७॥

अब तल लेखिएका प्रमाणबाट सिद्ध हुन्छ कि सफल उत्तम धार्मिक काममा धर्मपत्नी सहायिका हुन्छिन् :

१. सर्वेषु धर्मकार्येषु पत्नी दक्षिणतो भवेत् ।

(संस्कार रत्नमाला, ८१, पृ. १३)

अर्थ : सबै धार्मिक कामहरुमा धर्मपत्नी पतिको दाहिनेतिर हुनुपर्छ ।

२. धर्मार्थकमसंसिद्धौ भार्या भर्तृसहायिनी ।

(मार्कण्डेय पुराण, अ. २१/६८)

अर्थ : धर्म, अर्थ र कामहरुको सिद्धिमा भार्या पतिकी सहायिका हुन्छिन् ।

३. **भार्याहीन गृहस्थस्य शून्यमेव गृहं भवेत् ।**

न गृहं गृहमित्याहुर्गृहिणीहीनमरण्यसदृशं मतम् ॥

(महभारत शान्तिप., अ. १४४/श्लो.५-६)

अर्थ : भार्याहीन घर शून्यजस्तो हुन्छ। ईंट, ढुंगा र माटोले बनेका घरलाई घर-दरबार भन्दैनन्, धर्मपत्नी नै घर-दरबार हो, धर्मपत्नीरहित घर वन-जङ्गलजस्तै हुन्छ।

४. भार्या धर्मफलावाप्त्यै भार्या सन्तानबृद्धये।

(शिवपुराण २ रु.प., ख. ३। आ५४-६४)

अर्थ : धर्मफलको प्राप्ति गर्नलाई र सन्तानको वृद्धिका निमित्त भार्याले आवश्यकता हुन्छ।

५. नास्ति भार्यासमं तीर्थं धर्मसाधनहेतवे।

(पद्मपुराण भूमिख. २। अ. ६१-२२)

अर्थ : धर्मको सिद्धि गर्नका निमित्त भार्यासमान अर्को तीर्थ हुँदैन।

६. भार्या मूलं त्रिवर्गस्य भार्या मूल तरिष्यतः।

७. पितरो धर्मकार्येषु भवन्त्यार्त्तस्य मातर :।

सुसंरब्धोऽपिं रामाणं न कुर्यादप्रियं नर :।

८. रतिं प्रीतिञ्च धर्मञ्च तास्वायत्तमवेक्ष्य हि।

(महाभारत आदिप., अ. ७४। श्लो.४१,४२-५१)

अर्थः धर्म, अर्थ र कामको मूल भार्या नै हो, तथा संसार सागरबाट पार हुनेहरुलाई भार्याको अत्यन्त आवश्यकता हुन्छ।

स्वास्नीमानिसहरु धर्मको काममा पिताको तुल्य तथा दुःख हुने बेलामा माताको तुल्य हुन्छिन्।

अत्यन्त रिस उठ्ने बेलामा पनि नारीहरुलाई अप्रिय लाग्ने काम नगरुन्, किनभने काम, प्रसन्नता तथा धर्म स्त्रीजनहरुका अधिकारमा हुन्छन्।

८. धर्मार्थकामकालेषु भार्या पुंसः सहायिनी।

विदेशगमने चास्य सैव विश्वासकारिका॥

१०. नास्ति भार्यासमो बन्धुर्नास्ति भार्यासमा गतिः।

नास्ति भार्यासमो लोके सहायो धर्मसंग्रहे॥

(पद्मपुराण, भूमिख. २। अ. ६१। श्लो.२१, ३३)

अर्थः मानिसहस्को ठुलो व्रत, धर्मको काम र अरुअरु सबै पुण्य हुने काम धर्मपत्नीबिना सिद्ध हुँदैनन्।

यसैकारण मानिसहरुको धर्म धर्मपत्नीबिना सिद्ध हुँदैन किनभने भार्याबिना जो धर्मको अनुष्ठान हुन्छ, त्यो विफल भएर जान्छ, अर्थात् त्यो धर्म फाप्दैन। यसैकारण नेवारजातिमा धर्मसम्बन्धी जे काम गर्न परोस् तापनि त्यस-त्यस कुलका अवस्थामा उच्च स्वास्नीमानिस (थकाली नकीं) को आवश्यकता हुने चलन चलेको रहेछ। अनेक शास्त्रहरुको प्रमाणद्वारा यति सिद्ध भयो कि धर्मपत्नीबिना थालेको धर्मकार्य निष्फल भएर जान्छ। जसको सहायताले सकल मनोरथ पूर्ण हुन्छन्, जसको सहायताले अनेक सुखभोग हुन्छन्, त्यस्ती भार्यारुप सहायिका गृहस्थाश्रममा मात्रै पाइन्छ। यसकारण गृहस्थाश्रम अरु आश्रमभन्दा ठूलो र महत्वको रहेछ।

अब तल लेखिएका अनेक शास्त्रका प्रमाणबाट यो सिद्ध हुन्छ कि धर्मपत्नी मनुष्यका आधा भाग हुन्छिन् । यसै कारणले नारीहरुलाई वामाङ्गी भन्दछन् । वामाङ्ग- आधा भागबिना थालेको काम अपूर्ण र निस्फल हुने कारण देखाइने छन् ।

१. अर्द्धो वा एष आत्मनो यत् पत्नी ।

(तैतिरीय ब्रा., का.३ ।प्रा३।अनु. ४)

अर्थ : आत्माको अर्थात् शरीरको आधा भाग पत्नी हो । यसैकारण स्वास्नीमानिसलाई वामाङ्गी भन्दछन् ।

२. **स हैतावानास यथा स्त्रीपुमांसौ संपरिवक्तौ**

स इममेवात्मानं द्वेधाऽपातयात्ततः पतिश्च पत्नी चाभवताम् ।

(बृहदारण्य., अ. १। ब्रह्म. ४।३)

अर्थ : त्यो परमेश्वर त्यस्तो थियो जस्तो स्त्री-पुरुष दुवै मिलेको । त्यो परमेश्वरले यसै आत्मालाई दुई भागमा विभक्त गरे, अनि पति र पत्नी भए ।

३. **यावन्न विन्दते जायां तावदर्द्धो भवेत्पुमान् ।**

(व्याससंहिता, अ. २)

अर्थ : जबसम्म पुरुषले स्त्रीरत्नको लाभ गर्दैन, त्यसबेलासम्म त्यो मान्छे आधा मात्रै छ ।

४. अर्द्धं भार्या मनुष्यस्य भार्या श्रेष्ठतमः सखा ।

(महा, आदि, अ. ७४। श्लो. ४१)

अर्थ : भार्या मनुष्यको आधा भाग हो, भार्या नै अत्यन्त उत्तम मित्र हुन्छिन् ।

५. अर्द्धकाया नृणां तास्ताः पृथक् धर्मादिना स्त्रियः।

(बृहत्पराशरसंहिता, अ. ४)

अर्थ : धर्म आदि कारणले मानिसहरुको आधा शरीर स्त्रीरुपले पृथक छ ।

६. असर्वी हि तावद्भवति यावज्जायां न विन्दते ।

(पारस्कर गृह्यसूत्र, का. १। कर्क भाष्य पृ. १३)

अर्थ : जबसम्म पुरुषको विवाह हुँदैन, तबसम्म त्यो पुरुष असर्व अर्थात् अपूर्ण हुन्छ ।

७. **अपि वा त्वयाद्य न समग्रजितः**

प्रथिताग्रणीर्मम पतिर्यदहम् ।

वपुरर्द्धमस्य न जितं मतिनम् ।

अपि मां विजित्य कुरु शिष्यमिमम् ।

(शङ्करदिग्विजय, सर्ग ९। श्लो. ५६)

श्री शङ्कराचार्यजीको पं. मण्डनमिश्रसित शास्त्रार्थ हुँदा पं. मण्डनमिश्रजी पराजित भए । पण्डितजीकी धर्मपत्नी मध्यस्था थिइन्, पतिको पराजित हुने बेलामा पण्डितजीकी धर्मपत्नी सरस्वती देवीजीले शङ्कराचार्यलाई भनिन्कि- तपाईले मेरो पतिलाई समग्र जित्नुभएको छैन, आधा भाग मात्रै

जितिसक्नुभएको छ, आधा भाग जितेको छैन । अवशिष्ट आधा भाग पनि जितीकन मलाई शिष्या बनाउनुहोस् ।

अनेक शास्त्रहरुका प्रमाणबाट यो सिद्ध भयो कि पत्नीरहित पति आधा मात्रै हो, जबसम्म समग्र शक्तिले केही काम गर्दैन, त्यो काम सिद्ध हुँदैन । अर्थात् आधा भागले अर्द्धशक्तिले, केवल एक हातले गरेको काम सिद्ध हुँदैन, निष्फल भएर जान्छ । यसकारण इहत्र र परत्रका निमित्त समग्र ऐश्वर्य सुखको प्राप्ति गर्नलाई सबै आश्रमभन्दा श्रेष्ठ गृहस्थाश्रममा प्रवेश हुनुपर्छ ।

अब तल लेखिएका पुत्रवाचक शब्दले र अन्य शास्त्रका प्रमााणले के सिद्ध हुन्छ कि पुत्रबिना मनुष्य नरकमा खस्छन् । पुत्रहीन पुरुषहरु स्वर्गका अधिकारी हुँदैनन्, तिनीहरु नरकसागर तर्न सक्दैनन्, किनभने,

१. **अपत्यं कस्मात्-अपततं भवति नानेन पततीति वा ।**

(निरुक्त, अ. ३ । पा. १।ख. १)

अर्थ : अपत्य नाम सन्तानको किन भयो ? उत्तर : नखस्नाले अर्थात् अपत्य (सन्तान) को जन्म हुँदा पिताहरु नरकमा खस्दैनन् ।

२. **पुन्नरकं ततस्त्रायत इति वा ।**

अर्थः 'पुत्' नरकको नाम हो, नरकबाट रक्षा गर्नाले सन्तानको नाम 'पुत्+त्र.पुत्र' भएको हो ।

३. **बीजम् - वेति प्रजायते गच्छत्यनेनातृण्यं पितेति वा ।**

४. **तुक्- गच्छत्येनन पितृलोकं पिता, गच्छत्यनेनानृण्यं पितृभ्यं इति वा ।**

(निघण्टुव्याख्या देवराजयज्वाकृत)

अर्थः सन्तानको नाम बीज यसकारण हो कि त्यो बीज फलेर आउँछ, त्यो बीजको उत्पत्तिबाट पिता अनृण्य अर्थात् ऋणबाट उन्मुक्त हुन्छन् । सन्तानको नाम तुक् पनि हो, यसबाट पिता पितृलोकमा पुग्छन्, अथवा पितरहरु ऋणबाट छुट्छन् ।

५. **अयं मनुष्यलोकः पुत्रेणैव जøयो नान्येन कर्मणा**
स यद्यनेन किञ्चिदक्ष्ण्या कृतं भवति तस्मादेनं
सर्वस्मात्पुत्रो मुञ्चति, तस्मात्पुत्रो नाम,
स पुत्रेणैवास्मिन्लोके प्रतितिक्ष्ठिति ।

(शतपथ, का. १४।४।३)

अर्थ : यो मनुष्यलोक पुत्रबाट नै विजित हुन्छ, अन्य कर्मबाट हुँदैन । पिता आदिले इन्द्रियहरुबाट जो पाप गर्छन्, सबै पापबाट पुत्रले मोचन गराइदिन्छ, यसै निमित्त सन्तानको नाम पुत्र भएकाने हो । यस लोकमा पिताहरुको प्रतिष्ठा पुत्रबाट नै हुन्छ ।

६. **शाश्वत् पुत्रेण पितरोऽत्यायन् बहुलं तमः**
आत्मा हि जज्ञे आत्मनः स इरावत्यतितारिणी ॥

(ऐ. ब्रा. पा. ७ अ. ३ । ख. १)

अर्थ : उत्पन्न भएका पुत्रद्वारा पिताहरु प्रगाढ अन्धकारबाट पार हुन्छन्, किनभने आत्माबाट नै आत्माको उत्पत्ति हुन्छ, पुत्रलाई 'आत्मा' पनि भन्दछन् । आत्मा वै पुत्र नामासि यस्तो पनि प्रमाण छ । सबै प्रकारका दुःखका तारक पुत्र हुन्छन् ।

७. पुदिति नरकस्याख्या दुःखञ्च नरकं विदुः ।

पुदिति त्राणत्ततः पुत्रमिहेच्छन्ति परत्र च ॥

(बौद्धायन. गृ.सू. परिभाषा प्र. १। अ. २)

अर्थ : 'पुत्' यो नरकको नाम हो, नरक भनेको दुःख नै हो, त्यस्तो दुःखरुप नरकबाट रक्षा गर्नाले सन्तानको नाम पुत्र हुन्छ, यस्ता पुत्रलाई यस लोक र परलोकमा सबैले चाहना गर्छन् ।

८. पुन्नाम्नो नरकद्यस्मात्त्रायते पितरं सुतः ।

तस्मात्पुत्र इति प्रोक्तः स्वयमेव स्वयंभूवाः ॥

(मनु. अ. ९। १३८)

अर्थ स्पष्ट छ ।

९. पुत्रेण प्राप्यते स्वर्गो जातमात्रेण तु ध्रुवम् ।

तस्मादिच्छन्ति सर्वेऽपि पशवोपि वयांसि च ॥

(बृहत्पाराशरसंहिता अ. ४)

अर्थ : पुत्रको जन्म हुँदैमा पितालाई स्वर्गको प्राप्ति हुन्छ, यसकारण पशु-पंक्षी आदि पनि पुत्रको चाहना गर्छन् ।

१०. पुत्रेण लोकाञ्जयति पौत्रेणानन्त्यमश्नुते ।

अथ पौत्रस्य पुत्रेण मोदन्ते प्रपितामहाः ॥

(महाभा. आदि. अ. ७४।३८)

अर्थ : पुत्रद्वारा पिताले लोकहरुलाई जित्छन्, नातिद्वारा अनन्त्य सुख प्राप्त गर्छन्, पनातिहरुबाट त बाजे-बराज्यूहरु आनन्दित हुन्छन् ।

११. अ- पुत्रौ लोकञ्जयति पुत्रस्तारयते सुतम् ।

(पद्मपु. भूमिखण्ड २। अ. १२)

आ- पुत्रौ प्रसय च कुलं स्वकं पावय पावने ।

(पद्मपु. पातालखण्ड ४। अ. ४र४०)

इ - स्ववंश तारकं पुत्रं दिव्यलक्षणसंयुतम् ।

(पद्मपु. भूमिखण्ड २। अ. १९।५)

अर्थ : स्पष्टै छ । यस प्रकार अरु दुई शास्त्रहरुको अनुमोदन र समर्थन पुरणले पनि गर्छ ।

यी अनेक शास्त्रहरुको प्रमाणद्वारा यो सिद्ध भयो कि दुःखरुप नरकबाट रक्ष ागर्ने पुत्र हुन्छ, त्यस पुत्रको प्राप्ति गृहस्थाश्रमबाहेक अन्य आश्रममा पाउँदैन, पुत्रले दुःखबाट मात्रै रक्षा गर्दैन, किन्तु (९) पुत्रेण प्राप्यते स्वर्गो जातमात्रेण तु ध्रुवम् यस प्रमाणले स्वर्गको पनि प्राप्ति हुन्छ, दुःखबाट

रक्षा गरी स्वर्गलाई प्राप्त गराउने पुत्रको प्राप्ति गृहस्थाश्रममा मात्रै हुन्छ, अतएव यस आश्रममा प्रवेश गर्नु नै स्वर्गसुख प्राप्त गर्नु हो ।

प्रश्नः श्रीशङ्कराचार्यजीले एक स्थानमा भन्नुभएको थियो किः

१. द्वारं किमेकं नरकस्य ? नारी ।

अर्थ : नरकको विशेष द्वार (फाटक) के हो ? यस प्रश्नको उत्तर दिए कि नारी अर्थात् फाटक नारी- स्वास्नीमानिस हो ।

२. अर्थकामेष्वसक्तानां धर्मज्ञानं विधीयते ।

धर्मं जिज्ञासामानानां प्रमाणं परमं श्रुति : ॥

(मनु.)

रुपियाँ पैसामा र विषयवासनामा आसक्त नहुने मानिसहरुलाई मात्रै धर्मज्ञानको विधि हुन्छ, धर्मको जिज्ञासा हुनेहरुलाई वेद प्रमाण छन् ।

श्री शङ्कराचार्यको प्रमाणले यो सिद्ध हुन्छ कि गृहस्थाश्रममा प्रवेश हुनु त नरकद्वारमा प्रवेश गर्नुजस्तै हो । मनुस्मृतिको प्रमाणले यो सिद्ध हुन्छ कि रुपियाँ पैसाको काम विशेष रुपले गृहस्थमा नै हुन्छ, तथा विषय, वासनाविषयक विचार पनि त्यही आश्रममा हुन्छ । जब रुपियाँ पैसामा र विषय वासनामा फस्नेहरुलाई धर्मज्ञानको आज्ञा छैन तब त गृहस्थमा फस्नु नरकसागरमा डुब्नुजस्तै भयो भने गृहस्थाश्रम कसरी स्वर्ग ठहर्छ ? प्रत्युत पूर्वव्याख्यान गरेका शास्त्रहरुको प्रमाणमा र यी दुवै प्रमाणमा परस्पर विरोध सिद्ध हुन्छ । फेरि पनिः

३. **भोगैश्वर्यप्रसक्तानां तयाऽपहुवचेतसाम् ।**

व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ॥

(गीता अ. २।४४)

अर्थ : जुन मानिसको मन सदा आनन्दित भोग र ऐश्वर्यमा फसिरहेको हुन्छ, यस्ता मानिसहरुको निश्चयात्मिका बुद्धि समाधिमा अर्थात् योगको ध्यानमा काम लाग्दैन ।

यस गीताको प्रमाणले पनि यही निश्चय हुन्छ कि सुखभोग ऐश्वर्यमा फस्ने गृहस्थीहरुको बुद्धि बेकाम हुन्छ भने गृहस्थाश्रम स्वर्ग हो भनी कसरी सिद्ध हुन्छ ?

एवं दत्तात्रेयजीले पनि स्पष्ट भनेका छन् कि-

४. **कर्मणा मनसा वाचा त्यज तां मृगलोचनाम् ।**

न ते स्वर्गोऽपवर्गो वा सानन्दं हृदयं यदि ।

भावार्थ : यदि स्वस्थ र आनन्द हुने इच्छा छ भने मन, वचन र कर्मले स्त्रीलाई छोडिदिनुपर्छ । किनभने स्वर्ग र मोक्षका प्राप्तिमा ती बाधिका हुन् । इत्यादि अनेक निन्दापरक वचन छन् एवं अनेक अन्यान्य विद्वानहरुले पनि स्त्रीजातिका धेरै निन्दा गरेका छन् ।

यी अनेक विद्वानहरुका प्रमाणले पनि यही सिद्ध हुन्छ कि स्त्रीजाति नै स्वर्ग र मोक्षका बाधिका हुन् । यसकारण स्त्रीको विशेष सम्बन्ध हुने गृहस्थाश्रम स्वर्ग कसरी ठहर्छ ?

उत्तर : श्रीशङ्कराचार्यजीको वचन ब्रह्मचर्याश्रम र संन्यास आश्रमका निमित्त हो, यी दुवै आश्रममा स्त्रीहरुको स्पर्शन, चिन्तन र मनन आदि वास्तवमा नरकदायक हुन्छन्, दुवै आश्रममा स्त्रीसम्बन्ध

नितान्त वर्जित गर्नाले नै ब्रह्मचर्यव्रत र संन्यासव्रत निभ्छन्, यी दुवै आश्रमका निमित्त त यो वचन ठिकै छ, किन्तु यो वाचन गृहस्थाश्रममा लाग्दैन । जस्तो यो वचन छ कि परद्रव्येषु लोष्ठयत् अर्थात् अर्काको धनलाई माटोको डल्ला सम्झी त्यसमा लोभ नगर्नु, यस वचनको लोभ नगर्नामा मात्रै तात्पर्य छ किन्तु यस वचनको यो अभिप्राय होइन कि अर्काको धन साँच्चै नै माटोको डल्ला हुन्छ । त्यस्तै यहाँ शङ्कराचार्यजीको अभिप्राय छ कि ब्रह्मचर्य र सन्यास आश्रममा नारीलाई नरकद्वार तुल्य सम्झी उतातिर व्रतभङ्गभयले नझुक्नु, किन्तु यथार्थमा नारी नरकद्वार हो, यो कुरा साँचो होइन । मनुस्मृतिको विषयमा यो उत्तर छ कि मानिस लोभी-लालची भईकन जति पाओस् तापनि असन्तोषी भई विषयवासनारुप भोगमा नै रातदिन फसिरहन्छ । यस्ता धनलोलुप र विषयभोगलम्पटलाई धर्मज्ञानको विधान नभएको हो, कारण कि कुनै धर्मात्मा विद्वानले यस्ता लोभीहरुलाई धर्मज्ञान गराओस् तापनि व्यर्थ जान्छ, उन्मत्त राँगोको अगाडि सितार बजाएका जस्तै झन् तिनीहरुले रिस गर्लान् । यसकारण जो लोभलालचमा फस्दैनन्, तिनीहरुलाई मात्रै भगवान् मनुले धर्मज्ञानको विधान गरेका छन् । लोभी र विषयलम्पटहरुलाई लाग्नुपर्ने नियम धार्मिक गृहस्थीलाई पनि लगाउनु उचित छैन । किनभने सबै गृहस्थी त धनलोलुप र विषयलम्पट हुँदैनन् । यसकारण गृहस्थाश्रममा यो दोष लाग्दैन, यो उत्तर गीताको वचनमा पनि समानै छ, अर्थात् सर्वथा विषयभोगीहरु योगी हुन सक्दैनन्, यो त ठीकै छ, किन्तु जो धार्मिक गृहस्थी लोकाचार रुपले र सन्तानको कामनाले आवश्यक लौकिक विषयभोग गर्छन् तिनीहरु धर्मज्ञानको अधिकारी किन नहुने ?

संसारलाई उद्धार गर्ने मर्यादा पुरुषोत्तम भगवान् राम, कृष्ण तथा सर्वशास्त्रहरुका निर्माण गर्ने वशिष्ठ, कणाद्, गौतम, व्यास आदि महर्षिहरुलाई जन्म दिने त स्त्रीजनहरु नै थिए, यसकारण एक पक्षको मात्रै समर्थन गर्ने हुनाले सार्वजनिक रुपले यी वचनहरु प्रमाणयोग्य होइनन् ।

प्रश्नः हामीहरुले त सनातनकालदेखि सुनिआएका छौँ कि स्वर्गमा देवताहरु निवास गर्दछन्, त्यहाँ देवताहरुका राजा इन्द्रको शासन हुन्छ । देवराज इन्द्रकी धर्मपत्नी इन्द्राणी हुन् । तपाईंले गृहस्थाश्रमलाई स्वर्ग भन्नुभयो । यी दुई प्रकारका स्वर्गमा कुनलाई स्वर्ग मान्ने हो ?

उत्तर : सनातनकालदेखि सुनिआएको यो कुरा त साँच्चै हो, तर अलि बुद्धि पुगेन । बुद्धिले काम लियौ भने केही सन्देह हुँदैन । सुन्नुहोस्- स्वर्गको सर्वस्व, यो गृहस्थाश्रम नै स्वर्ग हो । यस संसारमा जति विद्वानहरु हुन्छन् सबै श्रेष्ठ दिव्य गुणयुक्त हुनाले देवता हुन्, जस्तो ब्राह्मणदेवता । ब्राह्मणलाई देवता भनेको यही कारण हो कि ब्राह्मणहरु अरु दुई जाति भन्दा विद्वान हुन्छन् । यसैकारण हाम्रा सत्यशास्त्रहरुमा लेखिएका छन् :

विद्वांसो हि देवाः ।

अर्थात् विद्वानहरु नै देवस्वरुप हुन् । यस गृहस्थाश्रमरुप स्वर्गमा देवराज इन्द्रको शासन हुन्छ । गृहस्थरुप राज्यलाई शासन गर्ने विद्वानहरुमा श्रेष्ठ गृहपतिको नाम देवराज इन्द हो । इन्द्रको शब्दार्थ यही हो कि इदि परमेश्वर्ये । यस धातुले इन्द्र शब्द सिद्ध हुन्छ ।

य इन्दति विद्याश्रीसम्पत्यादिभिः

परमैश्वर्यवान् भवति सोऽयमिन्द्रः ।

परम ऐश्वर्यवान् अर्थात् श्रीसम्पत्तिले युक्त भएकाहरुलाई इन्द्र भन्दछन् । श्रेष्ठ विद्या तथा ऐश्वर्यधन आदि सम्पत्तिरुप लक्ष्मीका मालिक हुनाले त्यस गृहपतिको नाम इन्द्र हो, यसैकारण यही अर्थलाई लिईकन वेदमा विवाहित पतिलाई इन्द्र शब्दको प्रयोग अनेक ठाउँमा भएको छ । त्यस गृहस्थरुप स्वर्गराज्यका गृहपति इन्द्रकी धर्मपत्नी नै लक्ष्मीस्वरुप इन्द्राणी हो । धेरै शोभा, सौन्दर्य, ऐश्वर्य तथा

सुशीलता आदि गुणले युक्त भएकीलाई इन्द्राणी भन्दछन् । शोभा, सौन्दर्य, गुण स्त्रीमा नै विशेष रुपले हुन्छ । माथि लेखिआएँ कि:

स्त्रियः श्रियश्च गेहेषु न विशेषोऽस्ति कश्चन ।

(मनु. अ. ९। २६)

अर्थात् घरकी देवी स्त्री र श्री लक्ष्मीमा केही भेद छैन । स्त्री लक्ष्मीरुप हो, लक्ष्मी नै स्त्रीरुप हो ।

विवाहित पतिपत्नीहरु हो ! हामीहरु अशिक्षित भई अज्ञानासागरमा खसिरहेका छौं, जस्तो कस्तूरी मृग आफ्नै शरीरबाट निस्केको कस्तुरीको सुगन्ध सुँधी त्यो सुगन्ध कताबाट निस्केको हो यो नजानीकन सुगन्ध खोज्नलाई यताउता दगुर्छन्, त्यस्तै हामीहरु पनि अशिक्षित भएका हुनाले आफ्नै घरमा स्वर्ग भए तापनि अन्य ठाउँमा स्वर्ग खोज्दछौं ।

अन्य ठाउँमा गई स्वर्गलाई खोज्नुपर्दैन, यो गृहस्थाश्रम नै सुन्दर स्वर्ग हो ।

यो त निर्विवाद सिद्ध छ कि स्वर्गम बास गर्ने इन्द्र-इन्द्राणीहरु पनि गृहस्थ नै थिए । यसले पनि यही सिद्ध हुन्छ कि देवराज इन्द्र-इन्द्राणी पनि गार्हस्थ स्वर्गीय जीवन व्यतित गर्दथे । गृहस्थाश्रमरुप स्वर्गराज्यको मालिक गृहपति इन्द्र हो । गृहस्थ स्वर्गराज्यका अधिपति इन्द्रकी धर्मपत्नी नै इन्द्राणी हो, यी धर्मपत्नी नै गृहस्वरुप सुन्दर स्वर्गको रमणीय दरबार हो । अघि लेखिआएँ कि:

न गृहं गृहमित्याहुर्गृहिणी गृहमुच्यते ।

(महाभारत शान्ति. अ. १४४।६)

अर्थात् माटो, ढुङ्गा, ईंटा आीदले बनाएका घरलाई घर-दरबार भनिंदैन, किन्तु सुन्दरी गृहिणीलाई नै विद्वानहरुले घर-दरबार भनेका छन् । यी विदुषी, सुन्दरी रमणीले जङ्गललाई पनि मङ्गल गरिदिन्छन्, यसैको नाम यथार्थ स्वर्गको दरबार हो ।

प्रश्नः शोभा-सौन्दर्य आदि गुणले युक्त हुनाले विवाहित पतिपत्नीलाई इन्द्र-इन्द्राणी तुल्याउनुभयो, किन्तु जुन विवाहित पतिपत्नीहरु शिक्षित भए तापनि सौन्दर्य आीद गुणरहित कुरुप हुन्छन् तिनीहरुलाई कसरी इन्द्र-इन्द्राणी तुल्याउनुहुन्छ ?

उत्तरः यहाँ शोभा-सौन्दर्यको अभिप्राय केवल शरीरको बाह्य सुन्दरता मात्रै होइन, किन्तु यहाँ शोभा-सौन्दर्यको अर्को पनि अभिप्राय छ, जो विवाहिता पत्नी कुरुपा भए तापनि पतिपरायण पतिव्रता हुन्छिन् भन्ने त्यस रमणीका पतिव्रत रुप नै शरीरसम्बन्धी रुपभन्दा अति श्रेष्ठ छ, एवं जो विवाहित पुरुष कुरुप भए तापनि विद्या आदि गुणयुक्त रहेछ भने यस्ता पुरुषको रुप विद्या नै हो, यसैकारण महर्षि चाणक्यले भनेका छन् कि :

कोकिलानां स्वरो रुपं नारीरुपं पतिव्रता ।

विद्यारुपं कुरुपाणां क्षमारुपं तपस्विनाम् ॥

अर्थ स्पष्टै छ । यसकारण विद्याविनयसम्पन्न पुरुष तथा पतिव्रता आनिद गुणयुक्त भएकी पत्नी पनि यस्ता अपूर्व गुणले शोभित भएको हुनाले यिनीहरु इन्द्र-इन्द्राणीजस्तै शोभायमान् हुन्छन् ।

प्रश्न : लौ, यो सौन्दर्य रुप त यसरी घट्यो, किन्तु इन्द्र-इन्द्राणीको अर्थमा तपाईंले परम ऐश्वर्यवान् श्रीसम्पत्तिले युक्त पतिपत्नी हुनुपर्छ भन्नुभयो । यदि विद्याविनयसम्पन्न तथा पतिव्रता आदि गुणयुक्त पति-पत्नी गरिब छन् भने फेरि पनि त यी गरिब पति-पत्नीहरुमा इन्द्र-इन्द्राणी अर्थ घटेन, यी गरिबहरुले कसरी स्वर्गीय सुखको अनुभव गर्न सक्लान् ? जहाँ कङ्गाल उहाँ सदा प्रकारको जन्जाल । यो उखान प्रसिद्धै छ ।

उत्तर : श्रीसम्पत्तिको अर्थ रुपियाँ, पैसा, सुन, चाँदी मात्रै होइन, ऋषि-महर्षिहरुले विद्यालाई नै सबभन्दा ठूलो धन गिनाएका छन्, रुपियाँ पैसा आदि खर्च गऱ्यो भने समाप्त हुन थाल्छ, किन्तु विद्याधन जति खर्च गरे तापनि झन् बढेर आउँछ । यसैकारण भर्तृहरिले लेखेका छन् कि :

व्यये कृते वर्द्धत एव नित्यं विद्याधनं सर्वधनप्रधानम् ।

जुनसित यस्तो श्रेष्ठ विद्याधन छ, के ती विद्वानहरु पनि गरिब कङ्गाल हुन्छन् ? यदि यी विद्वान पतिपत्नीहरु रुपियाँ पैसाले सम्पूर्ण तथा शरीरमा पनि सुन्दर छन् भने त सुनमाथि सुगन्ध नै हुन्छ, यस्तनालाई सबै ठाउँमा स्वर्गैस्वर्ग रहन्छ ।

इतिस्वर्गनिरुपणन्नाम प्रथमाध्यायः

अथ स्वर्गद्वारबाधको द्वितीयाध्यायः

स्वर्गको व्युत्पत्ति र लक्षण विद्वानहरुको सम्मत्यनुसार गरिसकें । यथार्थमा स्वर्ग गृहस्थाश्रम नै हो । यस विषयमा विस्तरशः व्याख्यान पनि अनेक शास्त्रको प्रमाणद्वारा भइसक्यो । यस संसारमा पत्नीरहित पुरुष अपूर्ण हुन्छन् । स्त्री लक्ष्मीरुप हो । लक्ष्मी नै स्त्रीरुप हो । एवं वंशलाई उन्नत गर्ने तथा स्वर्गलाई प्राप्त गराउने पुत्र नै हुन्छन्, यो दुवै स्त्रीरत्न र पुत्ररत्नको प्राप्ति गृहस्थाश्रममा नै हुन्छन् । यसैकारण गृहस्थलाई स्वर्ग भनेको हो । यस विषयमा विचार पनि विस्ताररुपले प्रथमाध्यायमा गरिसकें ।

अब यो द्वितीयाध्यायमा यस विषयक विचार हुनेछ कि स्वर्गरुप गृहस्थाश्रममा प्रवेश गरोस् तापनि स्वर्गीय यथार्थ सुख किन प्राप्त नभएको ? अर्थात् गृहस्थाश्रममा प्रवेश भइसकेपछि किन स्वर्गको द्वार नखुलेको ?

केही काम गर्दा सफलता नहुनेमा न्यायदर्शनकार ९ब्गतजयच या तजभ यिनष्अ० महर्षि गोतमाचार्यजीले न्यायदर्शन ९ीयनष्अ एजषयिकउउजथ० मा लेखेका छन् कि :

न कर्मकर्तृसाधनवैगुण्यात् ।

(न्याय. अ.२आ. २।५७)

अर्थ : केही काम गर्दा सफल नहुने कारण यो हो कि त्यो काम उचित रीति अथवा विधिबाट भएन,अथवा कार्यकर्ता अनुभवी नभएको कारणले अथवा साधन-सामग्रीहरु ठीक नहुनाले कार्य सिद्ध नभएको हो । यही उत्तर यहाँ पनि पनि सम्झनुपर्दछ , अर्थात् स्वर्गप्राप्ति निमित्त गृहस्थाश्रममा प्रवेश गरे तापनि स्वर्गप्राप्ति नहुने कारण यही हुन् कि विवाह उचित विधिबाट भएको रहेनछ । अथवा विधि ठीक भए तापनि साधन ठीक भएन अथवा विवाहित पति-पत्नी नै अवस्थाको न्यूनाधिकले अथवा अस्वस्थता आदि कारणले अयोग्य थिए इत्यादि ।

अब स्वर्गको फाटक खुल्नमा जो बाधक छन् तिनीहरुको विचार यस द्वितीय अध्यायमा हुनेछ । स्वर्गको फाटक खुल्नामा निम्नलिखित बाधक छन् :

१. बालविवाह २. वृद्धविवाह अथवा अनमेल विवाह ३. बहुविवाह

४. अस्वयम्बरविवाह ५. कुटुम्बविवाह ।

१. प्रथम बालविवाह के हो ? यसको विचार गर्छु । 'बालविवाह' यस पदमा बाल, विवाह दुई वाक्य छन् ।अब यी दुवै शब्दको विषयमा कोषहरुबाट अर्थ गरिने छ :

अ) बालोऽज्ञेश्वेभपुच्छयो : शिशौ (हेमकोष)

आ) मूर्खेऽर्भकेऽपि बालः स्यात् ।

(अमर. नानार्थवर्ग ३। २०५)

इ) बालो ...... वाच्यलिङ्गेऽर्भके मूर्खे । (इति मेदिनीकोषः)

ई) बालः कचे शिशौ मूर्खे । (इति विश्वकोषः)

अनेक ठूला-ठूला विद्वान्कृत यी चार कोषहरु ९म्ष्अतष्यलबचथ० को प्रमाणबाट बालशब्दको मूर्ख र बालक आदि अर्थ हुन्छ, प्रायः मूर्ख र बाल शब्द अज्ञानतावशले समानार्थक (एक अर्थलाई बोध गराउने) हुन् । अब विवाहको अर्थमा प्रमाण :

विवाहो विशिष्टं बहनम् । धञ् (३।३।१८)

(भानुजिदीक्षितनकृत सुधा व्याख्या)

अर्थ : विशेष भार बोक्नलाई विवाह भन्दछन् । 'बह प्रापणे' यस धातुले वि उपसर्गपूर्वक भाव अर्थमा घञ् प्रत्यय गर्दा वृद्धि गरी 'वि+वाह्+अ . विवाह' शब्द सिद्ध हुन्छ ।

अथवा विशेषण उह्यते गार्हास्थ्यधर्मरुपं भारमिति विवाहः कर्मण्येव घञ् ।

जुन आश्रममा गृहस्थधर्मको भार विशेष रुपले बहन हुन्छ अर्थात् बोकिन्छ, उसलाई विवाह भन्दछन् । दुवै पक्षमा समानै अर्थ छ ।

विद्वानहरुले बनाएको कोष र टीकाको अनुसार बाल शब्दको दुवै अर्थमा विवाहको अर्थ सिद्ध हुँदैन । अभिप्राय यो हो कि बाल शब्दको 'अज्ञ-मूर्ख' हुने पक्षमा गार्हस्थ्य धर्माऽधर्मको विचार मूर्खमा असम्भवै छ, यदि बाल शब्दको अर्थ शिशु तथा बच्चा नाबालिक हो भने पनि नाबालिक अवस्थामा गृहस्थको धर्माधर्म विषयक विचार हुन सक्दैन । यसकारण कोष र कोषहरुको टीका अनुसार बालविवाह सिद्ध हुँदैन । लोकमा पनि ८-१० वर्षका केटाहरुलाई एकमनको भार बोकाउँदैनन् भने त्यस्ता बालकमाथि गृहस्थको विशेष भार राख्नु अयोग्य नै हो ।

विशिष्टं बहनं विवाहः अथवा विशेषेण उह्यते गार्हस्थ्य -धर्मरुपं भारमिति विवाहः ।

यी माथि लेखिएका विद्वानहरुको सम्मत्यनुसार विवाहको उचित अर्थको पुष्टिमा युरोपिय विद्वानहरुका पनि निम्नलिखित सम्मति छन् :

जर्मन देशका दार्शनिक विद्वान नित्सेको सम्मतिः

"यच तजभ ागतगचभ या ;बचचष्बनभ बिचनभ दगचमभलक तय दभ बिष्म गउयल दबअजभयिचक, उचष्खषभिमनभक या बर्ाि पष्लमक ायच ाबतजभचक या बिचनभ ाकषष्भिक।

भावार्थ : भविष्यमा विवाह हुने बेलामा अविवाहित नरनारीहरुको माथि अधिक सामाजिक भार राख्नुपर्दछ, एवं तिनीहरुले ठूलो परिवारले युक्त भएका पिताहरुलाई सबै सामाजिक सुविधाहरु पनि प्रदान गर्नुपर्नेछ ।

उपर्युक्त विवाहको अर्थमा र जर्मन दार्शनिक नित्सेको वैवाहिक अर्थमा कस्तो समता छ, यो विचार गर्न लायक कुरा हो । फेरि अगाडि उनी भन्दछन्- :बचचष्बनभ दथ तजबत क्ष्ञभबल तजभ धर्षी या तधय तय अचभबतभ यलभ धजय ष्क नचभबतभच तजबल तजभथ अचभबतभम जष। च्भखभचभलअभ ायच भबअज यतजभच क्ष अर्बाी ञबचचष्बनभ ब चभखभचभलअभ ायच जष तजबत ष्क ष्लकउष्चभम दथ कगअज ब धर्षी।

भावार्थ : मेरो मतमा विवाहको यो अर्थ हो कि मातापिता दुवैको यो सङ्कल्प होस् कि दुवै मिलीकन एक त्यस्तो सन्तान उत्पन्न गरुन्, जो दुवैभन्दा बढ्ता उन्नत भए निस्कोस् एवं परस्पर श्रद्धा, आदरभावलाई तथा यस प्रकारका सङ्कल्प विषयमा श्रद्धा-भक्ति हुनुलाई नै म विवाह भन्दछु ।

नित्से महोदयले विवाहको सुन्दर र महत्व आदर्शमूलक अर्थ गरेका छन् । के यस्तो उच्च आदर्श बालबालिकाहरुका हृदयमा उत्पन्न हुन सम्भव छ ?

मोशिए पाल आदम महाशयले पनि विवाह विषयमा आफ्ना सम्मति लेख्छन्- ायखभ ष्क लयत बल बमभत्रगबतभ दबकष्क ायच ञबचचष्बनभ, तजभ बिततभच ष्क ब कयअष्बा ष्लकतष्तगतष्यल भहष्कतष्लन भहअगिकष्खभथि ायच तजभ दभलभाष्त या कयअष्भतथ बलम या तजभ चबअभ बलम ष्ल धजष्अज तजभ ब नययम भमगअबतष्यल ष्क बल भहउभलकष्खभ ञबततभच। ष्पिभक बलम मष्कष्पिभक या तजभ ष्लमष्खष्मगबा अयगलत ायच लयतजष्लन। त्जभ थयगलन नर्ष्चा ञगकत लयत ञबचचथ ायच यिखभ ब उभललषभिकक थयगतज, ायच तजभ अजषमिचभल धर्षी लयत चभअभष्खभ तजभष्च मगभ, कभभष्लन तजबत

भावार्थ : प्रेम विवाहको पर्याप्त आधार होइन, विवाह एक सामाजिक विधान हो, जसको एकमात्र उद्देश्य सामाजिक र जातीय कल्याणनिमित्त हो तथा जसमा व्यक्तिगत (एक्लैको) रुचि अथवा अरुचिको गणना (गन्ती) हुँदैन । एक नवयुवती कन्याले प्रेमपाशमा फसी केवल शुष्क प्रेमका निमित्त एक कङ्गाली युवकसित विवाह नगर्नु, कारण कि यदि यस्तो गरियो भने त्यसका बालबच्चाहरुले उचित अधिकार पाउन सक्दैनन् तथा यो जानीकन कि सुन्दर शिक्षा दिनलाई धेरै धनव्ययको आवश्यकता हुन्छ ।

मोशिए पाल आदम महोदयले सामाजिक र जातीय हितनिमित्त विवाह हो भनीकन ऋषिहरुले गरेका अर्थसित तथा नित्से महोदयले गरेका अर्थसित धेरै समानार्थ देखाइदिए ।

अभिप्राय यो निस्क्यो कि बालअवस्थामा विवाह सिद्ध हुँदैन । विवाहको उच्च आदर्श अबोध केटाकेटीहरुलाई थाहा हुँदैन । उच्च आदर्श, श्रेष्ठ विचार, परिपक्व बुद्धि तथा आत्मिक, मानसिक, शारीरिक उन्नति हुने अवस्थामा विवाह गर्नु जाति हुन्छ । साना केटाकेटीहरुको विवाह गर्नु त पुतलीहरुको विवाह गर्नुजस्तै खेल तमासा मात्रै हो । यसको परिणाम हानिको अतिरिक्त (सिवाय) अरु केही शुभ फल देखिएन ।

कोशको प्रमाण तथा पाश्चात्य विद्वानहरुको सम्मतिबाट बालकहरुको विवाह अयोग्य ठहराइसकँ । अब विवाहको विषयमा वैद्यकशास्त्रको के सम्मति छ तल लेख्छु :

१. **पञ्चविंशे ततो वर्षे पुमान्नारी तु षोडशे ।**

समत्वागतवीर्यौ तौ जानीयात्कुशलो भिषक् ।

(सुश्रुतसूत्रस्थान अ. ३५)

भावार्थ : पच्चीस वर्षका पुरुष र सोह्र वर्षकी कन्या यी दुवै समानवीर्य हुन्छन्, अर्थात् पुरुषको २५ वर्षको अवस्थामा जति बल, वीर्य, शक्ति आदि हुन्छन् उति १६ वर्षकी कन्याको शक्ति हुन्छ ।

२. **ऊनषोडशवर्षायामप्राप्तः पञ्चविंशतितम् ।**

यद्याधत्ते पुमान्गर्भः कुक्षिस्थः स विपद्यते ॥

जातो वा न चिरञ्जीवेज्जीवेद्वा दुर्बलेन्द्रियः ।

तस्मादत्यन्तबालायां गर्भाधानं न कारयेत् ॥

(सुश्रुतशरीरस्थान अ.१०। ४७-४८)

भावार्थ : यदि १६ वर्षदेखि कम अवस्थाकी कन्यामा २५ वर्षदेखि कम अवस्थाको पुरुषले गर्भाधान गर्‍यो भने त्यो गर्भ पेटमा नै बिग्रेर जान्छ । यदि केही कारणले गर्भ स्तम्भित भएर सन्तान जन्म्यो भने त्यो बालक चिरायु हुँदैन, केही वर्षसम्म जियोस् तापनि दुर्बलेन्द्रिय हुन्छ । यसकारण अल्पवयस्का (कम उमेरकी) बालिकामा न्यूनवयस्क पुरुषले गर्भाधान कदापि नगर्नू ।

३. **तस्यां षोडशवर्षायां पञ्चविंशतिवर्षः पुत्रार्थ प्रयतेत ।**

तदा हि तौ प्राप्तवीर्यौ वीर्यान्वितमपत्यं जनयतः ॥

ऊपपञ्चविंशतिवर्षेण ऊनषोडशवर्षायामाहितो

रोग्यविभवो वा स्याद्विकलेन्द्रियो वा ।

(अष्टाङ्गसंहिता, शरीरस्थान, अ. १)

भावार्थ : यसको अर्थ प्रायः सुश्रुतको जस्तै समान छ । १६ वर्षकी पत्नीमा २५ वर्षका पुरुषले पुत्रको निमित्त गर्भाधान गर्नु, यसै बलवीर्ययुक्त अवस्थामा तिनीहरु शक्तिशाली सन्तानलाई उत्पादन गर्दछन् । २५ वर्षदेखि कमको पुरुषले १६ वर्षदेखि कमकी पत्नीमा राखेको गर्भ पेटमा नै नष्ट भएर जान्छ, तथा जन्म्यो भने पनि कम आयु, हीनबल, रोगी अथवा अङ्गहीन सन्तान हुन्छ ।

आरोग्य विधायक आयुर्वेद वैद्यकशास्त्रको प्रमाणबाट पनि बालविवाह सर्वथा निषेध सिद्ध हुन्छ । अब तल लेखिएका वेदस्मृति, पुराण आदि शास्त्रबाट बालविवाह निषेध र यौवनावस्थामा नै विवाह सिद्ध हुन्छ ।

४. **तमस्मेरा युवतयो युवानं मर्मुज्यमानाः परियन्त्याप : ।**

भावार्थ : जस्तो नदी, खोला आदि समुद्रलाई प्राप्त गर्दछन्, त्यस्तै युवती तरुणी कन्याले युवा (तरुण) पुरुषलाई प्राप्त गर्छे ।

यहाँ युवावस्थाको उल्लेख गरिदिनु पनि जाती नै होला, आयुर्वेद वैद्यकशास्त्रमा शरीरको ४ अवस्था गिनाएका छन् :

चतस्रोवस्था शरीरस्य बुद्धिर्यौवन सम्पूर्णता किञ्चित्परिहाणिश्चेति आषोडशाद्बुद्धिः, आपञ्चविंशतेर्यौवनम्, आचत्वरिंशतः सम्पूर्णता, ततः किञ्चित्परि्हाणिश्चेति ।

(सुश्रुतसूत्रस्थान, अ. ३५)

अर्थ : शरीरको बुद्धि, यौवन, सम्पूर्णता र किञ्चित्परिहाणि यी चार भेदले चार अवस्था हुन्छन्, १६ वर्षदेखि धातुको वृद्धि, २५ वर्षदेखि यौवन अवस्थाको आरम्भ, ४० वर्षसम्म धातुहरुको पुष्पिट हुन्छ, पछि अलिअलि धातुशक्ति क्षीण भएर जान्छ ।

कुनै राज्यमा नाबालिकको अवस्था १४-१६ जेसुकै होस, किन्तु यस शारीरिक आरोग्यतालाई विधान गर्ने, आयुर्वेद शास्त्रबाट सिद्ध हुन्छ कि १६ वर्षदेखि धातुहरुको वृद्धि हुन्छ तथा २५ वर्षदेखि यौवन अवस्थाको आरम्भ हुन्छ । १६ वर्षदेखि न्यूनकी कन्या तथा १५ वर्षदेखि कमको कुमार नाबालिक

ठहर्छ । यसकारण सबै धातुहरुको बढ्ने अवस्था १६ वर्ष र यौवनकाल आरम्भ हुने २५ औं वर्षमा नै विवाह हुनु जाती र श्रेष्ठ छ ।

५. **सोमो बधूयुरभवदश्विनास्तामुभा वरा ।**

सूर्या यत्पत्ये शंसन्ती मनसा सविता ददात् ॥

(ऋ. म. १०। अ. ७ । सू. ८५।९)

सूर्यां यत्पत्ये शंसतीम् यसको सायण भाष्य :

सूर्यां पतिं कामयमानां पर्याप्तयौवनामित्यर्थ : ।

अर्थात् पूर्ण यौवन अवस्थामा पुगेका पतिलाई कामना गर्ने सूर्यालाई श्रीसायणाचार्यजीको यस मन्त्र भाष्यको अंशले पनि यौवन अवस्थामा नै विवाह सिद्ध हुन्छ ।

६. **ब्रह्मचर्येण कन्या युवानं विन्दते पतिम् ।**

(अथर्व. का. ११, अ. ३, सू. ५।१८ ।)

भावार्थ : ब्रह्मचारिणी कन्याले ब्रह्मचारी तरुण पतिलाई प्राप्त गर्छे ।

७. **कस्मात् ? आसां प्रथमे वयसि रेतः सिक्तं न सम्भवति ।**

कस्मात् ? आसां प्रथमे वयसि रेतः सिक्तं सम्भवति ।

(गो.ब्रा. पूर्वभाग प्रपा. ३।७)

भावार्थ : (प्रश्न) बालविवाह किन नगर्ने ?

(उत्तर) बाल्यकालमा गर्भस्थिति हुँदैन ।

(प्रश्न) यौवन अवस्थामा किन विवाह गर्ने ?

(उत्तर) यौवन अवस्थामा गर्भस्थिति हुन्छ ।

८. **नाजातलोम्न्योपहासमच्छेत् ।**

(गो.गृ.सू.। प्र.पा.३ ।का. ५)

भावार्थ : यौवन अवस्था नहुन्जेलसम्म स्वास्नीमानिसहरु सन्तानोपत्ति नगरुन् ।

९. **अजाताव्यञ्जनालोम्नी न तया सह संविशेत् ।**

(का. स्मृ. ख २७)

भावार्थ : यौवन चिन्हको आविर्भाव नहुन्जेलसम्म स्वास्नीमानिसहरुको सहवास कसैले नगरुन् ।

१०. **वेदानधीत्य वेदौ वा वेदं वापि यथाक्रमम् ।**

अविप्लुतब्रह्मचर्यो गृहस्थाश्रममाविशेत् । (मनु. अ. ३।२)

भावार्थ : क्रमैसित चार, तीन, दुई अथवा एक वेद पढी उर्ध्वरेता पूर्ण ब्रह्मचारी भइकन मात्रै गृहस्थ आश्रममा प्रवेश गरुन् ।

११. **षटत्रिंशदाब्दिकं चर्ø्य गुरौ त्रैवेदिकं व्रतम् ।**

तदद्धिकं पादिकं वा ग्रहणान्तिकमेव वा ॥

(मनु. अ. ३।१)

यस श्लोकको अर्थ इडिन युनिभर्सिटीमा डाक्टरी पास गर्ने ठूला विद्वान श्रीमान् चिरञ्जीवी भारद्वाजका अङ्ग्रेजी भाषको अनुवाद तल राख्छु :

त्जगक बातभच वयष्लष्लन तजभ कअजययर्ा बत तजभ बनभ या ड थभबचक। क्ष ब कतगमभलत कतगमष्भक तजभ ख्भमबक धष्तज तजभष्च कगदकष्मष्बचथ कगदवभअतक ायच घट थभबचक ९षभ। जभ मभखयतभक ज्ञद्द थभबचक तय तजभ कतगमथ या भबअज या तजभ तजचभभ ख्भमबक० जभ अफउभितभक जष्क भमगअबतष्यल बत तजभ बनभ या घटंड.द्धद्ध, ष ायच ज्ञड थभबचक, बत तजभ बनभ या डंज्ञड (द्दट, ष ायच ढ थभबचक बत तजभ बनभ या टंढ . ज्ञठ थभबचक। ९त्जभ बिकत उभचष्यम या द्यचबज्कबअजबचथब ष्क ञ्भबलत ायच ब नर्ष्चा धजय धबलतक तय ञ्बचचथ बत तजभ बनभ या ज्ञठ थभबचक।०

अनुवाद : यस प्रकार आठ वर्षको अवसथमा गुरुकुल अथवा स्कुलमा जाँदा यदि त्यो ब्रह्मचारीले साङ्गोपाङ्गसहित वेद ३६ वर्षसम्म पढ्छ भने (अर्थात् त्यो ब्रह्मचारीले तीनौ वेदको एक-एक वेद पढ्नामा बाह्र-बाह्र वर्ष लगाउँछ) त्यसैले ३६+८.४४ वर्षमा आफ्नो विद्याध्ययन गऱ्यो भने ८+१८. २६ वर्षमा, यदि त्यस ब्रह्मचारीले ९ वर्षसम्म विद्याध्ययन गऱ्यो भने ८+७. १७ वर्षमा विद्याध्ययन समाप्त गर्छ (अर्थात् यो आखिरी दर्जाको बह्मचार्यावस्था ब्रह्मचारिणी कन्याको निमित्त हो, जो १७ वर्षको अवस्थामा विवाहको इच्छा गर्छे ।)

यति श्रुति-स्मृतिको प्रमाणले यो सिद्ध भयो कि ब्रह्मचर्य समाप्त नगरी गृहस्थमा प्रवेश गर्नु कुनै शास्त्रमा आज्ञा छैन । सबभन्दा कम्ती दर्जाको ब्रह्मचर्यै १६-२४ कन्या र पुरुषको निमित्त हुन्छ । यति अवस्था व्यतीत भएपछि मात्रै यौवन अवस्था हुन्छ । यसै अवस्थामा विवाह ठीक छ, योभन्दा कम अवसथमा बालविवाहको विधान छैन । अब तल लेखिका इतिहास र पुराणको प्रमाणले पनि युवा अवस्थामा नै विवाह सिद्ध हुन्छ :

११. **स समीक्ष्य महीपाल, स्वां सुतां प्राप्तयौवनाम् ।**

अपश्यदात्मनः कार्यं दमयन्त्याः स्वयम्वरम् ॥

(महाभा. वनपर्व अ. ५३।८)

१२. **यौवनास्यान्तु तां दृष्ट्वा स्वां सुतां देहरुपिणीम् ।**

अयाच्यनामाञ्च वरै नृपति दुःखितोऽभवत् ॥

(महाभा. वनपर्व अ. १९२।३०)

१३. **वैदर्भी तु तथा युक्तां युवतिं प्रेक्ष्य वै पिता ।**

मनसा चिन्यामास कस्मै दद्यामिमां सुताम् ॥

(महाभा. वन. अ. ९६।३०)

१४. **तां यौवनवतीं दृष्ट्वा कन्यकां रुपशालिनमीम् ।**

स मुनिश्चिन्तयामास कोऽस्या भर्त्ता भवेदिति ॥

(मार्कण्डेय पुराण अ. ७५)

१५. **तास्तु यौवनशालिन्यो रुपवत्यः स्वलङ्गताः ।**

उद्यानभूमिगामत्य प्रावुषीव शतहृदा : ॥

१६. **ताः सर्वगुणसम्पन्ना रुपयौवनसंयुताः ।**

दृष्ट्वा सर्वात्मको वायुरिदं वचनमब्रवीत् ॥

(वाल्मीकि रामायण बालकाण्ड सर्ग ३२। १२, १५)

१७. **गजतुल्यगती वीरौ शार्दूलवृषभोपमौ ।**

अश्विनाविव रुपेण समुपस्थितयौवनौ ॥

(वाल्मीकि)

यी माथि लेखिएका पुराण, महाभारत र वाल्मीकि रामायणको रेखाङ्कित ()))))) पदले पनि यौवन अवस्थामा नै विवाह सिद्ध हुन्छ, बालविवाह सर्वथा सिद्ध हुँदैन ।

१. **अष्टावर्षा भवेद् गौरी नववर्षा च रोहिणी ।**

दशवर्षा भवेत्कन्या तत उर्ध्व रजस्वला ॥

२. **माता चैव पिता तस्या ज्येष्ठो भ्राता तथैव च ।**

त्रयस्ते नरकं यान्ति दृष्ट्वा कन्यां रजस्वलाम् ॥

(पाराशर)

३. **त्रिंशद्वर्षो बहेत्कन्यां हृद्यां द्वादशवार्षिकीम् ।**

œयष्टवर्षो़ऽष्ट वर्षा वा धर्मे सीदति सत्वर : ॥

४. **विवाहश्चाष्टवर्षायाः कन्यायास्तु प्रशस्यते ।**

तावद्विवाहयेत्कन्यां यावन्नर्त्तुमती भवेत् ॥

५. **प्रदानं प्रागृतोः स्मृतम् ।**

(स्मृत्यन्तर)

भावार्थः कुमारीको नाम ८ वर्षमा गौरी, ९ वर्षमा रोहिणी तथा १० वर्षमा कन्या हुन्छ । त्यसपछि कुमारीको रजस्वला हुन्छ । माता, पिता तथा ज्येष्ठ भाइ तीनौँ रजस्वला कन्यालाई देखेर नरकमा जान्छन् । १-२

यदि धर्ममा चाँडै नै हानि हुने सम्भव छ भने ३० वर्षका पुरुषले १२ वर्षकी तथा २४ वर्षका पुरुषले ८ वर्षकी कन्यासित विवाह गरुन् । ३।

कन्यालाई ८ वर्षको अवस्थामा विवाह गरिदिनु उत्तम छ, ऋतुकालदेखि अगाडि नै कन्याको विवाह गरिदिनुपर्छ । ४।

कन्यादान ऋतुकालदेखि अगाडि नै ठीक छ । ५।

शास्त्रहरुमा यी पाँच प्रमाणले त बाल्यकामा नै कुमार-कुमारीहरुको विवाह सिद्ध हुन्छ । पूर्वलिखित प्रमाण र यी प्रमाणहरुमा परस्पर विरोध पनि आउँछ । ती पूर्वलिखित प्रमाणहरु प्रामाण्य हुन् अथवा यी प्रमाणहरु प्रामाणिक र मान्य छन् ? यस विरोधको कसरी निर्णय गर्ने हो ?

(उत्तर) यी वचनहरु आपतकालको निमित्त हुन् । यसैकारण धर्मे सीदति सत्वरः भनेको छ । अर्थात् धर्मको तत्काल हानि हुने सम्भव भयो भने यो नियम गर्नू । साँच्चै भन्नुपर्‍यो भने यी शास्त्रहरुमा कर्ता विद्वानहरुले कालको अवस्था विचार गरी ऋतुकालदेखि अगाडि विवाह गर्ने नियम गरेकोमा धेरै विद्वत्ताको परिचय हुन्छ । मुसलमान राज्यकालमा बालकन्याहरुको धेरै दुर्दशा हुन्थ्यो । अलिअलि युवती भइन् कि मुसलमान राजा तथा अमीर मुसलमान जिमिन्दारहरुले हजारौँका सङ्ख्यामा हिन्दू कन्याहरुलाई समातेर लान्थे । विवाहित पत्नीहरुलाई जबर्जस्ती छिन्नामा तिनीहरु सङ्कोच गर्थे । यसै निमित्त यी शास्त्रहरुका रचना भए । कहिले-कहिले त मुसलमान बादशाहहरुले अति सुन्दरी विवाहिता पत्नीहरुलाई पनि जबर्जस्ती छिन्ने चेष्टा गर्थे ।

यस विषयमा ऐतिहासिक घटनाहरु पनि प्रमाण छन्-

ू घजषकष जबम ुबचचष्भम ब अजयजबल उचष्लअभकक, दथ लकभ या एबमफष्लष, धजय धबक या कगचउबककष्लन दभबगतथ। क्ष्लमभभम ष जभच अजबच्कक धभचभ ष्लाभचष्यच तय तजयकभ या तजभ जभचयष्लभ या त्चयथ, तजभथ धभचभ लयत भिकक ाबतर्बा ष्ल तजभष्च अयलकभत्रगभलअभकस ायच बअअयचमष्लन तयउ तजभ दबचम अजयचलष्अभिचक। क्ष्त धबक तजभ मभकष्चभ तय उयककभकक तजष्क उभभचभिकक उचष्लअभकक, चबतजभच तजबल तजभ बअत्रगष्कष्तष्यल या ुर्षष्तिबचथ ाकभ, धजष्अज उचयफउतभम र्बीबज(गम(मष्ल तय बततबअप ऋजष्तयच।ू

ू ज्ष्क कदगकज धबक चभबमथ। घजषकष धबक ुबमभ ब उचष्कयलभच। ज्ाचचष्भम बधबथ तय तजभ त्बचतबच ऋकउ, बलम तजभ कगचचभलमभच या एबमफष्लष धबक बललयगलअभम बक तजभ उचष्लअभ या जष्क ष्दिभचतथ।ू

९त्यमुक ब्लनबकि या च्बवबकतजबल, एबनभ ज्ञठ०

भावार्थ : महाराजा भीमसिंहले चौहान राजकुमारी पद्मिनीसित विवाह गरेका थिए, जो एकमात्र सुन्दरी थिइन् । यथार्थ यही थियो कि महारानी पद्मिनीको सौन्दर्य ट्राय भन्ने देशकी वीर नारी हेलेनभन्दा कम थियो, तापनि महारानीको सुन्दरता कम घातक थिएन । किनभने ऐतिहासिक कविहरुले भनेका थिए कि अल्ला उद्दिनको विचार सैनिक विजय लाभभन्दा यस अद्वितीय सुन्दरी राजकुमारीको प्राप्त गर्नामा बढ्ता थियो । यसै इच्छाथे प्रेरित भएर चितौडमाथि आक्रमण गरे ।

अलाउद्दिनका लुकिरहेका मानिसहरु तयार थिए, महाराजा भीमसिंहलाई कैद गरी आफ्ना तातार क्याम्पमा पुर्‍याए, तब त्यसले यो जाहेर गरे कि महारानी पद्मिनीलाई सुम्पिदियो भने मात्रै महाराजा भीमसिंहलाई छाडिनेछ ।'

इत्यादि अनेक दृष्टान्तहरु छन् । यस्तै शेरखाँलाई मारी त्यसकी विवाहित पत्नी एक कन्या पनि भएकी नूरजहाँलाई बादशाह जहाँगीरले जबर्जस्ती लगे । महाराज पृथ्वीराजकी विवाहिता धर्मपत्नी महारानी किरणमयीदेवीसित बलपूर्वक व्यभिचार गर्नलाई बादशाह अकबरले चेष्टा गरे । जुन राज्यमा विवाहिता पत्नीहरुको यस्तो दुर्दशा थियो, त्यस बेलामा युवती कन्याहरुको कस्तो शोचनीय दशा होला! जहाँ बादशाहरुका विवाहिता पत्नीहरुसित यस्तो अत्याचार थियो त्यहाँ साधारण अमीर मुसलमानहरुले हिन्दू अविवाहित युवतीहरुको के दुर्दशा र दयनीय अत्याचार गर्दैनथे ? यदि यस विषयमा धेरै ज्ञान गर्ने विचार छ भने पाठकहरुले टाड नामक अङ्ग्रेजले बनाएका ९त्यमक ब्लनबकि या च्बवबकतजबल० टाड राजस्थान नामक इतिहास हेर्नुहोला । कस्तो रोमाञ्चकारी तथा हृदयविदारक वर्णन त्यहाँ पाइनेछ ।

यी सबै दशा विचार गरी विवाहित पत्नीहरुभन्दा अविवाहित कन्याहरुमाथि धेरै अत्याचार हुँदा त्यस समयका विद्वानहरुले अष्टवर्षा भवेद् गौरी आदि शास्त्रको निर्माण गरेथे । यसले त त्यस बेलामा धेरै उपकार भयो, किन्तु आजभोलि त न यस प्रकारको विपत्ति र अत्याचार कुनै राज्यमा छ, न अहिले आर्यावर्त्त देशमा मुसलमानहरुको स्वतन्त्र राज्यकाल छ । यसकारण आर्यावर्त्त देशमा अहिले यस्तो बालविवाहको प्रथा उचित छैन ।

जस्तो जरो आदि रोग हुने बेलामा औषध आदि सेवन र पथ्यको आवश्यकता हुन्छ, किन्तु रोगको निवृत्ति भइसकेपछि ओषध सेवनको दरकार हुँदैन, यदि रोगनिवृत्ति भइसकेपछि पनि त्यो रोगनिवारक औषधीको निरन्तर सेवन गर्‍यो भने झन् अनेक प्रकारका भयङ्कर रोगहरुको उत्पत्ति हुनेछ, ठीक त्यस्तै अहिले बालविवाहको प्रथाको पनि दशा छ । मुसलमान राज्यकालमा अत्याचाररुप रोग त्यस बेलामा थियो, त्यस भयङ्कर अत्याचाररोगको रामवाण अमृत औषध बालविवाहको प्रथा नै थियो, अब त त्यो अत्याचाररोगको समूल निवृत्ति भइसक्यो, अब बालविवाह औषधीको दरकार छैन । यदि रोगाभावमा पनि यही औषधी सेवन गरियो भने अमृत पनि विष भएर आउनेछ , परिणाम दु:खदायी हुनेछ ।

रजस्वला कन्यालाई हेरेर मातापिताहरु नरकमा जान्छन् भन्ने त्यस बेलामा त्यस भयङ्कर विपत्तिबाट रक्ष ागर्नका लागि निमित्त मात्रै हो, यथार्थमा यो कुरा सत्य होइन । यदि सत्य हो भने तल लेखिएका मनुस्मृतिका श्लोकहरुबाट यस श्लोकको परस्पर विरोध सिद्ध हुन्छ :

१. **त्रीणी वर्षाण्युदीक्षेत कुमार्यृतुमती सती ।**
उर्ध्वन्तु कालादेतस्माद्विदेत सदृश्यं पतिम् ॥

(मनु. अ. ९।९०)

२. **काममामरणात्तिष्ठेद्गृहे कन्यर्तुमित्यपि ।**
नचैवेनां प्रयच्छेत् गृणहीनाय कर्हिचित् ॥

(मनु. अ. ९।८९)

भावार्थ : कुमारी कन्या ऋतुमती (नछुने) भइसकेपछि तीन वर्षसम्म प्रतीक्षा गरी बसोस् । पछि आफ्ना गुणकर्मस्वभावको सदृश्य पतिसित विवाह गरोस् ।

कुमारी कन्याले मरणपर्यन्त आफ्नै घरमा बस्ने परे तापनि त्यस कन्याको विवाह गुणहीन पुरुषसित कहिल्यै पनि नगर्नु ।

यी दुवै पूमाणबाट यो सिद्ध हुन्छ कि कन्याको ऋतुमती हुनु मातापिताको नरकमा जाने कारण होइन, किन्तु यी प्रमाणहरुबाट त कन्या ऋतुमती भए तापनि आफ्ना गुण-कर्म-स्वभावको योग्य वर नपाउन्जेलसम्म मरणपर्यन्त घरमा बस्नुपरे तापनि आफ्ना घरैमा बस्नु भनीकन तोकेको छ । यदि मातापिता आदिको नरकमा खस्ने कुरा यथार्थै भएदेखि यो कानुन बनाउनुपर्ने दरकार थिएन ।

यस विषयमा कुनै विद्वानको यस्तो सिद्धान्त छ कि :

व्यञ्जनैस्तु समुत्पन्नैः सोमो भुञ्जीत कन्यकाम् ।
पयोधरैस्तु गन्धर्वो रजसाग्निः प्रकीर्त्तित : ॥

(गृहसङ्ग्रह, ३। १९)

भावार्थ : यौवनचिन्ह उत्पन्न भइसकेपछि सोम देवताले, पयोघर (स्तन) भएपछि गन्धर्वले, रजोधर्म (नछुने) भइसकेपछि अग्निदेवताले कन्याको भोग गर्छन् । (पछि मात्रै मनुष्यले भोग गर्छ)

यस प्रमाणले पनि कन्याको ऋतुमती भएर युवती भइसकेपछि मात्रै विवाहविधि सिद्ध हुन्छ । यहाँ रजस्वला हुनु मातापिताको नरकमा जाने कारण भनेको छैन, प्रत्युत अग्निदेवताले रजस्वला कन्याको भोग गरिसकेपछि मात्रै मनुष्यको विवाह विधान छ ।

एवं नरकमा खस्ने यो कुरा प्रत्यक्ष विरोध पनि छ, यदि ऋतुमती भएकी कन्याको घरमा बास हुनाले मातापिता आदि नरकमा खस्छन् भन्ने कुरा साँच्चै हो भने सबै अङ्ग्रेजहरु नरकमा खस्नुपर्ने थिए, किनभने तिनीहरुले बालविवाह गर्दैनन्, तिनीहरुले त १६-२५ वर्षभन्दा पनि अधिक अवस्थामा कुमार-कुमारीको विवाह गर्छन्, तिनीहरुको शारीरिक, मानसिक, आर्थिक र सामाजिक अवस्था हामी भारतवर्षीय जनहरुको भन्दा करोडौं गुणा अधिक उत्तम र श्रेष्ठ छ, यसकारण यो कुरा असत्यै हो । अब यस विषयमा यो प्रश्न उठ्छ कि धर्मशास्त्रहरुको नरका खस्ने आदि नियम हिन्दूहरुलाई मात्रै लाग्ने हो अथवा विदेशीहरुलाई पनि लाग्ने हो : यदि हिन्दूहरुलाई मात्रै यी नियमहरु लाग्छन् भने त कन्याको ऋतुमती हुनेदेखि अगाडि नै प्रायः बालकुमारीहरुलाई विवाह गराइदिन्छन्, धर्मशास्त्र अनुसार नियम पालन गरेता पनि किन हिन्दूहरुको आर्थिक तथा अन्यान्य दशा नसुध्रेको ? झन नियम पालन गर्दा झन झन तल खस्दैछन् । यदि विदेशीहरुलाई पनि यो नियम लाग्छ भने तिनीहरुले यस बालविवाह गर्ने नियमलाई पालन गर्दैनन्, झन तिनीहरुको सबै विषयमा उन्नत अवस्था छ तथा तिनीहरुले स्वर्गीय आनन्द लुछ्दैछन् । त्यसकारण रजस्वला अवस्थामा कुमारी कन्याको विवाह गरेर मातापिताहरु नरकमा खस्छन् भन्ने कुरा साँचो होइन ।

विवाहको विषयमा शारीरिक विज्ञान ९एजथकष्अबी क्अष्भलअभ० लाई प्रतिपादन गर्ने आयुर्वेदशास्त्र सुश्रुत आदि वेद-स्मृति-पुराण प्रतिपादित पूर्वप्रमाणको अनुसार नै यौवन अवस्थामा अर्थात् कन्याको कमसेकम १६, पुरुषको कमसेकम २५ वर्षको अवस्थामा विवाहकाल सिद्ध हुन्छ, यही समय उत्तम पनि छ । शास्त्रहरुको यथार्थ प्रमाणले त यही सिद्ध हुन्छ कि यी शास्त्रहरुलाई मान्नु वा नमान्नु आफ्नो अधिकारमा छ ।

वेद-स्मृति-पुराणहरुको प्रमाणबाट यो सिद्ध गरिसकँ कि यौवनकालमा विवाह गर्नु उचित र बल, आयु तथा आरोग्यवर्द्धक पनि हो तथा बालविवाह गर्नु बलनाशक हो । अब बालविवाहबाट जो परिणाम निस्केका छन् त्यसको तल विचार हुनेछ :

अ) ब्रह्मचर्यव्रतको लोप तथा शिक्षाको हानि

आ) सन्तानका बालककालदेखि विषयासक्त हुनु ।

इ) आरोग्यता शक्ति कम भइकन रोगग्रस्त हुनु तथा जन्मेका बालकहरुको अधि सङ्ख्यामा मृत्यु हुनु ।

ई) बालबालिकाहरुको सङ्ख्या बढ्नाले वेश्याहरुको अधिक सङ्ख्या बढ्नु तथा व्यभिचार-व्यसनको अधिक उन्नति हुनु ।

उ) गर्भपात, भ्रुणहत्या तथा बालहत्या ।

ऊ) विधवाहरुको दुर्दशा भई तिनीहरु क्रिस्तान र मुसलमान धर्ममा दीक्षित हुनु ।

यदि यी छ विषय विस्तारै सित लेख्यो भने एक-एक विषयमा एक-एक ग्रन्थ तयार होला । स्वर्गको द्वार खुल्नामा बाधास्वरुप ५ कारणको निर्देश अघि गरिसकँ । ती ५ कारणहरुका अहिले

प्रथम कारण चलिरहेको छ, शेष ४ कारणहरु पनि बयान गर्नुपर्ने हुन्छ । यसकारण सङ्क्षेपैसित यी ६ बालविवाहका कुपरिणामको विषयमा लेख्नेछु ।

अ) बालविवाहको पहिलो कुपरिणाम ब्रह्मचर्यव्रतको लोप तथा शिक्षाको हानि हो । यो बालविवाहले गर्दा अहिले त संसारबाट ब्रह्मचर्यको लोप नै भइसकेको छ । ब्रह्मचर्यव्रत के हो ? यो कम मानिसहरुलाई मात्रै थाहा छ । हाम्रो सत्यशास्त्रमा लेखेको छ कि :

अष्टमे वर्षे ब्राह्मणमुपनयेत्, गर्भाष्टमे वा ।

एकादशे क्षत्रियम्, द्वादशे वैश्यम् ॥

(आश्वलायन गृह्यूत्र)

भावार्थ : (८) आठौँ वर्षमा अथवा गर्भदेखि आठौँ वर्षमा ब्राह्मणकुमारको उपनयन (व्रतबन्धन) संस्कार गर्नु, (११) एघारौँ वर्षमा क्षत्रीयकुमारको तथा (१२) बाह्रौँ वर्षमा वैश्यकुमारको उपनयन-जनेउ संस्कार गर्नु ।

ऋषिप्रणीत शास्त्रमा त यस्तो आज्ञा छ, किन्तु आजभोलि ८, ११, १२ वर्षमा त तीनौँ वर्णका कुमारहरुको विवाह पनि समाप्त होइजान्छ, यो धेरै अनर्थको कुरा हो । जस्तो घर बनाउनालाई जगको आवश्यकता हुन्छ, त्यस्तै गृहस्थरुप घरको यो ब्रह्मचर्य आधारशिला जग ९ायगलमबतष्यल० हो, जुन घरको जग कच्चा हुन्छ, त्यो घर चाँडै खस्छ, त्यस घरमा बस्ने मान्छेहरु पनि दबेर मर्नेछन् । ब्रह्मचर्यव्रतको लोपका साथसाथै शिक्षाको हानि पनि हुन्छ ब्रह्मचर्यकाल नै विद्याध्ययन काल हो ब्रह्मचारी नभईकन विद्याको यथार्थ लाभ हुँदैन । ब्रह्मचर्यव्रतको लोपका साथसाथै शिक्षाको पनि लोक भएको हुनाले यो शिरोमणि भइसकेको भारतवर्ष अहिलेसम्म सबभन्दा तल खसिरहेको छ । यसै कारण आजभोलि सबै उन्नत देशहरुमा भारतीय जनहरुको मान हुँदैन ।

ब्रह्मचर्यव्रतको स्थापना तथा शिक्षाको उन्नति गर्नलाई प्राथमिक अनिवार्य शिक्षा (एचषबचथ ऋयफउगकियचथ भ्मगअबतष्यल० को नियम हुनुपर्छ । अर्थात् ८-१० वर्षका कुमार तथा कुमारीहरुलाई पाठशालामा अवश्य जानुपर्ने अनिवार्य सरकारी नियम गराइदिनुपर्छ । यो नियम नमान्नेहरुलाई सरकारी दण्ड-नियम पनि गरिदिनुपर्छ । तब मात्रै नेपाल उज्ज्वल हुनेछ ।

यदि हाम्रा प्रभु ३ महाराज भीमशमशेर जङ्गबहादुर राणाबाट यो नियम गराइबक्स्यो भने महाराज भोजको पदवीमा हाम्रा श्री ३ महाराज पनि अवश्य पुगिबक्सिनेछ, यसमा केही सन्देह छैन ।

महाराज भोजको राज्यमा नीच जातिका शूद्रहरु पनि शिक्षित थिए, महाराज भोजले आफ्ना राज्यमा यो घोषणा गराएका थिए :

विप्रोऽपि योऽनधीयानः स तिष्ठतु पुराद्वहि : ।

कुम्भकारोऽपि यो विद्वान्स तिष्ठतु पुरे मम ॥

(भोज प्र.)

अर्थः ब्राह्मण भए तापनि यदि अशिक्षित मूर्ख छ भने त्यसले मेरो सहर छाडिदिनुपर्छ , जातिका कुम्हाले भए तापनि यदि त्यो विद्वान रहेछ भने यसता विद्वानहरु मेरो राजधानीमा बसून् ।

यस्तो घोषण भएको हुनाले उनका राज्यमा एक पनि मूर्ख थिएन । यदि यो प्राथमिक शिक्षाको नियम नेपालमा चल्यो भने ४-५ वर्षको भित्रैमा नेपाल राज्यभरमा एकजना पनि मूर्ख अशिक्षित हुने छैन । नेपालका इतिहासमा यो अपूर्व दृष्टान्त हुनेछ ।

आ) बालविवाहको द्वितीय कुपरिणाम सन्तान बालककालदेखि विषयासक्त हुनु हो । सनातन धर्मका प्रतिपादक मनुस्मृति धर्मशास्त्रमा आज्ञा छ कि :

विद्यार्थी अवस्थामा स्वास्नीमानिसको ध्यान, कथास्पर्श, क्रीडा, दर्शन, आलिङ्गन, एकान्तवास तथा समागम यी ८ प्रकारका मैथुनलाई जसले छाड्छ त्यो नै ब्रह्मचारी कहलाउँछ ।

८-११-१२ वर्षदेखि तीनौँ वर्णका कुमारहरुको विद्याध्यायनकाल आरम्भ हुन्छ, त्यस अवस्थामा विद्यार्थीहरुले यी ८ प्रकारका मैथुन त्याग गर्नुपर्दछ, किन्तु आजभोलि त विद्यार्थी अवस्थादेखि नै तीनौँ वर्णका कुमारहरुले यी ८ प्रकारका मैथुन अनुभव गरिहाल्छन् । बालकालदेखि विषय वासनामा फस्नाले आज भारतवर्षको यो दुरावस्था हुँदैछ ।

इ) बालविवाहको तेस्रो अशुभ परिणाम आरोग्यता शक्ति कम भईकन रोगग्रस्त हुनु तथा जन्मेका बालकहरुको अधिक सङ्ख्यामा मृत्यु हुनु हो । श्रीराम-लक्ष्मण, बलराम-श्रीकृष्ण, भीष्म, भीष्म-अर्जुन आदिन वीर धनुर्धारी योद्धाहरुको जीवन त रामायण-महाभारतमा कथेको कथाजस्तै भइगयो, धीर वीर बलवान् पुत्रहरुको दर्शन त अहिले दुर्लभजस्तै हुन गयो । यही बालविवाहले गर्दा शक्तिसञ्चय गर्ने विद्यार्थी अवस्थामा अहिले शक्तिक्षय हुँदैछ । काँचो फलमा अलि आधात भयो भने फल सप्रदैन, भर्खर जमाएको दूधलाई निरन्तर हल्याइदियो भने त्यो दूधको दही राम्ररी जम्दैन, त्यस्तै बालक अवस्थामा अपरिपक्व वीर्यको नाश हुनाले यस्ता निर्वीर्य बालकहरुका स्वास्थ्यलाभ आजीवन हुँदैन । शक्तिक्षय हुनाले यो शरीरमा पाचनशक्ति नष्ट भएर जान्छ, पाचनशक्ति नष्ट भयो भने अजीर्ण, पेचिश, शूल, सङ्ग्रहणी आीद अनेक प्रकारका रोग उत्पन्न हुन्छन् । यस शरीरमा पाचनशक्ति नै रगत, मज्जा आदि धातु बन्ने समग्र शक्तिको कारण हो, यही शरीरको आधारस्तम्भ हो । यो मैले नै अनुभव गरेको छु कि जस्तै कुनै राज्यको शक्ति क्षीण हने बेलामा कसैले केही भाग लुछ्टन्, कसैले कोही भाग खोसेर लिन्छन्, त्यस्तै शरीररुप राज्यको पाचनशक्तिको क्षय भयो भने खाएका अन्न आदिबाट नाकको सिँगान, मुखको खकार (कफ), आँखाका चिप्रा आदि मैले विकृत पदार्थहरु अधिक परिमाणमा तयार हुन लाग्छन् । आमाबाबुहरु रोगग्रस्त भए भने उत्तरोत्तर सन्तानहरु पनि हीनबल, रोगी भएर जान्छन् ।

शक्तिहीन रोगी सन्तानहरु धेरै दिनसम्म बाँच्न सक्दैनन्, तेल नभएर चाँडै निभ्ने लालटिनजस्तै अन्तमा ती रोगी बालकहरुको पनि केही वर्षपछि देहान्त भइजान्छ ।

मि. आर.एन.बी. भन्ने सज्जनले बालकहरुको मृत्युसङ्ख्या विषयक लेख लेखेको छ । कलकत्ताबाट निस्कने भारतमित्र नामक दैनिक समाचारपत्रको ता. १०।१।१९३० को अङ्कमा त्यस लेखको सारांश छपेको छ, त्यसको अविकल अनुवाद तल दिन्छु :

भारतको दुर्दशा : शिशुरक्षा र मातृत्व

मि. आर.एन.बी.को लेखको सारांश

'संसारका मुख्य सहरहरुका बालकहरुको मृत्युसङ्ख्या देखेर भारतको भयङ्कर स्थितिको अनुमान हुन्छ, तल लेखिएका सहरहरुमा हजारपछि जो मृत्युसङ्ख्या थियो, त्यो दिइन्छ :

बम्बई	४५०

कलकत्ता	३१७
इलाहावाद	२६५
काहिरा	२४७
मास्को	१७७
डबलिन	११२
ग्लासगो	१०१
भियेना	९८
बरलिन	९२
पेरिस	८९
बोस्टन	८१
सिकागो	७७
बरमिङघम	७५
लन्डन	६६
न्यूयोर्क	६४

यसबाट स्पष्ट हुन्छ कि बालकहरुको मृत्यसङ्ख्या अन्य देशका सहरहरुको अपेक्षा भारतका सहरहरुमा धेरै नै छ । बम्बईको मृत्युङ्ख्याको तुलना न्यूयोर्क वा लन्डनस्थित गर्दा आकाशपातालको अन्तर हुनेछ ।'

यस लेखबाट पनि यही सिद्ध हुन्छ कि प्रायः बालविवाहको यो परिणाम हो । मेरो यो अभिप्राय होइन कि बालकहरुको जति मृत्यु हुन्छ, त्यसमा बालविवाह मात्रै कारण रहेछ, किन्तु यो हो कि यसमा मूल कारण विशेष गरीकन बालविवाह नै हो । अरु-अरु विदेशहरुमा बालविवाहको नियम छैन, भारतवर्षमा मात्रै छ, यसले उपर्युक्त (माथि लेखिएका) कुराहरुलाई समर्थन गर्छ ।

यसकारण जहाँसम्म सकिन्छ समग्र शक्तिको सञ्चय गर्नालाई विवाहको अवस्था बढाउनुपर्छ एवं यथासक्य बालविवाह पनि कम गर्दै जानुपर्छ ।

ई) बालविवाहको चौथो दुष्परिणाम विधवाहरुको सङ्ख्या बढ्नाले वेश्याहरुको सङ्ख्या बढ्नु तथा व्यभिचार-व्यसनको उन्नति हुनु हो । विषयमा लामो कुरा नलेखी सन् १९२१ सालको गभर्नमेन्ट सरकारका रिपोर्ट ९ऋभलकगक० चाँद नामक मासिक पत्रमा प्रकाशित भएको छ, त्यो तल उद्धृत गर्दछु :

यी कारणहरुबाट दिनरात विधवाहरुको सङ्ख्या बढ्दैछन् । सन् १९२१ ई. का जनसङ्ख्याको रिपोर्टबाट हिन्दू स्त्रीहरुको सङ्ख्या १० करोड ५६ लाख ११ हजार ८०२ छ जसमा विधवाहरुको सङ्ख्या २ करोड २ लाख १८ हजार ७८० छ । यसको तात्पर्य यो छ कि पुगनपुग प्रत्येक ५ हिन्दू स्त्री पछि एक विधवा स्त्री हुन्छे । यस प्रकार सेन्सुस रिपोर्टको अनुसार बाल र युवती विधवाहरुको सङ्ख्या तल लेखेअनुसार छ :

अवस्था	**स्त्री सङ्ख्या**	**विधवा सङ्ख्या**

१-५ वर्षसम्मकी	११,८५,०८६	१,४०४
५-१० वर्षसम्मकी	१३,८१,८२४	८,४७०
१०-१५ वर्षसम्मकी	९,४१,२१४	३५,४२८
१५-२० वर्षसम्मकी	१०,०२,५२४	९३,७१३
२०-२५ वर्षसम्मकी	९,४९,३६२	१,४६,६००
२५-३० वर्षसम्मकी	९,०४,५०८	२,२३,८६५

(चाँद अगस्ट १९२७ को वर्ष ५, खण्ड २, सङ्ख्या ४ बाट)

यसमा ३० वर्षदेखि अधिक अवस्थाकी विधवा तथा सधवा स्त्रीहरुको गणना छैन । यो तेस्रो कोष्ठको सङ्ख्या केवल बालविधवा र युवती विधवाहरुको हो ।

यी सङ्ख्या त बालविधवा र युवती विधवाहरुको भयो । अब वेश्याहरुको सङ्ख्यातिर पनि दृष्टि गर्नु अनुचित हुँदैन होला । वेश्याहरुको सङ्ख्या बढ्नु विधवाहरुको सङ्ख्या बढ्नाले हो, यिनीहरुको सङ्ख्या दिनु व्यर्थै छ । कलकत्ता, काशी, प्रयाग, बम्बई, लखनऊ आदि ठूला-ठूला नगर र तीर्थस्थानहरु वेश्याहरुद्वारा छोपिराखेका हुन्छन्, यो त सबै तीर्थयात्री र परदेश डुल्नेहरुलाई नै थाहा होला । यी सबै ठाउँको वेश्याहरुमा हिन्दू स्त्री अधिक हुन्छिन् ।

हिन्दूहरुको यस्तै दुर्दशा हुनाले मिस्टर फ्लिचर भन्ने एक अङ्ग्रेज व्यक्तिले- जो कलकत्ताबाट निस्कने प्रसिद्ध दैनिक स्टेटमेन्ट नामक पत्रिकाको सम्पादकीय विभागमा काम गर्दथे, जो अहिले पार्लियामेन्टका मेम्बर छन्, इङ्गल्याण्डको एक सभामा भाषण गर्दा भनेथे-

ज्लमग धष्मयधक बचभ कगित बत जयफभ बलम उचयकतष्तगतभक बदयबचम।

अर्थात् हिन्दू विधवाहरु घरमा कुकुर्नी तथा बाहिर वेश्या हुन् ।

(चाँद नवम्बर १९२७ बाट उद्धृत तथा अनुवादित)

विधवाहरुको यस्तो सोचनीय दुष्परिणाम नभएदेखि किन विदेशीहरुले हामीहरुको यस्तो हँसी र ठट्टा गर्दथे ?

वेश्याहरुको अधिक सङ्ख्या बढ्नाले व्यभिचार-व्यसनको उन्नति पनि त्यति हुँदैछ कि जसको वर्णन गर्नु नै साध्य छैन । अधिक सङ्ख्यामा नवयुवकहरु पनि व्यभिचार-व्यसनमा फस्नाले संसारभरमा नाना प्रकारका रोग फैलिरहेका छन् । वेश्याहरुको अधिक सङ्ख्या बढ्नामा प्रधान कारण बालविवाह नै हो ।

उ) बालविवाहको पाँचौँ दुष्परिणाम गर्भपात, भ्रुणहत्या र बालहत्या हो । यस विषयमा पनि धेरै लेख्नु व्यर्थै छ, कारण कि यसको परिणाम लोकमा सबै ठाउँमा प्रत्यक्षै छ । संसारभरमा जति गर्भपात, भ्रुणहत्य र बालहत्या हुन्छन् प्रायः सबै विधवाहरुका तर्फबाट हुन्छन्, यसका कारण प्रायः लोकलज्जाभय नै हो । नवयुवती बालविधवाहरुलाई ब्रह्मचर्यव्रतको माहात्म्य सिकाइएको छैन, तिनीहरुलाई पढाउनु-लेखाउनु त एकदम बन्द छ भने ती बालविधवाहरु ब्रह्मचर्यव्रतको महत्व जान्नमा कसरी समर्थ होलान् ? कुम्भका मेलामा, तीर्थ आदि स्थानमा विधवाबहिनीहरुले निकट सम्बन्धीहरुका तर्फबाट गर्भवती भईकन गर्भपात गर्छिन्, जन्मेका बालक बच्चाहरुलाई गङ्गामा अथवा झाडी आदि गुप्त स्थानमा फ्याँकिदिन्छिन्, यसैकारण प्रायः कुम्भ आदि मेला र तीर्थ जानेहरुमा विधवाहरुको सङ्ख्या पनि अनेक हुन्छ ।

गर्भपात र भ्रुणहत्य गर्नाले भगवान् परमेश्वरले बनाएका शरीरभित्रको सुन्दर चित्रकारी नष्टभ्रष्ट भएर जान्छ, जस्तो घडीका कलपुर्जाहरु अलि आघात मात्रैले बिग्रेर बेकाम भएर जान्छन्, ज्ञानवश अथवा अज्ञानवश सबैका तर्फबाट दोष हुन्छन् । तर अनुचित सम्बन्ध गरी फेरि गर्भपात गर्नु-गराउनु शरीरको नाशका साथसाथै धेरै पाप कमाउनु हो ।

यी सबै दुष्ट परिणाम बालविधवाका कारणले नै निस्केका हुन् । बालविवाह नभएदेखि न धेरै विधवाहरु थिए, न वेश्याहरुको सङ्ख्या बढ्थ्यो, न यस्तै गर्भपात आदि भयङ्कर परिणाम हुने थियो । अब यस विषयमा पनि एक-दुई दृष्टान्त दिइकन यस प्रकरणलाई समाप्त गर्छु ।

शिशु हत्या

मुजफ्फरनगरकी एक जैन विधवामाथि त्यहाँका पुलिसले आफ्नी नवजात कन्याको हत्या गर्नाका अभियोग चलाएको रहेछ । भन्छन् कि त्यो विधवा बाल्यकालदेखि विधवा भएकी थिई । त्यस विधवाको एक पुरुषसित सम्बन्ध भएको थियो, यसको फलस्वरुप एक कन्या जन्मिई, जसलाई त्यो विधवाले हत्या गर्नाका अभिप्रायले रेलको कोठाबाट फ्याँकेकी थिई ।

(सितम्बर १९२७ को चाँदद्वारा उद्धृत र अनुवादित)

मद्रास हाइकोर्टमा चीफ जस्टिस र खास जूरीका सन्मुख एक विधवा र त्यसकी आमामाथि शिशुहत्याको अभियोग चल्दैछ । पुलिसका तर्फबाट यो कुरा कहियो कि गत २९ जनवरीमा उक्त विधवाले एक बालकलाई प्रसव गरी, जसलाई त्यसले र त्यसकी आमाले एक ठुलो काठतल दाबीकन हत्या गरे । (जून १९२७ को चाँदद्वारा उद्धृत र अनुवादित)

यस्ता-यस्ता हजारौँ केस चल्दैछन् । गर्भपात, भ्रुणहत्या तथा बालहत्या भारतमा विशेष रुपले हुँदा अनेक दयालु डाक्टरहरुले यस्ता-यस्ता कुकर्म रोक्नलाई सर्वसाधारणका उपकारनिमित्त धेरै नोटिस दिएका थिए, ग्रन्थ विस्तार भयले ती नोटिसहरुलाई यहाँ उद्धृत गर्दिनँ ।

जहाँसम्म सकिन्छ त्यस्तो कुकर्मको शीघ्र अन्त्य गर्नुपर्छ, तब मात्रै सामाजिक सुधार हुनेछ । यो बालविवाहको चलन अब पनि रुकेन भने यो देवभूमि पुण्यभूमि भारतदेश त्यस्तो गहिरो हिलोमा फस्ला जहाँबाट उम्कनु पनि गाह्रो हुनेछ ।

अब बालविवाहको छैठौँ फल विधवाहरुको दुर्दशा भई क्रिस्तान र मुसलमान धर्म दीक्षित हुनु हो । त्यसो त यी दुवै मजहबका पादरी र मौलवीहरुले सबै वर्णका पुरुषहरुलाई पनि आफ्ना धर्ममा लिन्छन्, तर बालविधवा र कन्या-कुमारीहरुलाई त खोजीखोजीकन, होइन ज्यान फेँकिकन पनि लिन्छन् । यसका कारण यो छ कि यदि एक विधवा स्त्री तिनीहरुका धर्ममा भई भने एक विधवा स्त्रीबाट पछि सैकडौँ बालकहरुको जन्म हुनेछ । त्यसपछि तिनीहरुको धर्मको उन्नति हुनेछ ।

यस विषयमा अब धेरै के बयान गरुँ । दार्जीलिङ आदि स्थानमा नेपाली कन्या र विधवाहरुको धेरै सोचनीय दशा छ । अधिक सङ्ख्यामा नेपाली स्त्री-पुरुषहरु क्रिस्तान र मुसलमान हुँदैछन् । जुन जननीहरुका पेटबाट गौतम, कणाद, कपिल, व्यास आदि ऋषि तथा गौप्रजारक्षक भगवान् राम, कृष्ण, भीमसेन, अर्जुनजस्ता क्षेत्रीय वीरहरु जन्मन्थे, आजभोलि ती जननीहरुका पेटबाट गोभक्षक, हिन्दूकुलसंहारक, सत्यसनातनधर्मनाशक मिस्टर फोक्स, मिस्टर रैट तथा अल्ला मियाँ, खुदाबख्श आदि उत्पन्न भइरहेका छन् । अहो ! यो धेरै असह्य वेदना हुने विषय हो ।

यी सब कुपरिणाम बालविवाह गर्नाले विधवाहरुको धेरै सङ्ख्या बढ्नाले भएका छन् । विधवाहरुमाथि मुसलमान आदि विधर्मीहरुको कस्तो कस्तो विचार छ, चाँदबाट हिन्दीमा नै अविकल रुपले उद्धृत गर्छु-

इन्हीं बातोंकी ओर संकेत करते हुए हालमें ही लाहौरक वैरिस्टर मुहम्मद अमीन (भूतपूर्व लाला सागरचन्द) ने अपने एक भाष्णमें मुसलमानों से कहा है कि हिन्दूओंमें लगभग ढाई करोड विधवाएँ हैं, जो हिन्दूसमाजके जुल्मों के बजहसे तडप-तडपकर अपनी जिन्दगी बसर कर रही है । अगर मुसलमान इन विधवाओंको मुसलमान बनाने के लिए कोसिस करें तो इस्लामकी बहुत हद तक खिदमत कर सकेंगे । इसके लिए हर शहरमें मुसलमानोंका एक विधवाश्रम बनना चाहिए, जिसमें हिन्दी में यह लिखा हो कि जो विधवा यहाँ आकर शादी करना चाहती हो वह मुसलमान होकर खुसीसे कर सकती हैं । यस तरह अगर ढाई करोड हिन्दू विधवाएँ मुसलमान हो गई और उन्हें चार बच्चे पैदा हुए तो कुछ ही दिनों में हममें साढे बारह करोडकी तादाद मिल जाएगी और यह तादाद शुद्धि और संगठन आन्दोलनोंका नाश करेगी ।

एवं क्रिस्तानहरुको विचार पनि यस्तै छ ।

पाठक-पाठिकाहरु हो ! विवेकनेत्रले बालविधवाहरुको दशा हेर्नुहोस्, हेरेर विचार गर्नुहोस् कि अब यस्तो भयङ्कर परिस्थितिमा के गर्नुपर्छ । आउनुहोस्, अब एक-दुई बालविधवाहरुको आत्मकथा सुनाऊँ : एक बालविधवाको मार्मिक बिन्तीपत्र ।

अब भारतको रस रङ्ग भयो

१. **तिमि ईश्वर हौ प्रभु शङ्कर हौ,**
किन ता विपरीत भयङ्कर हौ
गर पार अपार ! सुधार अब,
गर प्यार उदार ! नमार अब ।
अघि सिंह भएर कुरुङ्ग भयो
अब भारतको रस भङ्ग भयो ।

२. **जसले सुविचार विकास गरे,**
श्रुतिग्रन्थसमूह प्रकाश गरे,
अति नै बढिया घटिया कब थ्यो
यस रीति ठुलो जब थ्यो, तब थ्यो ॥
अब ता अति नङ्गम नङ्ग भयो
अब भारतको रस भङ्ग भयो ॥

३. **अघि ता सुविवेक विचार गरी,**
स्मृति-ग्रन्थप्रकाण्ड प्रचार गरी
सब काम सुपूर्ण सदैव थियो

सब मानिसको शुभदैव थियो ॥
तब सत्पुरुषार्थ उमङ्ग भयो ।
अब भारतको रस भङ्ग भयो ॥

४. सधवा विधवा बहिनीहरुको
सकला विकला दुखिनीहरुको
सफला अफला ब्रतिनीहरुको
म सुनाऊँ कथा जननीहरुको ।
अति दुःखी सुनी मन तङ्ग भयो ।
अब भारतको रस भङ्ग भयो ॥

५. सुलभा अरु गार्ग्यभिधाजनले
बलले कलले तनले मनले
पुरुषार्थ गरी अति नाम गरिन्
परमार्थनिमित्त सुकाम गरिन् ॥
अब भोग-विलास तरङ्ग भयो ।
अब भारतको रस भङ्ग भयो ॥

६. अतिबाल भएर विवाह गरे
खुसीले धन वेपरवाह गरे ।
सबले अति वाह र वाह गरे
अरुले शुभ हर्ष अथाह गरे ॥

७. रुखको अथवा फल-मूल जरा,
वनमा बसने पशु हो कि चरा
कसलाई विवाह कहिन्छ कहाँ ?
यसको केही थाह थिएन यहाँ ।
यस रीति विवाह कुरुङ्ग भयो ।
अब भारतको रस रङ्ग भयो ॥

८. अतिबाल हुँदा पतियोग भयो
अति काल बितेर वियोग भयो
तब दुःख विशेष अथाह थियो,
तर योग-वियोग न थाह थियो ।
विरहानलमग्न पतङ्ग भयो ।

अब भारतको रस भङ्ग भयो ॥

९. घरमा बसदा अतिलालनले,
जननीहरुको अतिपालनले ।
युवतीत्व बढेर म ता झलकें
शशितुल्य, प्रकाश भई सलकें ।
मनमा त प्रवेश अनङ्ग भयो
अब भारतको रस भङ्ग भयो ॥

१०. विधवानलले परिताप भयो
केही देवविशेष कुशाप भयो ।
सुख शून्य भयो, दिन रात भयो,
शुभ पुष्प प्रफुल्लित पात भयो ।
यसरी घरहीन विहङ्ग भयो
अब भारतको रस भङ्ग भयो ॥

११. सब सार असार प्रतीय भयो,
दुखमा दिन-रात व्यतीत भयो ।
अशुश्राश्रु कदुष्ण विमोचनले
मुख मैल गरैँ अतिशोचनले ।
शुभ रङ्ग अहो ! बदरङ्ग भयो
अब भारतको रस भङ्ग भयो ॥

१२. यस यौवनको मद दूर गरे
व्रत-पूजन आदि सुपूर गरे ।
जननीहरुको उपदेश भयो,
घरमालिकको अतिदेश भयो ॥
अति उज्ज्वल अङ्ग विभङ्ग भयो
अब भारतको रस भङ्ग भयो ॥

१३. जुनले विधिले शुभ इष्टि गरे
घरका जनले त कुदृष्टि गरे !
घरमा अरु माइतमा पतिको
व्रत-भेष गरी बसदा यतिका ॥
स्वकुटुम्बसितै व्रत भङ्ग भयो

अब भारतको रस भङ्ग भयो ॥

१४. अतिगुप्त कुगर्भ उभेर गयो
दिनमा पनि पेट बढेर गयो ।
निज बान्धवको डरले करले
अतिदूर पठाइदियो खरले ॥
अति दु:ख र कष्ट प्रसङ्ग भयो
अब भारतको रस भङ्ग भयो ॥

१५. अति दु:ख सहिकन काल बिते
शुभ भोजनबेगर साल बिते ।
सुत जन्म भएर अमङ्गलमा,
तब फैँकि दिञ्यूँ त्यस जङ्गलमा ।
सब रोग- विराग विरङ्ग भयो
अब भारतको रस भङ्ग भयो ॥

१६. अयि देवी ? यहाँ कसको भरले
तिमी आई बस्यौ कसको करले ?
चल, आउ न, पालनपोषणको
म प्रबन्ध गरुँ दुखशोषणको ।
अब ता यरी रस रङ्ग भयो
अब भारतको रस भङ्ग भयो ॥

१७. बसदा त्यस पादरीको भरमा,
खलले त लुकेर भने घरमा ।
अब हिँड मसितै न अबेर गरे,
शुभ शीघ्र निकाह गरेर तरे ।
तडपी मृगतोय तरङ्ग भयो ।
अब भारतको रस भङ्ग भयो ॥

१८. व्रत भष्ट गरे त्यस दुर्जनले
पछि आइ भनिनु कुलटाजनले
चल, मालिकनी नि भएर बसे
बदमाससितै नगएर फँसे ।
यस रीति अनेक कुढङ्ग भयो

अब भारतको रस भङ्ग भयो ॥

१९. **यस रीति म ता फँसदा खसदा,**

घरमा सबको पदा बसदा ।

न यता न उता कहिँ त्राण भयो

अब हिन्दूसभातिर प्राण भयो ।

यस रीति कुढङ्ग सुढङ्ग भयो ।

अब भारतको रस भङ्ग भयो ॥

२०. **नृप भीम ! प्रभो ! नवराज प्रभो**

तिमि हौ सुतरक्षकराज प्रभो !

विधवाजनको दुख दूर गर

दुखिनी जनको मन पूरा गर ॥

तव भारतभानु प्रचण्ड हुने

नव भारतको त घमण्ड हुने ॥

*(**शङ्कर-** कल्याण गर्ने, **अपार**- सीमारहित सर्वव्यापक, **कुरुङ्ग**- हरिण, मृग, **श्रुति**-वेद, **स्मृति**-मनुस्मृति आदि धर्मशास्त्र, **प्रकाण्ड** - समूह, **शुभदैव** - असल भाग्य, **उमङ्ग**- उत्साह, **सकला**-कलाकौशल जान्नु विदुषी स्त्री, **विकला**- दुःखिता दुःखमा फसेकी, **सफला** - पुत्रवती अथवा आफ्ना माममा सफल भएकी, **अफला**- सन्तानरहित अथवा आफ्ना काममा सफल नभएकी, **व्रतिनी** - व्रत-उपवास गर्ने, **जननीहरुको** -स्त्रीजनहरुको, तस्त्रीजनहरुको, **तङ्ग**- दिक्क, **सुलभा**- महाराज जनकसित शास्त्रार्थ गर्ने, **गार्ग्यभिधाजनले** - याज्ञवल्क्य ऋषिसित शास्त्रार्थ गर्ने गार्गी नामकी देवीले, **बलले** - शारीरिक अथवा विद्याबलले, **कलले** - कलाकौशल आदि विद्वताले, **कुरुङ्ग**- केही रसरङ्ग नभएको, **पतङ्ग**-आगोमा खसेर मर्ने सानो कीरा, **शशितुल्य-** चन्द्रमाजस्तो, **अनङ्ग**- विषयवासनारुप, कामदेव, **परिताप**- ठूलो चिन्ता, **कुशाप-** दुःख दिने श्राप, **प्रफुल्लित**- खिलेको, **विहङ्ग**- चरा, **प्रतीत**- ज्ञान, **व्यतीत**- बितेको, **अशुभाश्रु**-अमङ्गलसूचक आँसु, **कदुष्ण**- कुत्सित तातो, **विमोचनले** - आँखाबाट छुट्नाले, **अतिदेश**- विशेष आज्ञा, **विभङ्ग**-उपवास गर्नाले बेसरी गलेको, **इष्टि**- होम, यज्ञ आदि धार्मिक कार्य, **यतिको** -सन्यासी वैरागीको, **खरले** - गधाले, नीचदुष्टजनले, **विरङ्ग**- आनन्दरहित हुनु, नष्ट हुनु, **दुःखशोषणको** - दुःख दूर गराउने, **खलले** -दुष्ट- गुण्डाले, **पादरी**-क्रिस्तानधर्मको प्रचार गर्ने, **निकाह**-मुसलमानहरुको विवाह विधि, **मृगतोय**-मृगतृष्णाको तरङ्ग, **कुलटाजनले** -वेश्याले, **मालिकनी**-यहाँ वेश्याको अभिप्राय छ, **हिन्दूसभा**-हिन्दूस्थानभरका विद्वानहरुको स्थापित सभा, **भीम**-ईश्वरपक्षमा दुष्टहरुका लागि भयङ्कर स्वरुप/श्री३ महाराजका पक्षमा महाराजको सार्थक नाम, **नवराज**-भगवान्का पक्षमा नयाँ रुपले सधैँ एकरस भएर विराजमान रहने/श्री ३का पक्षमा हाल राज्याभिषेक भएका ।)*

अहो! विधवा बहिनीहरुको दशा पनि कस्तो हृदयविदारक तथा सुखसंहारक छ ! यी हतभागिनी बहिनीहरुको कस्तो करुणोत्पादक दुःख र लज्जास्पद दृश्य छ । यिनीहरुका सोचनीय अवस्था लेख्नलाई हात काँप्दछ, हृदय भाँचिन्छ, चित्त खिन्न हुन्छ, भाव भिन्न हुन्छ, विचार विच्छिन्न हुन्छ, बुद्धि जीर्ण हुन्छ, हृदय शीर्ण हुन्छ, मन वेदनाले विदीर्ण हुन्छ, आत्मा महाकष्टले आकीर्ण हुन्छ,

रोमाञ्च खडा हुन्छ, दुःखान्त खडा हुन्छ,कलम पनि चल्दैन, आँखाले पनि देख्दैन, प्रत्युत अश्रुधाराले आँखालाई छोपिदिन्छ । अहो! हतभागिनी बालविधवाहरुको दुःख कसले वर्णन गर्न सक्ला ?

पूर्ववर्णित (२०,२१८,७८०० दुई करोड, दुई लाख अठार हजार, सात सय अस्सी विधवा बहिनीहरुले आजन्म ब्रह्मचर्यको कठोर व्रत धारण गर्नुपर्दछ । यिनीहरुको ब्रह्मचर्य व्रत सफल भएर पार लाग्नु पनि समुद्रमा ढुङ्गा तराउने कुराजस्तै छ । ब्रह्मचर्यको व्रत पूर्णज्ञानले र विशेष धार्मिक भावले निभ्दछ, जबरजस्तीले ब्रह्मचर्यव्रत पार लाग्दैन, ब्रह्मचर्यव्रत धारण गर्नु धेरै पवित्र काम हो, तर

क्षुरस्य धारा निशिता दुरत्यया ।

दुर्गं पथस्तत्कवयो वदन्ति ॥

(कठ. अ. १।१४।३)

यो बाटो तेज तरवारको धारमा हिँड्नुजस्तै दुर्गम हो, यो जस्तो ठुलो व्रत अरु केही छैन । जस्तो ब्रह्मचर्यको महिमा ठुलो छ, त्यस्तै यस व्रतलाई पूर्ण रुपले निभाउनु पनि सारै नै गाह्रो रहेछ । वर्तमान, भूत र भविष्यत्का कुरा जान्ने कस्ता-कस्ता ऋषिहरु त पथभ्रष्ट भए, फेरि यिनीहरुको के कुरा जसले ब्रह्मचर्य कुन चराको नाम हो, यो पनि जानेका छैनन् ?

यसकारण यिनीहरुको कसैसित अनुचित सम्बन्ध हुनु धेरै सम्भव छ । साठी वर्ष पुगेको बूढो पिताकी दुई तरुणी स्वास्नी हुन्छिन्, नित्य तिनीहरुसँग हाँसी-ठट्टा र भोगविलासको कुरा हुन्छ । त्यसै घरमा १६-१७ वर्षकी तरुनी विधवा एक कुनातिर आफ्नो दुर्भाग्यको दशाले दुःखित भई, रोई आफ्नो सौम्य सुन्दर मुखकमललाई अश्रुधाराले कलुषित गरी एकान्तमा बसिरहेकी हुन्छे । बूढोले यस्तो भोगविलासमा फस्नु किन्तु तरुणी विधवालाई यो संसार झुठै हो भनी वैराग्य र सन्यासको उपदेश ! यो कुरा कहाँसम्म उचित छ, तथा कहिलेसम्म विधवाहरुका यो दुःखदायिनी, मनस्तापिनी, हृदयहारिणी, हर्षदारिणी दशा निभ्ने हो ? यस्तो ठुलो विकट प्रश्न अहिले हिन्दूजातिको सन्मुख उपस्थित भइरहेको छ ।

घरमा धेरै दुःख सहेर बसोस् तापनि यिनीहरु निकट सम्बन्धीहरुका तरफबाट गर्भवती हुन्छन्, गर्भवती भएपछि विधवाका सम्बन्धीहरुले लोकलज्जभावले तीर्थयात्राको बहाना गरी गर्भिणी विधवाहरुलाई परदेशमा लान्छन्, बीचैमा कुनै स्टेशनमा अथवा अन्यत्र कुनै तीर्थस्थानमा विधवाहरुलाई छाडेर आफू मात्रै घरमा भागेर आउँछन् । अब बिचरी विधवा बहिनीहरुको के दशा हुने हो ? लज्जा-भय-विभूषणा कुलीन विधवा बहिनीहरुले अब कसको शरणमा जानुपर्ने हो ? अथवा तिनीहरुले कुन बाटो समात्ने हो ?

अन्तमा प्रायः यी बालविधवाहरु बद्मास मुसलमान र लुच्चा गुन्डाहरुका जालमा फस्छन् जसको वशमा भईकन अनेक गुन्डाहरुद्वारा जबरजस्ती यिनीहरुको सतीत्व नष्ट हुन्छअथवा भाग्यवशले कुनै क्रिस्तान पादरीका हातमा पुग्छन् ।

आखिरमा जस्तो पहाडबाट खसेको पानी यताउता गुफाहरुमा ठक्कर खाँदाखाँदै गङ्गामा पुग्छ, त्यस्तै विधवाहरु पनि यताउता ठोकर खाईकन येनकेन गङ्गारुप हिन्दूसभामा पुग्छन् तथा सभाद्वारा नै सुरक्षित हुन्छन् । थाहा नभएका, लुकाएका सैकडौं विधवाहरु त डुबेजस्तै लोप भएर जान्छन् ।

बालविधवाबाट निस्केका यी सबै दु:खदायी कारणहरुलाई हेरी यस कुप्रथाको निवारण गर्नाका निमित्त काशी हिन्दू विश्वविद्यालयका संस्थापक हिन्दूजातिका संस्कारक तथा उद्धारक श्रीमान् मदनमोहन मालवीयजीको सभापतित्वमा श्री तीर्थप्रसाद प्रयागद्वारा सम्बत् १९९४ माघ कृष्ण ११ देखि माघ शुक्ल २, तदनुसार सन् १९२८ ता. १८ देखि २४ सम्म अखिल भारतवर्षीय सनातन धर्म महासभाको अधिवेशन भएको थियो । यस महासभामा भारतवर्षका ठूला-ठूला प्रख्यात पण्डितहरु जम्मा भएका थिए । सर्वसम्मतिको अनुसार बालविवाह निषेध विषयक तल लेखिएका प्रस्तावहरु पास भए :

प्रस्ताव ७

क) इस सनातन धर्म महासभाकी सम्मतिमें किसी भी हिन्दू बालकका विवाह संस्कार १८ वर्षके भीतर नहीं होना चाहिए ।

ख) यस महासभा हिन्दू जातिको उपदेश करती है कि कन्याओंका विवाह उनका बारहवाँ वर्ष आरम्भ होने से पहले कदापि न किया जाय ।

प्रस्ताव ८

इस सनातन धर्मसभाकी सम्मतिमें जातिके बल और धर्मकी बुद्धिके लिये यह अत्यन्त आवश्यक है कि विवाह संस्कार हो जाने पर भी स्त्रियोंका पतिसमागम १६ वर्षके पूर्व न हो ।

प्रस्ताव १०

सारे भारतवर्षके सनातन धर्मियोंकी यह महासभा जिसमें भारतवर्षके अनेक प्रान्तों के योग्य विद्वान, महात्मा और धर्मनेता सम्मिलित हुए हैं, बालविवाहकी प्रथाको अत्यन्त हानिकारक समझती है और उसको रोकने का प्रबन्ध कर रही है .....

यी माथि लेखिएका प्रस्तावहरुको अभिप्राय स्पष्टै छ कि यो भयङ्कर बालविवाहको प्रथा एकदम निर्धारित गरियोस् ।

नेपालका अधीश्वर श्री ३ महाराज तथा सनातन धर्मरक्षक सकल विद्वानहरुसित मेरो यो सविनय निवेदन छ कि कमसेकम ठीक यसै प्रकारको विवाह विषयक कानुन नेपालमा पनि प्रचलित गरियोस् जसबाट नेपालका समग्र हिन्दू जातिको सुधार होस् ।

बालविधवा बहिनीहरुको धेरै दु:ख र विपत्ति हेरी-हेरी एकफो योगीश्वर महात्मा गान्धीजीले मद्रास पचैयप्पा कलेजका छात्रहरुको अभिनन्दन पत्रको उत्तरस्वरुप तल लेखिएको नैसर्गिक अध्यात्मपूर्ण दिव्यवाणीबाट आफ्नो हृदयको वास्तविक उद्गार लेखेथे :

ू क्ष जबखभ यातभल कबष्म कभअचभतथि तय न्यमस् क्ष थयग धबलत ռभ तय ष्खिभ, धजथ मय थयग ռबपभ ռभ धष्तलभकक तजभकभ तचबनभमष्भकरु||||||||| थ्यग ռगकत मभतभचकष्लभ तय ռबचचथ यलथि धष्मयधभम नष्चकि। थ्यग कजयगमि ռबपभ तजष्क चभकयखिभ बलम बललयगलअभ ष्त तय तजभ धयचमि। धष्मयधजययम ष्ल ज्ष्लमगष्कः ष्क बल बदगक या बिलनगबनभक, बल बदगकभ या तभचकक बलम ब कबअचषभिमनभ।क्षत ष्क ब खष्यभिलअभ या तचगतज। क्षल थयगच कभबचअज ायच तचगतज बलम पलयधभिमनभ ռबपभ तजष्क चभकयखिभ। क्षत दभअफभक थयगच कबअचभम मगतथ तय ռबपभ तजष्क मभतभचकष्लबतष्यल। ब्क यिलन बक तजभचभ ष्क यलभ कष्लनभि धष्मयध धबलतष्लन तय ागािर्षि जभच ागलमकभलतर्बा चष्नजतक, धजय ष्क खष्यभिलतथि उचभखभलतभम ाचयफ जभच मयष्लन, कय यिलन बक ष्त धर्षी लयत दभ चभष्निष्यल। क्षत धर्षी दभ ष्चचभष्निष्यलू

भावार्थ-अनुवाद : मैले परमात्मासित एकान्तमा बारम्बार यस कुराको प्रार्थना गरें कि हे परमात्मन् ! यदि हजुरले मलाई जीवित राखिबक्सिन्छ भने किन मलाई हजुरले यस्तो दारुण र मर्मस्पर्शी दृश्य देख्नलाई विवश गरिबक्सिन्छ ?

हे विद्यार्थीहरु हो ! तिमीहरुले केवल बालविधवाहरुसित नै विवाह गर्नलाई सङ्कल्प गर्नुपर्दछ । तिमीहरुले यो सङ्कल्प गरी संसारको सन्मुख यस सङ्कल्पलाई प्रस्तुत गरिदिनुपर्दछ । हिन्दूधर्ममा 'वैधव्य' भाषा र शब्दको दुरुपयोग हो । यो धर्मको हत्या हो, सत्यको हिंसा हो । यदि तिमीहरुले सत्य र ज्ञानको खोज गर्ने इच्छा राख्दछौ भने यो सङ्कल्प गर्नु, यस्तो सङ्कल्प गर्नु तिमीहरुको पवित्र धर्म हो । जबसम्म देशमा एक पनि विधवा यस्ती होउन्-जो इच्छा भएर पनि आफ्ना साधारण मानवीय अधिकारहरु प्राप्त गर्नलाई बलपूर्वक वञ्चित हुन्छिन्-तबसम्म वैधव्य धर्म होइन, यो अधर्म हो ।

नेपाली वीर भाइहरु हो ! हाम्रो यो भारत देशमा तीनथरीकी लक्ष्मी हुन्छिन्, एक सम्पत्ति-लक्ष्मी, दोस्रो गौ-लक्ष्मी र तेस्रो स्त्री-लक्ष्मी । यी तीनमा सम्पत्तिरुप लक्ष्मीलाई हामीहरुले पुरुषार्थशून्य भइकन हराइसकेका छौँ । केही इलम र विद्या जानेका छैनौँ, व्यापार आदि व्यवहार गर्ने विचार छैन, फेरि सम्पत्तिरुप लक्ष्मी कहाँबाट आउने हो ? किन्तु अलिअलि घरमा भएकी पनि जुवा, थिएटर, नाच-तमासा आदि व्यसनमा खर्च गर सम्पत्ति समाप्त भई सकियो । यस रीतिले सम्पत्तिरुप लक्ष्मीलाई त हामीहरुले हराइसकेका छौँ । द्वितीय गौरुप-लक्ष्मी हुन् । अघि-अघि यहाँ भारतप्रदेशमा घिउ-दूधको नदी बग्थ्यो । एक पैसाको घिउले जहानभरलाई पर्याप्त थियो भनी कथाजस्तै सुनिन्छ । तर आज-भोलि एक-दुई पैसाको त पसलेहरुले घिउ दिँदैनन्, धेरै कराएर दियो भने पातमा अलि घिउ छुवाइ मात्र दिन्छन् । यस्तो परिणाम किन ? कारण यही हो कि गौरुप-लक्ष्मीलाई पनि क्रिस्तान र मुसलमानहरुले सिध्याउँदैछन् । भारतमा प्रत्येक वर्ष लाखौँ गाईहरु काटी जान्छन् । यसकारण कलकत्तामा क. रु. १ का दुई सेरको दूधमा पनि पानी मिलेको हुन्छ, एवं नेपालजस्तो स्वर्गभूमिमा चार आना मानाको दूधमा पनि पानी मिलेको हुन्छ । अब घरमा बाँकी बचेकी स्त्रीरुपा-लक्ष्मी हो । अघि लेखिआएँ कि :

स्त्रियः श्रियश्च गेहेषु न विशेषोऽस्ति कश्चन ।

(मनु.)

अर्थात् स्त्री र लक्ष्मीमा केही फरक छैन । स्त्री नै घरकी ज्योतिष्मती लक्ष्मी हुन् । यी लक्ष्मीमा १ वर्षदेखि २० वर्षसम्मका लाखौ बालविधवाहरु हुन्छन् । विधर्मीहरुले यिनीहरुलाई रातौँदिन लुट्दैछन् । ती घरका लक्ष्मीहरु विधर्मदीक्षित हुँदैछन् । अघि भारतीय द्विजहरु आचार्यदीक्षित थिए, अब लाखौँ द्विज र लक्ष्मीहरु विधर्मदीक्षित हुँदैछन् ।

अहो ! कस्तो घोर कलिकालको यो समय हो ! नेपालवासी वीर भाइहरु हो ! साल-सालमा हामीहरु व्यर्थै लक्ष्मीपूजाको दिन एक-दुई पैसाको तेलबाट पिलीपिली बलिरहेका बत्तीको प्रकाशमा घरमा लक्ष्मीपूजा गर्दैछौँ, किनभने घर ता लक्ष्मीशून्य हुँदैछन् । दिनौदिन यी हजारौँ तीन प्रकारका लक्ष्मीहर अत्याचारपीडित भई घरबाट भाग्दैछन् । जहाँ यी तीन प्रकारका लक्ष्मी हुँदैनन्, त्यहाँ कसरी स्वर्गको दरबार हुन सम्भव होला ? यी तीन प्रकारका लक्ष्मी नभएको देश त नरकको दरबारतुल्य हुन्छ । जबसम्म सबै वीर नेपालीहरु जागृत हुँदैनन्, तबसम्म न लक्ष्मीको सम्मान हुन्छ, न भारतको कल्याण हुन्छ ।

अहो ! नेपाल ! जब नेपाल शब्दको स्मरण हुन्छ, जहाँ बसे पनि हृदयमा आनन्दको तरङ्ग टकराउन थाल्छ । अहो हाम्रो स्वर्गभूमि नेपाल ! साँच्चै त हो :

जय नेपाल ! जय नेपाल ! कर्म अरु तप-भूमि ॥

नेपाल यो पवित्र नाम, ऋषिहरुको शुद्ध धाम ।

गीत हुन्थ्यो वेद साम, सबको हुन्थ्यो पूर्ण काम ॥ जय ॥

नृपति 'भीम' को बास, भइरहछ सबको आस ।

आर्यावर्तको यो श्वास, स्वर्ग-भूमि यो हो खास ॥ जय ॥

स्वतन्त्र देशको यो सार, हर्ने सबको दुःखभार ।

शत्रुहरुको हुन्छ हार, नित्य हुन्छ कारबार ॥ जय ॥

विजय हुन्छ बार-बार, रणमा पुग्छ बार-बार ।

धीर वीर ! मार मार, शत्रुरक्त धार-धार ॥ जय ॥

शत्रुरुप कालकाल, देशरुप भालभाल ।

धर्मधान्यमालमाल, पालने नेपाल! पाल ! ॥ जय ॥

अहो ! हाम्रो नेपाल यस्तो कर्मभूमि र तपोभूमि रहेछ ! यस्तो स्वर्गभूमि रहेछ । किन्तु अहिले धेरै बालविधवाहरु वैधव्यदुःखले दुःखित आफ्ना दुर्भाग्यका परिणामले एक कुनातिर बसी, हार्दिक आहले निक्लेका तप्त अश्रुजलले आफ्ना सुन्दर मुखलाई बिगारी स्वर्गभूमिलाई कलुषित गरिरहेका हुन्छन् । अरु एकातिर सैकडा ९० भन्दा बढ्ता नेपालका मानिसहरु बेकारैमा आफ्ना-आफ्ना जीवन बिताउँदैछन् । कुनैले एक-दुई पैसाको भटमास, मकै अथवा उसिनेको आलु आदि खाई, कुनैले एकै छाक मात्रै खाई, भोकै बसी पच्चीस, त्रिपाशा आदि खेली आफ्ना-आफ्ना अमूल्य जीवन बिताइरहेका छन् । अहिले नेपालमा जस्तो अन्न आदि सस्तो कुनै ठाउँमा छैन । नेपालमा यस्तो बेकारमा बसी जीवन बिताउने मानिसहरु पनि कुनै ठाउँमा छैनन् । हाम्रा स्वर्गीय श्री ३ चन्द्रशमशेर महाराजले रोपवे ९च्यउभ(धबथ० स्थापित गरी नेपाललाई उज्ज्वल गराइबक्स्यो । तर यसले हजारौँ कुल्लीहरु बेकार भएर दुःखित भई हिन्दुस्तानतिर आई दरबान, चपरासी तथा कुल्लीको काम गरी येनकेन जीवन निर्वाह गर्दैछन् । अरु-अरु धेरै भाइहरु त यस्तो काम पनि नपाई यता-उता भट्किरहने पनि अनेक छन् । यसको परिणाम यो हुँदैछ कि अहिले नेपाल राष्ट्र सङ्गठित नभई विच्छिन्न भइरहेको छ । यो दुःखको विषय हो । अब मलाई यो ठुलो आशा छ कि नेपालमा अधीश्वर श्री ३ महाराज भीमशमशेर जङ्गबहादुर राणाबाट यी सबै प्रकारका दुःख दूर गरिबक्सनेछ ।

सरकारबाट राज्याभिषेकको शुभ अवसरमा कपासको र नमकको कर माफी गरिबक्सँदा दुनियाँहरुलाई चारैतिरबाट आनन्द हुँदैछ । हिन्दुस्तानका ठुला-साना सबै प्रकारका मानिसहरुले पनि यो शुभ समाचार सुनी हर्ष मनाउँदैछन् । भविष्यमा पनि सरकारबाट यस्तै सुधार गरी अमृतवर्षा गरिबक्सेछन् भन्ने सबै दुनियाँहरुलाई ठूलो आशा छ । तब मात्रै बङ्गालका ठूला विद्वान बंकिमचन्द्र चटर्जीले लेखेका निम्नलिखित कविताअनुसार हाम्रो यो जननी जन्मभूमि-मातृभूमि यथानाम तथागुणयुक्त हुनेछ :

सुजलां सुफलां मलयज शीतलाम्,

शस्यश्यामलां मातरम्, बन्दे मातरम् ॥

कोटिकोटिभुजैर्धुतखरकारवाले ।

के बोले मा ! तुमि अबले ।

बहुते तुमि मा ! शक्ति तुमि मा ! भक्ति,

तुमरी प्रतिमा गडी मन्दिरे मन्दिरे ॥

इत्यादि ॥

अब बालविधवाहरुका विषयमा एक-दुई ऋषिहरुको सम्मति लेखी यस प्रकरणलाई समाप्त गर्छु :

ती विधवाहरु जो आजन्म ब्रह्मचर्यजस्तो कठोर व्रतलाई निभाउनमा समर्थ हुन्छन् तथा पतिव्रतधर्ममा नै दृढ हुनलाई आजन्म इच्छा गर्छन्, त्यस्ता विधवाहरुले पतिव्रता भईकन पतिव्रतधर्ममा नै आफ्ना बिताउन यस्तो आचरण गरी जीवन बिताउनु धेरै पवित्र काम हो । यो ठूलो तपस्या हो । यस्ता पतिपरायणा सती विधवादेवीहरुलाई केही कारणवश आर्थिक कष्ट भएर अति दु:ख हुने बेलामा यी देवीहरुलाई सरकारद्वारा सुरक्षाको सुव्यवस्था गरी प्रबन्ध गरिदिनुपर्छ ।

साँच्चै भन्नुपर्‍यो भने पतिव्रता सतीको सन्मुख 'विधवाविवाह' यो शब्द अति नै कठोर छ,दु:खदायी छ, गालीजस्तै घृणित छ, कुत्सित र कर्णकटु छ । एवं हृदयविदारक पनि छ । किन्तु ती बालविधवा जले पतिव्रताको मतलब नै जानेको छैन, जो १० वर्षदेखि १५ अथवा २० वर्षसम्मका हजारौँ हुन्छन्, जसले कुन बेलामा तिमीहरुको विवाह भएको थियो भनी पूर्णरुपले जानेका छैनन् । यौवन अवस्थामा पुनर्विवाहको इच्छा हुने यस्ता बालविधवाहरुलाई आजन्म ब्रह्मचर्यजस्तो कठोर व्रतलाई पालन गराउनका निमित्त जबरजस्ती नगरियोस् । पुनर्विवाहको इच्छा हुने बालविधवाहरुलाई बाटो खुला रहोस् । किनभने आजन्म दु:खसागरमा डुबिरहनुभन्दा अथवा ज्ञान-अज्ञान, लोभ-मोहवशले सतीत्व नष्ट गर्नु-गराउनुभन्दा फेरि विवाह गरी संसारको उपकार गर्नु हजारौँ गुणा वेश छ । विद्वान् पाठकहरु हो ! हृदयपट खोली राम्ररी विचार गर्नुहोस् कि सती सीताजस्तै आफ्नो सतीत्वका घमण्ड गर्न सक्ने आजभोलिका विधवाहरु कति होलान् ? यसकारण अप्रकट रुपले दुराचार गरी लोकनिन्दित भई जिउनुभन्दा पुनर्विवाह गर्नु नै जाती छ ।

बालविधवाहरुका विषयमा ऋषिहरुको यस्तो सम्मति छ :

१. **साचेदक्षतयोनिः स्याद्गतप्रत्यागताऽपि वा ।**

पौनर्भवेन भर्त्रा सा पुनः संस्कारमर्हति ॥

(मनु. अ. ९। १७६)

भावार्थ : ती बालविधवा जो अक्षतयोनि अर्थात् पतिसंयोग नभएका हुन्छनु, पतिका घरमा गएर फेरि ओहरा-दोहरा गरे तापनि यदि तिनीहरु पतिसंयोगरहित हुन्छनु भने ती बालविधवाहरुको फेरि संस्कार गर्नु हुन्छ । यो सम्मति सृष्टिको आदिमा धर्मशास्त्र बनाउने महाराजको हो ।

२. **अक्षता च क्षता चैव पुनर्भूः संस्कृता पुनः ।**

(याज्ञवल्क्य अ. १।६७)

भावार्थ : अक्षतयोनि (पतिसंयोग नभएकी) अथवा क्षतयोनि (पतिसंयोग भएकी) विधवा होस् तापनि यस्ता विधवाहरुको विवाह-संस्कार गर्दा तिनीहरुको नाम 'पुनर्भू' हुन्छ । यो सिद्धान्त याज्ञवल्क्य ऋषिको हो । अरु-अरु ऋषिहरुले पनि यस विषयमा धेरै वर्णन गरेका छन् ।

माथि लेखिएका ऋषिहरुको यो अभिप्राय हो कि सती पतिव्रताहरुले त आजन्म ब्रह्मचर्य नियममा बसी आफ्ना जीवन बिताउनु, किन्तु जुन बालविधवाहरु ब्रह्मचर्य नियमलाई निभाउन सक्दैनन्, अर्थात् जसले आफ्नो यौवन अवस्थामा कामवासनाको उद्वेगलाई थाम्न सक्दैनन्, त्यस्ता विधवाहरुलाई पुनर्विवाहको विधान छ । यो आपत्कालका निमित्त हो । दुराचारी हुनु र रातौंदिन कामाग्निमा जलिरहनु भन्दा पुनर्विवाह धेरै जाती छ ।

यी महर्षिहरुको सम्मतिका अनुसार यस विषयमा ईसाई मतका प्रवर्त्तक महात्मा ईसाले पनि आफ्नो पवित्र हृदयबाट ठीक यस्तै सौजन्य भाव प्रकट गरेका छन् :

ू्क्त ष्क नययम ायच ब ञबल लयत तय तयगअज ब धफबल। ल्भखभचतजभभिकक, तय बखयष्म ायचलष्अबतष्यलक, भित भखभचथ ञबल जबखभ जष्क यधल धषभ बलम भित भखभचथ धफबल जबखभ जभच यधल जगकदबलम। क्ष् कबथ तजभचभायचभ, तय तजभ गलकबचचष्मम बलम धष्मयधक, ष्त ष्क नययम ायच तजभ्र ष तजभथ बदष्मभ भखभल बक क्ष द्यगत ष तजभथ अबल लयत अयलतबष्ल, भित तजभ्र ञबचचथस ायच ष्त ष्क दभततभच तजबल तय दगचल।ू

९ल्भध त्भकतकभलत ज्ञ ऋयचभलतजष्बलक ठस्ज्ञ(द्द, ड(ढ उबनभ ढज्ञढ०

भावार्थ : मनुष्यलाई यो असल कुरा हो कि त्यसले स्वास्नी मानिसको स्पर्श नगरुन् । त्यसमा पनि व्यभिचारबाट बच्नलाई प्रत्येक पुरुषले स्त्रीसित तथा प्रत्येक स्त्रीले पुरुषसित विवाह गर्नुपर्छ । यस कारण म (ईसा) अविवाहित र विधवाहरुलाई भन्छु कि जस्तो म अविवाहित अर्थात् ब्रह्मचर्य नियमलाई पालन गर्दैछु त्यस्तै यदि तिनीहरुले पनि गर्न सक्छन् भने यो अति असल कुरा हो । किन्तु यदि तिनीहरु आत्मसंयम गर्न सक्दैनन् भने तिनीहरुले विवाह गरुन् किनभने कामाग्निमा जल्दै रहनुभन्दा विवाह गर्नु धेरै श्रेष्ठ छ ।

यस लेखबाट यो प्रकट हुन्छ कि यो महात्माको शुद्ध हृदयबाट कस्तो पवित्र उद्‌गार निस्केको रहेछ ! यो उच्च भाव माथि लेखिएका ऋषिहरुको सम्मतिसित कस्तो समानता सिद्ध गर्छ !

यहाँ पनि यो विचारणीय कुरा हो कि स्त्रीहरुले त आजन्म पतिव्रताधर्म पालन गर्नुपर्छ, यो धेरै वेश छ, किन्तु भगवान् रामचन्द्रजीजस्ता आजन्म एकपत्नीव्रत धारण गर्ने यस संसारमा कति पुरुषहरु होलान् ? के सन्तोषजनक उत्तर कसैले दिन सक्छ ? आफ्नी धर्मपत्नीको देहान्त हुँदा त्यसको मृत देह श्मशानभूमिमा पुग्न पनि पाउँदैन पुरुषहरुले अर्को विवाह गर्ने कुरा चल्न थाल्छ । किन्तु स्त्रीजनलाई मात्रै आजन्म वैधव्य जीवन गर्ने तथा दु:खसागरमा डुबिरहने नियम जबरजस्ती गराउँछन् । यो अन्यायको कुरा हो । जस्तो विवाहित पत्नीलाई पतिव्रता हुनु आवश्यक छ त्यस्तै विवाहित पतिलाई पनि एकपत्नीव्रत गर्नु आवश्यक छ । ब्रह्मचर्य नियमको पालन गर्न नसक्ने पुरुषहरुलाई जस्तो पुनर्विवाहको द्वार खुला छ, त्यस्तै बालविधवाहरुलाई पनि खुला हुनुपर्छ । यो ऋषिहरुको सम्मति हो ।

नेवार जातिमा त पुनर्विवाहको नियम छ । गोरखा जातिमा पनि यसको आंशिक प्रचार छ । जस्तो विधवाब्राह्मणीको सन्तान जैसी कहाउँछ, तर नेपालका सभ्य जातिमा अलि घृणित मानी जान्छन् । यस्तो घृणाभाव राख्नु उचित होइन, यसैले वैमनस्यलाई उत्पन्न गर्छ । यसकारण यस विषयमा नेपालका उदार तथा गम्भीर विचार राख्ने विद्वानहरुले आजभोलिको समय हेरी उचित नियम गराइदिनुपर्छ । यो निश्चित कुरा हो कि जबसम्म पुनर्विवाहको इच्छा हुने बालविधवाहरु

आजन्म ब्रह्मचर्यजस्तो कठोर नियम पालन गराउनलाई जबरजस्ती गरी जान्छिन्, तबसम्म गर्भपात र बालहत्याजस्तो भयङ्कर पाप कदापि रोकिन सक्दैन । यस्ता-यस्ता महापातकको रामवाण औषधी पुनर्विवाह नै हो भनी ऋषिमुनिहरुले सिद्ध गरेका छन् ।

नेवार जातिमा पुनर्विवाहको चलन हुनाले विधवाहरुका करणीको मुद्दाको केस नेपालमा धेरै कम देखियो । किन्तु गोरखा जातिमा नेपालमा नै करणी मुद्दाको केस प्रायः विशेष गरी देखिएको छ । यस्ता अनेक करणी मुद्दाका अतिरिक्त नेपालमा नै कयौं उच्च कुलीन विधवा ब्राह्मणीहरु हिन्दूजातिमा शरण नपाएर आखिरमा मुसलमानको शरणमा गएका देखिए । यपो धेरै लज्जाजनक दुःखको कुरा हो तथा यो हिन्दुजातिमाथि महाकलङ्क हो ।

सङक्षेपले बालविधवाको ६ दुष्परिणामको वर्णन गरिसकें, यी ६ दुष्परिणामको मूल कारण बालविवाह हो । अब ता हाम्रो नेपालमा विद्वानहरुले पनि यस विषयमा तीव्र विचार गर्नुपर्दछ । उदाराशय हुने २-४ विद्वानहरुले यदि यस विषयमा गम्भीर गवेषणा गर्नुभयो भने यो दुःखदायी बालविवाह विषयक प्रश्न चाँडै हल नहुने कुरा होइन । श्रीमान् बडौदा महाराजले त बालविवाहको भयङ्कर परिणाम हेरी बालविवाह निषेधक कानुन ९एचभखभलतष्यल या तजभ बअत या ऋजषमि :बचचष्भबनभ० पास गरिबक्सनुभयो । आजभोलि श्रीमान् वायसराय गभर्नर जनरल -इन-कौसिलका एजेम्बलीमा पनि शारदा बिल नामक कानुन पास भइसकेको छ ।

२. स्वर्गको फाटक खुल्नमा बाधक हुने सत्यानाशी बालविवाहका विषयमा व्याख्यान गरिसकें । अब स्वर्गद्वारको द्वितीय बाधकस्वरुप क्रमागत सङ्ख्या वृद्धविवाह अथवा अनमेल विवाह हो । वृद्धविवाह को विषयमा त महर्षि चाणक्यले स्पष्टै लेखेका छन् कि :

वृद्धस्य तरुणी विषम् ।

(चा. अ. ४। १५)

अर्थात् वृद्धपुरुषलाई तरुणी विषतुल्य हुन्छे । महाकवि कालिदासजीले पनि लेखेका छन् कि :

वृद्धो यूना सह परिचयात्यज्यते कामिनीभिः ।

(भोजप्र.)

तरुणीहरुले जवान पुरुषहरुसित परिचय हुँदा वृद्ध पतिलाई छोडिदिन्छन्, परिणाम त दुःखदायी स्पष्टै छ । जसको नाम नै अनमेलविवाह हो भने यिनीहरुमा कहिले मेल खान्छ ।

वृद्धविवाह अथवा अनमेलविवाहको अर्को पनि भयानक परिणाम देखियो, ४०-५० वर्षका बलवान् जवान पुरुषहरुको ८-१० वर्षकी कन्याहरुसित विवाह हुँदा जो अनिष्ट दुःखद फल निस्कँदैछन् तल भिन्न-भिन्न समाचारपत्रहरुमा प्रकाशित भएका वृत्तान्त उद्धृत गर्दछु ।

अङ्ग्रेज सरकारले पत्नी सहवास अवस्था ९ब्नभ या ऋयलकभलत० १२ वर्षको नियत गरेको थियो । किन्तु यो अवस्था एक्ट नं. २९ सन् १९२५ मा बढाईकन १२ को स्थानमा १३ सरकारद्वारा पास भएको थियो । यो एक्ट ता. २३ सितम्बर १९२५ देखि चलेको थियो । यो कानुन पास भए पनि यो अनमेलविवाहले गर्दा यो कानुन चल्न सकेन । ४५-५० वर्षका पतिहरुका ८-१० वर्षका अबोध बालिका कन्याहरुसित विवाह हुँदा सानी-सानी बच्चीहरु बलवान् पतिहरुसित सहवासको भयले डराएर सुत्ने कोठाबाट भागेर आउनालाई प्रयत्न गर्छिन् । त्यसबेलामा कामातुर पतिहरु बलपूर्वक जबरजस्ती यी बच्चीहरुसित सहवास गर्ने धृष्टता गर्छन् त्यस समय बालपत्नीहरु रुन्छिन्, बेगसित कराउँछिन् । तर बालपत्नीहरु कराएकोमा कसले ध्यान दिन्छ ? झन घरका जहानहरुले त्यसलाई नै

गाली गर्छन् । अन्त्यमा परिणाम यो हुन्छ कि बलवान् पतिहरुले बालपत्नीहरुलाई दिनदिन कुट्छन् तथा ती अज्ञात बच्चीहरुलाई पापमय काममा फसाउनका निमित्त अनेक कुचेष्टा गर्छन् । अनेक हिन्दी समाचारहरुमा प्रकाशित भएका केही उदाहरण सुन्नुहोसु, हिन्दीबाट नै तल उद्धृत गर्छु :

१. अभी कई समाचारपत्रोंमें प्रकाशित हुआ था कि ता. १० अप्रिल सन् १९२६ ई.को गिरिजा नामक एक छोटीसी बालिका बम्बईके जनरल अस्पतालमें लाई गई । कहा जाता है कि यह बालिका दुमञ्जिलेसे गिर पडी है । ता. १२ को प्रातःकाल ही बालिका मर गई । कारोनर ९ऋयचयलभच० की जाँच पर जुरीने यह सम्मति दी कि यह बालिकाकी मृत्य भय और रुधिर प्रवाहके कारण हुई है । चुँकि बच्चीकी उम्र कम थी, पीहरसे अए हुये अधिक दिन भी नहीँ हुवे थे, रजोदर्शन होना भी प्रारम्भ नहीं हुआ था औरउसको पतिकी ओर से बलात्का होनेकी आशंका थी, इसलिए इस बलात्कारी आशंका से घबडाकर दो मन्जिलेसे गिर पडनेके सिवाय उसे कुछ नहीं सुझा । दरयाफ्त करने पर मालूम हुआ कि उसका पति उसके साथ सहवास किया करता था । डाक्टरद्वारा समर्थन होने पर। पतिके विरुद्ध मुकदमा चलाये जानेकी तजबीज हुई ।

२. बाम्बे क्रानिकलमें एकबार प्रकाशित हुवा था कि एक पतिने अपनी ११ वर्षकी बालपत्नीकी बाहों और जाँघो और शरीरके अन्यान्य अड्डोको लाल लाल गरम लोहे से जलाया था कि वह बालिका पत्नी अपने पतिकी सहवासकी इच्छाकी पूर्ति न कर सकी । और वह अभी पतिके साथ हमबिस्तर होनेका मतलब भी नहीं समझती थी ।

यस्ता अनेक ९क्यचचयधक या तजभ नर्षमि धषभक० बालपत्नीहरुका दुःख शीर्षक घटनाहरु मार्डन रिभ्यु योङ इन्डिया ९ःयमभचल च्भखष्भध, थ्यगलन क्ष्लमष्ब० आदि आदि समाचारपत्रहरुमा छापेका छन् । ग्रन्थविस्तारभयले ती लेखहरुको उल्लेख यहाँ गर्दिनँ ।

(फरवरी १९२८ चाँदद्वारा उद्धृत)

के यति भयङ्कर अनिष्टकारी दृष्टान्त देखेर आमाबाबुहरुले अब पनि आफ्नी ८-१० वर्षकी अबोध बालकन्याहरुको विवाह ४०-५० वर्षका पुरुषहरुसित गराउने छन् ? यदि यस्तो अनमेलविवाह रोकिएन भने भविष्यमा नेपालमा पनि यस्ता ठूला कुपरिणाम धेरै हुनेछन् । यसकारण अहिलेदेखि नै सचेत हुनुपर्छ । श्री डार्विन महोदयजीले एक स्थानमा ठीकै लेखेका छन् कि :

ःबल कभभक धष्तज कभचगउगयिगक अबचभ तजभ अजबचबअतभच बलम उभमष्नचभभ या जष्क जयचकभ, अबततभि बलम मयनक, दभायचभ तजभ ञबतअजभक तजभ, दगत धजभल जभ अफभक तय जष्क यधल ञबचचष्बनभ, जभ चबचभथि यच लभखभच तबपभक कगअज अबचभ।

भावार्थ :मानिसहरुले आफ्ना घोडा, गाई, भैंसी, कुकुर आदि पशुहरुको संयोग गराउँदा अगाडिबाट नै तिनीहरुको गुण र वंश आदिका विषयमा धेरै सावधानताले विचार गर्छन्, किन्तु बज आफ्नै विवाहको अवसर आउँछ, तब ता तिनीहरुले केही पनि यस्तो विचार गर्दैनन् ।

कुरा पनि साँच्चै नै हो । मैले स्वयं यो कुरा सुनेको थिएँ कि मकैको बीज रोप्दा त्यस्तै बीज धेरै सप्रेर आउँछ जो घोगाभरि एकनास भएका ठूला ठूला मकै हुन्छ । पशु र मकै आदिका विषयमा त यस्तो उग्र चिन्ता ! किन्तु आफ्नै सन्तानको सुखदुःखका विषयमा भने केही चिन्ता छैन । यदि केही विचार भए तापनि उस्तै-उस्तै विचारको चिन्ता गर्छन् जो धेरै अधोगति हुने हुन्छ । यो धेरै दुःखको कुरा हो ।

३. अब स्वर्गद्वार खुल्नमा बाधक तेस्रो कारण बहुविवाह हो । बहुविवाह दुईथरीका हुन्छन्-

अ) स्त्रीको अनेक पतिहरुसँग विवाह

आ) पुरुषको अनेक पत्नीहरुसित विवाह

वेद आदि सत्यशास्त्रमा भगवान् परमेश्वरको आज्ञा छ कि समयमा एक पुरुषले एकै पत्नीसित तथा एक स्त्रीले एकै पुरुषसित विवाह गरुन् ।

गृभ्णामि 'ते' सौभगत्वाय हस्तं

'मया' पत्या जरदष्टिर्यथास : ।

भगो अर्यमा सविता पुरन्धि -

'मह्यं' 'त्वा' दुर्गार्हपत्याय देवा : ॥

(ऋ. म. १० । सू. ८५ । मं. ३६)

यो पाणिग्रहणको विवाहविषयक मन्त्र हो, यस मन्त्रको विस्तृत व्याख्या तेस्रो अध्यायमा हुनेछ । यस मन्त्रमा मया, ते, मह्यं त्वा आदि चार पदहरु पति र पत्नीहरुलाई एक वचनान्त प्रयोग भएका छन् । यदि अनेक पुरुषहरुसित स्त्रीको तथा अनेक स्त्रीहरुसित पुरुषको विवाह गर्नु उचित भएदेखि मया यस पदको स्थानमा अस्माभि ते पदको स्थानमा युष्माकम्-व आदि बहुवचनान्त पद आउनुपर्ने *मह्यमु* यस पदको स्थानमा *अस्मभ्यम्-न* तथा त्वां को स्थानमा *युष्मान्- व* आदि बहुवचनान्त पद आउनुपर्ने थिए । किन्तु पति-पत्नीका निमित्त *ते-मया* आदि सर्वनामवाचक ९एचयलयगल० सबै एकवचनान्त पद आउनाले र *गृभ्णामि* आदि क्रियापद ९खभचद० एकवचनान्त पदको प्रयोग हुनाले सिद्ध हुन्छ कि एक समयमा एक पुरुषले एकै स्त्रीसित तथा एक स्त्रीले एकै पुरुषसित विाह गर्ने वेदको आज्ञा छ, बहुविवाह गर्नु वेदविरुद्ध सिद्ध हुन्छ ।

बहुविवाहको दुवै पक्षमा परिणाम भयङ्कर हुन्छ, यस विषयमा धेरै नलेखीकन जर्मनीका प्रसिद्ध राजनीतिज्ञ विद्वान् ब्लन्टश्ली ९द्यगिलतकअजर्ीष्०ि ले दुवै पक्षमा बहुविवाहका भयङ्कर दोष लगाएका छन्, तिनको लेख तल उद्धरण गर्छु, यस विषयमा त्यति लेख नै पर्याप्त होला :

र्बी तजभ ञ्यचभ बमखबलअभम लबतष्यलक बततबअज अबचमष्लर्बा ड्डउयचतबलअभ तय ञ्यलयनकथ। एयथिबलमचथ अयलागकभक मभकअभलत, उयथिनकथ उचयमगअभक मष्कअयचम। त्जभ ागर्ीा गलष्तथ या ञ्बचचष्बनभ, तजभ अफउभितभ चभअयलअर्षभिभलत या कभहभक अबल यलथि दभ चभबष्शिभम ष्ल ञ्यलयनकथ। ल्बतगचभ बलम ञ्यचर्बा ष्मभर्बा बष्पिभ मभ्रबलम ष्त।

:यलयनकथ चष्कभक तजभ धषभ तय ब ागर्ीा कयअष्भतथ धष्तज जभच जगकदबलम बलम नष्खभक जभच बल भललयदष्लिन ष्लागिभलअभ यल जष्। एयथिनकथ मभनचबमभक तजभ धषभ, बलम जभच मभनचबमबतष्यल चभबअतक यल तजभ जगकदबलम बलम मभदबकभक जष्।

९त्जभ तजभयचथ या तजभ कतबतभ, दययप क्ष्ख्लम, ऋजबउतभच ह्क्ष्ख, एबनभ ज्ञढड०

भावार्थ : सबै उन्नत जातिहरुले एकपत्नीव्रतको प्रधान आवश्यकता बताउँछन् । एक स्त्रीका अनेक पतिको प्रथाले वंशलाई गडबड गर्छ एवं एक पुरुषका अनेक स्त्रीहरुसति विवाह गर्ने प्रथाले पनि वैमनस्य (झगडा) लाई उत्पन्न गर्छ । विवाहको पूर्ण एकता तथा स्त्री-पुरुषको पूरा मेल यी दुवैको अनुभव एकपत्नीव्रतमा मात्रै हुन्छ । मनुष्यका प्रकृति तथा सदाचारका आदर्श यी दुवै एक पत्नीव्रतको आवश्यकताका निर्देश गर्छन् ।

एकपत्नीव्रतले पतिसहित पत्नीलाई पूर्ण कुटुम्ब हुनेसम्म उठाउँछ । अरु पत्नीलाई पुरुषमाथि श्रेष्ठ प्रभावोत्पादक असर हुने सुन्दर गुण प्रदान गर्छ । एक पुरुषका अनेक पत्नी राख्ने प्रथाले

पत्नीलाई भ्रष्ट गरिदिन्छ तथा पत्नीका भ्रष्टताले पुरुषलाई पनि आक्रमण गरी निन्दित तथा नष्टभ्रष्ट गरिदिन्छ ।

यसकारण दुवै पक्षमा बहुविवाह अनिष्टकर हो । जहाँसम्म बहुविवाह रोकिन्न कुटुम्बमा परस्पर ईर्ष्या-द्वेष, वैमनस्य र कलहरुबाट फुर्सद कहिल्यै पनि हुँदैन । जस्तो पत्नीलाई पतिव्रता हुनु आवश्यक छ, त्यस्तै समानभावले पतिलाई पनि पत्नीव्रत हुनु आवश्यक हो । बहुविवाहमा वैमनस्य र कलह आदिका अतिरिक्त अर्को यो पनि प्रत्यक्ष दोष छ कि बहुविवाह गर्नाले स्त्रीपुरुष दुवैलाई आयु क्षीण हुने हानि हुन्छ, ८० वर्ष जीवित रहने मानिस ६० वर्षमा नै चलान हुन्छ ।

४. स्वर्गद्वार खुल्नमा चौथो बाधक कारण अस्वयम्बर विवाह हो । स्वयम्वरको अर्थ यो हो कि स्वयं आफैं वर वधू स्वीकार गर्नुलाई स्वयम्वर भन्दछन् । यसमा प्रमाण :

वरो वरयितव्यो भवति ।

(निरुक्त, अ. १।पा. ३। ख. ७)

अर्थात् आफ्ना इच्छानुसार वरण गर्नाले वरणयोग्य पुरुषलाई वर भन्दछन् । आफ्ना इच्छाविरुद्ध विवाह गर्नु अस्वयम्वर विवाह हो ।

यथार्थमा त माथि लेखिएका बालविवाह, वृद्धविवाह अथवा अनमेलविवाह तथा बहुविवाह यी तीनौ दुष्परिणामजनकहरुका कारण अस्वयम्वर विवाह हो । कारण कि स्वयम्वर विवाहको रीति-चलन भयो भने बाल अवस्थामा परस्पर वरण गर्ने ज्ञान नै हुँदैन, यसकारण बालविवाह हुन सक्दैन । यस स्वयम्वर विवाहका नियमले त वृद्धविवाह तथा अनमेलविवाह एकदमभ बन्द भएर जानेछ । किनभन तरुणी स्त्रीलाई बूढो पति रुच्दैन तथा अन्धालङ्गडा आदि अङ्गहीन स्त्री-पुरुषलाई पनि सर्वाङ्ग पूर्ण भएका स्त्री-पुरुषले पसन्द गर्दैनन् । एवं यसै स्वयम्वर नियमले बहुविवाह पनि रोकिनेछ । अनेक स्त्री हुने पुरुषलाई कुनै विदुषी सौभाग्यवती कन्याले कदापि पतिरुपेण स्वीकार गर्नेछैन, न अनेक पति राख्ने वेश्या स्त्रीलाई कुनै कुलीन विद्वान पुरुषले पत्नीरुपेण स्वीकार गर्ला । यथार्थमा यो स्वयंबर विवाहको नियम धेरै उत्तम, श्रेष्ठ र लाभदायक हो । यही नियम नहुनाले विवाहित पतिपत्नीमा प्रायः पारस्परिक कलह, झगडा, अनबन भएर जान्छ । स्वयम्वरको नियमले पनि सबै झगडा आदि प्रायः मिटेर जान्छन् । आफ्ना इच्छानुसार योग्य स्त्री-पुरुषलाई नपओस् तापनि आफैं चुकेको हुनाले मनमा धेरै उदास भाव हुँदैन । जस्तो बजारमा कमसल नक्कली माललाई असल सम्झी त्यसको उचित मूल्यभन्दा धेरै बढ्ता दिईकन ल्याएकोमा धेरै दाम खर्च होस् तापिन आफैंले पसन्द गरी ल्याएको हुनाले मनमा ताप हुँदैन ।

माता-पितालाई वास्ता नगरी कुलीन पुरुषले स्वेच्छाचारी भई जुनसुकै अकुलीन स्त्रीलाई तथा कुलीन कन्याले जुनसुकै अकुलीन निन्दित आचरण गर्ने पुरुषलाई वरण गर्नु यो स्वयम्वर विवाह कहलाउँछ । किन्तु मातापिताको काम कुलीन, शिक्षित, सदाचारी कुमार-कुमारीलाई जुटाइदिनु हो । साथैमा कुमार-कुमारीले विवाहदेखि अगाडि नै आचारविचार आदि विषयमा पर्याप्त विचार गरी आफ्ना गुण-कर्म स्वभाव योग्य स्त्री-पुरुषलाई स्वीकार गर्नु नै स्वयम्वर विवाह कहलाउँछ । किन्तु कुमार-कुमारीका विवाह गर्नु-गराउनु उचित छैन । किनभने विवाह भइसकेपछि परस्पर पसन्द छैन भने धेरै धन खर्च गरी विवाह गरेको सबै निष्फल हुन जान्छ । यसको अन्तिम परिणाम पनि धेरै भयङ्कर हुनेछ ।

प्रश्नः स्वयम्वर विवाह त क्षेत्रीय राजाहरुका निमित्त मात्रै हुन्थ्यो । जस्तो सीता, दमयन्ती तथा द्रौपदी आदिको स्वयम्वर भएको थियो । सीता, दमयन्ती आदि राजकुमारी थिइन् । यिनीहरुका

स्वयम्वरमा श्रीराम, नल, अर्जुनादि राजकुमारहरु मात्रै आएका थिए । इतरजातीय कुमार-कुमारीहरुको स्वयम्वर विवाह सीता आदिको जस्तो प्रसिद्ध छैन । यसकारण यो स्वयम्वर विवाह क्षेत्रीयहरुका निमित्त मात्रै हो, इतरब्राह्मणादि वर्णलाई होइन ।

उत्तर : यो कुरा होइन । 'स्वयम्वर' शब्दमा कुनै वर्णका अथवा जातिका समावेश छैन । 'स्वयम्वर' क्षेत्रीयलाई मात्रै हो भनीकन कुनै धर्मशास्त्रमा तोकेको छैन, किन्तु स्वयम्वर विवाह कन्यामात्रलाई धर्मशास्त्रमा तोकेको छ -

अ) वधूरियं परिमिच्छन्त्येति ।

(ऋ. म. ५। अ. ३। सू. ३७। ३)

आ) कन्या कुर्यात्स्वयम्वरम् ।

(याज्ञवल्क्य स्मृति)

भावार्थ : अ) (इयम्) यी (वधूः) कुमारी कन्या (पतिम्) पतिलाई (इच्छन्ती) कामना गर्दै (एति) जान्छे ।

आ) (कन्या) कन्याले (स्वयम्वरं) आफैँ स्वयम्वर विवाह (कुर्यात्) गर्नु ।

यी दुवै प्रमाणमा 'वधू-कन्या' दुई शब्द आएका छन् । यी दुवै शब्द सामान्य रुपले सबै वर्णका कन्याहरुलाई प्रकट गर्दछन् । यहाँ कुनै जातिविशेष कन्याको अभिप्राय छैन, अपितु सबै वर्णकी कन्यामात्रको अभिप्राय छ । मनुस्मृतिमा पनि :

इ) त्रीणि वर्षाष्युदीक्षेत कृमार्युतुमती सती ।
ऊर्ध्वन्तु कालादेतस्माद्विन्देत सदृशं पतिम् ॥

(मनु. अ. ९। ९०)

यहाँ पनि सर्ववर्णीय कन्याका अभिप्रायले **'कुमारी ……… विन्देत सदृशं पतिम्'** यस श्लोकमा **'कुमारी'** पद प्रयोग भएको छ । एवं अन्यान्य स्मृतिशास्त्रहरुमा पनि सर्वसाधारण कन्याहरुका निमित्त स्वयम्वर विवाहको विधि छ । श्रीराम-नल आदि राजाहरु चक्रवर्ती राजा हुनाले यिनीहरुका स्वयम्वर पनि प्रसिद्ध भएका हुन्, सर्वसाधारण कुमार-कुमारीहरुका त्यति धुमधामसाथ नहुनाले प्रसिद्ध नभएको हो ।

५. अब स्वर्गद्वार खुल्नमा बाधक पाँचौं कारण कुटुम्ब कलह हो । कुटुम्ब कलह हुनामा मुख्य कारण अशिक्षा र कुशिक्षा हो । अशिक्षा र कुशिक्षणमा आकाश-पातालको भेद छ । अशिक्षा र खराब छँदैछ, किन्तु कुशिक्षा अशिक्षाभन्दा धेरै खराब छ । अशिक्षा भनेको शिक्षा नहुनु अर्थात् लेखपढ गर्ने व्यवहार नजान्नु हो । कुशिक्षा भनेको खराब शिक्षा अर्थात् लेखपढ गर्ने ज्ञान भए तापनि उल्टो काम पनि गराउनेलाई कुशिक्षा भन्दछन् । यसकारण कुशिक्षित हुनुभन्दा अशिक्षित हुनु नै जाती छ, अर्थात् खराब शिक्षा पाउनुभन्दा मूर्ख भएर बस्नु नै उत्तम र कल्याण छ । संसारभरमा कुटुम्ब-कलहका मुख्य कारण नै यी दुवै हुन् ।

अब यी दुवै अशिक्षा र कुशिक्षाका परिणामले घरघरमा कोकोसित कस्तो-कस्तो झगडा हुँदैछ, कुटुम्ब-कलहका भेद तल लेख्छु :

अ) पिता-पुत्र कलह

आ) माता-पुत्र कलह

इ) पति-पत्नी कलह

ई) सासू-बुहारी कलह

उ) सौता-सौती कलह

ऊ) भाइ-भाइ कलह

एक स्थानमा माता, पिता, पुत्र र पुत्रवधू (बुहारी) यी चार मुख्य हुन्छन्, यिनीहरुका कलहमा प्रथमः

अ) पिता-पुत्र कलह हो । यस कलहमा प्रथम दोष पिताको यो हो कि पिताले पुत्रलाई विद्याविनयसम्पन्न हुने शिक्षा दिएन । पुत्रलाई विद्वान् बनाउनु र लुच्चा बदमास तुल्याउनु आमाबाबुको हातमा छ । आमाबाबुको दोषले नै दूषित भईकन पुत्रले पितासित जोरी खोज्छ । यसकारण यस कलहमा प्रथम पिताको दोष छ । विवाहित पत्नीको जीवित अथवा मृत अवस्थामा अन्य पत्नी राखी उनैका सदा वशमा हुनु आदि पनि पिताका दोष हुन् । प्रायः लोकमा पूर्वपत्नीका पुत्रसित कान्छी आमाको उचित व्यवहार हुँदैन । यसैकारण पिता-पुत्रको कलह हुन थाल्छ ।

अर्को कारण कुशिक्षा हो । यदि पुत्र सुशिक्षित भयो भने कान्छी आमाको त्यस्तो व्यवहार होसु तापनि पिता-पुत्र कलह हुँदैन । यसमा जगतप्रसिद्ध इतिहासको ठूलो प्रमाण छ । त्यो प्रसिद्ध प्रमाण मर्यादापुरुषोत्तम श्रीरामचन्द्रजीको ज्वलन्त जीवनचरित जागृत छ । श्रीरामजीको राज्याभिषेक हुने बेलामा महारानी कैकेयीले भरतलाई अभिषेक गरी श्रीरामलाई १४ वर्षको वनबास गर्ने वर माग्दा महाराजद शरथजीले विवश भएर आफ्नो प्रतिज्ञा अनुसार त्यस्तो गर्नु परोस् तापनि श्रीरामचन्द्रजीले कस्तनो आनन्दसित यस्तो कठोर व्रत निभाइसक्यो । त्यस बेलाो वर्णन महर्षि श्री वाल्मीकिजीका लेखनीबाट यस्तो भएको छ :

आहूतस्याभिषेकाय विसर्गाय वनाय च ।

न मया लक्षितः कश्चित्स्वल्पोऽप्याकारविश्वमः ॥

(वाल्मीकि रामायण)

अर्थ : राज्याभिषेक गर्नलाई श्रीरामचन्द्रजी उपस्थित हुने बेलामा र उनलाई वनमा पठाउने बेलामा भगवान् श्रीरामजीका मुखकमलको स्वरुप केही बिग्रेन, किन्तु :

उदेति सविता ताम्रस्ताम्र एवास्तमेति च ।

सम्पत्तौ च विपत्तौ च महतामेकरुपता ।

जस्तो सूर्यभगवान् उदय तथा अस्त हु ने समयमा जाज्वल्यमान रक्तस्वरुप भएर आनन्दैसित सधैँ उदय तथा अस्त हुन्छ, त्यस्तै महान् पुरुषको सम्पत्ति तथा विपत्ति हुने अवस्थामा विशेष हर्ष तथा दुःख हुँदैन । यपस वचनलाई श्रीरामचन्द्रजीले कृतार्थ गरिबक्स्यो । यो सुशिक्षाको परिणाम हो, अन्यथा त्यसै बेलामा गडबड हुने थियो । यसकारण सुशिक्षाको धेरै आवश्यकता छ । जुन मातापिताले सन्तानहरुलाई शिक्षा दिँदैनन्, तिनीहरु सन्तानका शत्रु हुन् । नीतिकार चाणक्यजीले ठीकै भनेका छन् :

माता शत्रु : पिता वैरी येन वालो न पाठित : ।

यी अशिक्षा र कुशिक्षाका कारणले पुत्रद्वारा पितासित दुर्व्यवहार हुन्छ ।

आ) कुटुम्ब कलहमा द्वितीय माता-पुत्र कलह हो । माता-पुत्र कलह लोकमा प्रायः अन्यान्य कलहापेक्ष या न्यून (कम) देखियो । जहाँ पनि कलह हुन्छ, अशिक्षा कै कारण त सबै कलहहरुमा हुन्छ, तथापि यस कलहमा माता-पुत्र दुवै कारण हुन् । विवाहित पतिका जीवित अथवा मृत अवस्थामा स्वैरिणी कुलटा (दुश्चरित्र) हुनु आदि माताका दोष हुन् । पुत्रले माताको अवर्णनीय अथाह गुणहरुका ऋण नसम्झीकन कमाएका धन आफ्नी आमालाई नदिई पत्नीलाई मात्रै दिनु अथवा अन्तै अनुचित रुपले खर्च गर्नु, माताको आज्ञा नमान्नु, आमालाई छाडी भिन्न भई पत्नीसित बस्नु आदि पुत्रका दोष हुन् । यी कारणहरुबाट माता-पुत्र कलह हुन्छ । यस्ता-यस्ता अनुचित कारणहरुलाई सुशिक्षाले हटाउनुपर्छ ।

साँच्चै भन्नुपऱ्यो भने माता जस्तै पतिता भए पनि माताका स्नेह पुत्रतिर स्वाभाविक रुपले प्रवाहित हुन्छ । पुत्रले मातालाई जस्तै अपमान गरोस् तापनि माताको प्रेम नष्ट हुँदैन । यसै कारण कुनै विद्वान् पण्डितका यो वचन सत्य नै ठहर्छ :

कुपुत्रो जायेत कचिदपि कुमाता न भवति ।

अहो माताका गुण गौरव गीत म कसरी गाऊँ !

जननी गुण-गौरव गान गर
जननी जनको अतिमान गर ।

१. जसले सुतजन्य निमित्त ठूलो
उपवास तथा व्रत नित्य गरी ।
अतिकष्ट सही सुत जन्म दिइन्,
शुभ कर्म गरिन्, कुलधर्म भरिन् ।
जननीजनको त न त्याग गर,
निजमातृनिमित्त सुत्याग गर ।
जननी गुण-गौरव गान गर,
जननीजनको अतिमान गर ।

२. सुत जन्म भएपछि सन्तान नै
शिशु लालनको शिशु पालनको
सुविचार गरी जुन चिन्तित छन्
त्यस पूज्यसुमातृभक्त बन ।
गुणको जननी जननीमहिमा-
तिर झुक्नु त पर्दछ बालक हो !
जननी गुण-गौरव गान गर,
जननीजनको अतिमान गर ।

३. निज बालकको अतिरोग हुने-

दिनमा जननी सहसा व्यथिता ।
निज सन्ततिको सुखमा दुःखमा
समभागलिने गुणिनी जननी ।
तिनी पागल हुन् जसले जननी
गुणको पहिचान गरेन यहाँ ।
जननी गुण-गौरव गान गर,
जननीजनको अतिमान गर ।

४. **सुबुभुक्षित भैकन दूध दिने,**
निज सन्ततिको सब दुःख दिने
सुतदा बसदा निजबालक हो
हितचिन्तक पालनपोषणको ।
जननी महिमा गरिमा गरिमा
अरुको महिमा लघिमा लघिमा
जननी -गुणगौरव गान गर,
जननीजनको अतिमान गर ।

(सुत्याग- सबै वस्तुहरुको राम्ररी त्याग गर्नु, गुणगौरव-गुणमहिमा, जनजीवनको-सर्वसाधारण स्त्रीजनको, सन्तत-सदा, गुणको जननी-सबै उत्तम उत्तम गुणहरुलाई जन्म दिने, व्यथिता- दुःखित, सुबुभुक्षित- अति भोकले पीडित, निज सन्ततिको-आफ्ना बालकका, गरिमा- धेरै ठूलो, लघिमा- धेरै सानो)

यस्तो स्नेहको सागर, दयाको खानी, धर्मको मूर्ति मातालाई बिर्सिकन जसले मातासित झगडा-कलह गर्छ, त्यो त मान्छे नै होइन । पशुहरुले पनि एकबार उपकार गरेको बुझ्दछन् र कृतज्ञ भईकन समयमा कृतज्ञता प्रकाश गर्दछन् । माताको गुण बिर्सनु त कृतघ्नी हुनु तथा महापातकी हुनु हो । यसकारण माताले एक दुई बार अनुचित व्यवहार गरोस् तापनि माताको गुण सम्झीकन मातासित कलह कसैले नगर्नु । महारानी कैकेयीको त्यस्तो दुर्व्यवहार भए तापनि श्रीरामचन्द्रजीले तीसित कसरी सद्व्यवहार गरेथे, भगवान् रामचन्द्रजीका आदर्श चरितमा चल्नु सबैको कर्तव्य हो ।

इ) कुटुम्ब कल्याण तेस्रो क्रमागत कारण पति-पत्नी कलह हो । यसमा विशेष कारण त अस्वयम्वर विवाह नै हो । पतिलाई पत्नी नरुच्नु अथवा पत्नीलाई पति नरुच्नु अस्वयम्वर विवाह हुनाले हो । यस विषयक दोष अघि गिनाई सकें । अब पति-पत्नी कलहमा अवान्तर कारण यी हुन् :

क) शिक्षित पति तथा अशिक्षित पत्नी

ख) शिक्षिता पत्नी तथा अशिक्षित पति

ग) दुवै पति पत्नी अशिक्षित हुनु

घ) धनी पति तथा निर्धन पत्नी

ङ) धनी पत्नी तथा गरीब पति

च) दुवै गरिब हुनु ।

यी छ कारणहरुमा अन्यान्य कारणान्तर पनि समावेश छन्, अब पति-पत्नी कलहको प्रथम कारण विषयमा विचार गरुँ ।

क) शिक्षित पति तथा अशिक्षित पत्नी भयो भने ठूलो संग्राम हुन्छ । यहाँ शिक्षाको मतलब किताब पढ्न जान्नु मात्रै होइन । किन्तु समस्त गृहस्थ सम्बन्धी व्यवहार जान्नु शिक्षा हो । यो नजान्नु अशिक्षा हो । जुन अशिक्षिता पत्नीहरुले सासू, ससुरा, पति तथा अन्यान्य बान्धवहरुसित व्यवहार गर्न जानेका छैनन्, ती अशिक्षिता पत्नीहरसित कुटुम्बीहरुको पदे पदे बात बातमा कलह हुन्छ । यस विषयमा यहाँ एक कथाको उल्लेख गर्नु उचित होला ।

एकबार हिन्दुस्तानका एक कुलीन शिक्षित धनी जमिन्दार सज्जन पुरुषले आफ्ना छोराहरुका व्रतबन्ध आदि संस्कार गराउन थाले । जमिन्दार पनि धनधान्य ऐश्वर्यबाट सम्पूर्ण भएको थियो । संस्कारमा अनेक विद्वान् ब्राह्मण तथा कुल कुटुम्बीहरु निमन्त्रित थिए, जमिन्दारले हजारौं रुपैयाँ खर्च निमन्त्रित भएका सबै सभ्यहरुलाई सत्कारपूर्वक भोज गराए । तत्पश्चात् सबै निमन्त्रित सभ्यहरु बैठकमा जम्मा भई पान-सुपारी खाँदै थिए । सबैले एक स्वरले त्यस कुलीन जमिन्दारका विद्या, श्रीसम्पत्तिको विषयमा तथा भोजको सुव्यवस्थित प्रबन्ध आदि विषयमा भुरी भुरी (धेरै) प्रशंसा गरे ।

त्यस कुलीन, शिक्षित जमिन्दारको केही कमी थिएन । समग्र ऐश्वर्यबाट परिपूर्ण थियो । किन्तु दु:ख यति मात्रै थियो कि त्यस शिक्षित जमिन्दार रइसकी पत्नी अशिक्षिता थिइन् । त्यसलाई उत्तम शिक्षाको उपदेश दियो भने त्यसको उल्टै अभिप्राय सम्झी त्यसले झगडा गर्न थाल्यो । समय समयमा ती चण्डीस्वरुपा अशिक्षिता पत्नीसित देवासुर संग्रामजस्तै कलह हुन्थ्यो । जुन बेलामा सबै विद्वान मान्यजनहरुले जमिन्दार रइस महोदयका प्रशंसा गर्दै थिए, त्यस समयमा जमिन्दारकी अशिक्षित पत्नी पनि आफ्ना कोठामा बसी आफ्नै लोग्नेको प्रशंसा सुन्दै थिइन् । त्यसले मनमा यो विचार गरिन् कि सबैले मेरो लोग्नेको मात्रै प्रशंसा गर्छन्, किन्तु मेरो विषयमा कसैले पनि केही कुरा भनेनन्, के यी श्रीसम्पत्तिहरु मेरो लोग्ने जमिन्दारका मात्रै हुन् ? मेरो पनि होइनन् ? इत्यादि मनमा विचार गरी आफ्ना कोठाबाट जुरुक्क उठी आखिरमा सबै गण्यमान्य विद्वान्हरु तथा कुल कुटुम्बीहरु जम्मा भएका ठाउँमा आईकन पत्नीले क्रोधपूर्वक मुख लाल गरी भनिन्- ओक्राके कदमसे तो भोज बनल,एक्राके एक्राके (आफ्नातिर हातले संकेत गरी) कदमसे का भैले, का भैले ?

ती चण्डी स्वरुपा पत्नीले क्रोध गरी छटपटाइकन यस्तो हल्ला मच्चाउँदा निमन्त्रित भई आएका सबै सभ्य विद्वान् पुरुषहरुले उनलाई अनेक मीठो मीठो वचनले शान्त गराएता पनि शान्त नहुँदा सबै जिल्ल परेर आफ्ना आफ्ना घरमा गए । त्यस मूर्ख पत्नीलाई यति ज्ञान पनि थिएन कि पतिदेवको प्रशंसा पनि आफ्नै प्रशंसा हो । अशिक्षिता पत्नी हुँदा यस्ता यस्ता अनेक कलह हुन्छन् । यसकारण कन्या कुमारीहरुको सुशिक्षा अत्यन्त आवश्यक हो ।

(ख) अब पति-पत्नी कलहमा द्वितीय कारण अशिक्षित पनि तथा शिक्षिता पत्नी हुनु हो । यस विषयमा अशिक्षित पति र शिक्षिता पत्नीको कस्तो दशा हुन्छ त्यसको ठीक अङ्ग्रेजी भाषाका ठूलो नामी कवि टेनिसन ९त्भललथकयल० ले राम्ररी खिचिराखेको छ, त्यही उद्धृत गर्छु :

ूक्ष्क ष्त धर्भाी तय धष्कभ तजभभ जबउउथरु

जबखष्लन पलयधल ररूभ (तय मभअष्लिभ

इल ब चबलनभ या यिधभच ाभभष्लिनक

बलम ब लबचचयधभच जभबचत तजबल ञ्ष्लभ१
थ्भत ष्त कजबर्ीा दभस तजयग कजबति यिधभच
तय जष्क भिखर्भा मबथ दथ मबथ,
ध्जबत ष्क ाष्लभ धष्तजष्ल तजभभ नचयधष्लनरु
अयबचकभ तय कथ्कउबतजष्शभ धष्तज अबिथ।
ब्क जगकदबलम ष्क, तजभ धषभ ष्कस
तजयग बचत ञबतभम धष्तज ब अयिधल,
ब्लम तजभ नचयककलभकक या जदष्क लबतगचभ
धर्षी जबखभ धभष्नजत तय मचबन तजभभ मयधल।
ज्भ धर्षी जयमि तजभभ, धजभल जष्क उबककष्यल
कजबर्ीा जबखभ कउभलत ष्तक लयखर्भा ायचअभ,
क्फभतजष्लन दभततभच तजबल जष्क मयन।
ब ष्तितभि मभबचभच तजबल जष्क जयचकभ।
ध्जबत ष्क तजष्करु ज्ष्क भथभक बचभ जभबखथस
तजष्लप लयत तजभथ बचभ नबिशभम धष्तज ञभस
न्य तय जष्, ष्त ष्क तजथ मगतथस(
ष्कक जष्स तबपभ जष्क जबलम ष्ल तजष्ल
क्ष्त ञबथ दभ ञथ यिचम ष्क धभबचथ,
तजबत जष्क दचबष्ल ष्क यखभचधचयगनजत,
क्ययतजभ जष् धष्तज तजथ ाष्लभच ाबलअष्भक,
तयगअज जष् धष्तज तजथ ष्निजतभच तजयगनजत।

ंीयअपभिथ ज्बाि

भावार्थ : बाल्यकालदेखि परिचित एक पुरुषले एक सुशील स्वभावसम्पन्न रमणीया कन्यातिर आकृष्ट भई भनेका कविद्वारा चित्रित भएका थिए ।

के यो ठीक हो कि म तिम्रो सुखको चाहना गरुँ ? मैले यो जानीकन कि तिमी मभन्दा निकुष्ट विचार तथा सङ्कुचित हृदयका (सानो चित्त भएका) पुरुषसित खसेकी छौ । अर्थात् तिमीले मलाई छाडी खराब पुरुषसित विवाह गर्‍यौ तर यसको यो परिणाम हुन्छ कि नित्यप्रति त्यस अकुलीन पुरुषभैँ तिम्रो अधोगति हुनेछ । स्वयं अधोगत भएीका (तह खसेका) धुलोजस्तो नीचसित सहानुभूति राख्ने पनि के उचित हो ? जस्तो हीनगुण लोग्ने हुन्छ, त्यसकी स्वास्नी पनि त्यस्तै हुन्छे । एक अशिक्षित गँवारसित तिम्रो विवाह भइसकेको छ, तिम्रो लोग्नेको निकृष्ट स्वभावको भारले तिमीलाई तलतिर घिसार्नेछ जब तिम्रो लोग्नेले खराब बदमासी कुरा भएका उपन्यास पढीकन आफ्ना विचारलाई उग्र गर्ला, त्यसु बेलामा तिम्रो पतिले तिमीलाई कुकुरभन्दा अथवा घोडाभन्दा मात्रै अलि श्रेष्ठ सम्भला । अहो ! यो क्या हो ? धेरै रक्सीको परिणामले त्यसका आँखा भारी र सुन्निरहेका हुन्छन् तर तिमीले यो विचार गर्न सक्दिनौ कि रक्सीको कारणले यी आँखा सुन्निरहेका हुन् । त्यस बेलामा तिम्रो कर्तव्य होला कि तिमीले त्यस अधम पुरुषको नजदिक गई त्यसलाई

प्रेमसित चुम्बन गरी त्यसको हात आफ्ना टाउकामा उठाउली, तब तिमीले यो विचार गर्नुपर्ला कि मेरो मालिक धेरै काम काजका भारले थाकेका हुन् । तिमीले त्यस नीच पुरुषलाई उत्तम मधुरवाणीले आनन्द गरी हलुका निम्न स्वरले छुउन पर्ला ।

शिक्षिता सुन्दरी नारीको अशिक्षित दुराचारी पुरुषसित विवाह भएमा त्यसबाट निस्केका कुपरिणामको चित्र कविवर टेनिसनले कस्तो राम्ररी खिचेका छन् र यस विषयमा यति लेख नै पर्याप्त होला, यसकारण म आफ्ना तर्फबाट केही लेख्दिनँ ।

(ग) पति-पत्नी कलहमा तेस्रो कारण दुवै अशिक्षित हुनु हो । यी दुवैजनामा एक-एकको अशिक्षित हुने अवस्थामा कस्ता-कस्ता ठूला दुष्परिणामका उल्लेख माथि गरिसकँ । जहाँ यी दुवै अशिक्षित हुन्छन्, त्यहाँको दशा होला । यसको अनुमान गर्न पनि असाध्य हो । यस्ता पति-पत्नीले गृहस्थधर्मको भार बोक्नु त्यस्तै हो जस्तो रेलको इन्जिन हाँक्न नजान्ने पुरुषले ड्राइभर भएर इन्जिन हाँक्नु । परिणामस्वरुप आफ्नो र अर्काको जीवन नाश स्पष्टै छ ।

प्रश्न : पुरुषहरुलाई शिक्षा दिनु त ठीकै छ, कारण कि पुरुषहरुले विद्या पढेनन् भने धन कमाउनालाई गाह्रो हुन्छ, धन नभईकन गृहस्थाश्रम निभ्दैन । यसकारण पुरुषहरुको शिक्षित हुनु त अनिवार्यै छ, तर स्त्रीजनको शिक्षासित के मतलब छ ? यिनीहरुले कहीँ गएर नोकरी गर्नुपर्दैन । कहीँ नोकरी गरी धन कमाउने चलन पनि छैन । घरमा बसी-बसी भात पकाई खाने र खिलाउने मात्रै त तिनीहरुका काम हो भने यिनीहरुलाई शिक्षा किन दिने ? अर्को कारण यो हो कि यिनीहरुलाई शिक्षा दियो भने परिणाम पनि विपरीत निस्कन्छ । यिनीहरुले शिक्षित भएर अनेक परिचित मानिसहरुसित चिठीको ओहोरदोहोर गर्दछन् । यसको परिणाम त प्रत्यक्षै छ, आखिरमा स्त्रीहरु दुराचारिणी भएर जान्छिन् । यसकारण पुरुषहरुलाई मात्र शिक्षा दिनु जाति हो । किन्तु कन्याहरुलाई विद्या पढाउनु अनुचितै हो ।

उत्तर : त्यसो भए त अजीर्ण आदि रोग हुने भयले मानिसहरुले अन्न आदि खानै भएन, किन्तु जसरी ज्वरो आउने, पेट दुख्ने तथा अजीर्ण आदि रोग हुने भयको सम्भव भए तापनि मानिसहरुले आफ्ना प्राणका रक्षा निमित्त भात खाँदैनन्, त्यस्तै कुनजै अल्पशिक्षित नारीजन दुराचारी हुन सम्भव भए तापनि सर्वसाधारण स्त्रीजनलाई सभ्य शिक्षित गराउनका निमित्त शिक्षा दिनैपर्छ, शिक्षिता भइकन स्त्रीहरुको दुराचारिणी हुनु यो अनैकान्तिक (एकै ठाउँमा लाग्ने अनियमित) हेतु हो । यो व्याप्ति नियम होइन कि जहाँ-जहाँ स्त्रीजनमा शिक्षा छ, उहाँ-उहाँ दुराचारिणी हुने दोष उपस्थित हुन्छ, किन्तु कोही स्त्रीविशेष मात्रै त्यस्ता भएर निस्किन्छे, यसमा पनि स्त्रीजनको दुराचारिणी हुनु शिक्षाको परिणाम होइन, किन्तु यो कुशिक्षाको परिणाम हो । पुरुषहरु पनि त अनेक पास गरी बदमास भई निस्केका हजारौं छन् । के यसको अभिप्राय यो हो कि बदमास हुने भयले पुरुषहरुलाई पनि शिक्षा नदिने ? जस्तो पुरुषहरु अनेक दोषले दूषित भए पनि तिनीहरुलाई शिक्षा दिँदैछन्, तिनीहरुका निमित्त स्कुल कलेज आदि खुल्दैछन्, त्यस्तै स्त्रीजनहरुलाई पनि शिक्षा अनिवार्य गर्नुपर्छ । अन्न आदि खाएर पेट दुख्ने र अजीर्ण हुने रोग हुँदैनन् । किन्तु अनियमित धेरै खायो भने मात्रै पेट दुख्छ, अजीर्ण पनि हुन्छ, होइन, आखिरमा मर्दछन् पनि ।

अन्न आदिले त प्राणधारण हुन्छ । क्षुधा दुःखको मारण हुन्छ, लोकको तारण हुन्छ तथा अन्न नै जीवनको कारण हुन्छ । जीवन सुरक्षित भएपछि सांसारिक र पारमार्थिक अनेक सर्वहितकारी काम सिद्ध हुन्छन्, त्यस्तै शिक्षाले आत्माको संस्कार हुन्छ, समाजको सुधार हुन्छ, सदाचारको विचार हुन्छ, सुव्यवस्थाको सञ्चार हुन्छ । तथा शिक्षाले नै विद्वान्को मान हुन्छ, भगवान्को भान हुन्छ, शारीरिक निदानको ज्ञान हुन्छ, ज्ञानाज्ञानको विज्ञान हुन्छ । एवं दुर्व्यसन-व्यसन आदिको भङ्ग हुन्छ । धर्मात्मा-

महात्माहरुको सँग हुन्छ तथा अन्तमा शिक्षाले नै जीवात्मा परमात्माको सत्सङ्ग हुन्छ । यदि शिक्षाको नियम भएन भने आचार नष्ट हुन्छ, विचार भ्रष्ट हुन्छ, सदाचारको खण्डन हुन्छ, दुराचारको मण्डन हुन्छ, सद्भावको भ्रान्ति हुन्छ, सत्कर्मको क्रान्ति हुन्छ, शुष्क घमण्ड हुन्छ, क्रोध प्रचण्ड हुन्छ, व्यर्थ विवाद हुन्छ, कुत्सित संवाद हुन्छ तथा कुकामको कामना हुन्छ, अभव्यको भावना हुन्छ ।

नोकरी गरी धन कमाउनका निमित्त मात्रै शिक्षा होइन, किन्तु आत्मोन्नति तथा इहत्र र परत्रको कल्याणका निम्ति शिक्षाको आवश्यकता छ । आत्मोन्नति तथा इहत्र र परत्रको कल्याण हुनु दुवैलाई आवश्यक छ । स्त्रीशिक्षा नोकरीका निमित्त होइन, तर त्यस्तै परिआएका बेलामा कन्याले पनि छोरोजस्तै अनेक पुरुषार्थ गरी सबै काम गर्नुपर्दछ । महारानी कैकेयीले महाराज दशरथसँग तथा महारानी संयोक्ताले महराज पृथ्वीनारायणसँग युद्धमा गई शत्रुहरुका संहार गरेका थिए । गार्गी,मैत्रेयी तथा सुलभा आदिन देवीहरु अत्यन्त शिक्षिता थिए । तिनीहरुले ठूला ब्रह्मवादिनी भई याज्ञवल्क्य तथा जनक आदिसित शास्त्रार्थ गरेका थिए । श्रीमण्डन मिश्रकी धर्मपत्नी सरस्वतीदेवी शङ्कराचार्यजीसित शास्त्रार्थ हुने बेलामा मध्यस्था (हारजीतको न्याय गर्ने) थिइन् । सन् १९५७ का हिन्दुस्तानका लडाइँमा झाँसीकी महारानी श्रीलक्ष्मीदेवी बाईले अनेक ठूला-ठूला नामधारी वीर अङ्ग्रेज सेनापतिलाई केयौं बार परास्त गरिन् ।

के शिक्षा नभएदेखि यी देवीहरु आफ्ना-आफ्ना काममा सफल हुने थिए ? आजभोलि पनि भारतवर्षमा सुशिक्षित भएका देवीहरु धेरै छन्, जसका नाम अति गर्वका साथ लिई जान्छन् ।

स्त्रीजनको सुधार नहुन्जेलसम्म देशको कल्याण कहिल्यै पनि हुन सक्दैन । अहिले जुन-जुन देशमा उन्नति हुँदैछ, ती सबै देशमा स्त्रीजनको उन्नत अवस्था प्रत्यक्षै छ । स्त्रीजनहरुको बुद्धि पुरुषहरुको भन्दा कम हुँदैन । प्रत्युत अधिक नै हुन्छ । १६ वर्षका बालकमा जति विनयशीलता आदि गुण आउँछन्, त्यति कन्याहरुका १० वर्षको उमेरमा नै स्वाभाविक रुपले आइहाल्छन् । यसैकारण शुक्राचार्यजीले भनेका छन् :

उशना वेद यच्छास्त्रं यच्च वेद वृहस्पतिः ।

स्वभावेनैव तच्छास्त्रं स्त्रीबुद्धौ तु प्रतिष्ठिताम् ॥

(शुक्रनीति)

भावार्थ : जुन शास्त्रलाई म जान्दछु तथा वृहस्पतिले जानेका छन्, ती सबै शास्त्रहरु स्वाभाविक रुपले नै स्त्रीजनहरुको बुद्धिमा स्थित छन् ।

जर्मनी देशका प्रख्यातनाम राजनीतिज्ञ ब्लन्टस्ली ९द्यगिलतकअजषि० आफ्ना प्रसिद्ध ***थ्योरि अफ दि स्टेट*** *९त्जभयचथ या तजभ क्तबतभ०* नामक पुस्तकमा लेख्छन् :

क्ष्त ष्क धयचतज लयतष्अष्लन तजबत बक ब चगभि, ाझबभि चगभिचक जबखभ उचयकउभचभम, उबचतथि दभअबगकभ तजभथ जबखभ दभभल ादयचभ चभबमथ तजबल ाबभि चगभिचक तय बअअभउत तजभ नगष्मबलअभ या नचभबत कतबतभकभल।

९घयथप क्ष्क्ष्; ऋजबउतभच ह्क्ष्क्ष्०

भावार्थ : यो ध्यान दिन योग्य कुरा हो कि शासक रुपले स्त्रीहरु धेरै सफल र उन्नत भएका देखिए, यसमा केही कारण यपो रहेछ कि पुरुष शासकहरुका अपेक्षा ठूला-ठूला राजनीतिज्ञहरुका पथप्रदर्शकताको स्वीकार गर्नमा, स्त्रीशासिकाहरु अधि उद्यत भएका हुन्छन् ।

यसकारण कन्याहरुको शिक्षा पनि कुमारहरुको जस्तै धेरै आवश्यक छ । शिक्षा नहुनाले नै स्त्रीहरुका दुर्दशा हुँदै छ तथा तिनीहहरुको दुर्दशा र अधोगतिले भारतवर्षीय पुरुषसमाज पनि अहिले अधोगत भइरहेको छ । माता विदुषी छिन् भने सन्तान पनि विद्वान् हुनेछ, यदि माता मूर्ख छिन् भने त्यसका सन्तानहरु प्रायः मुर्ख हुनेछन् । यसकारण सबै प्रकारका दुर्दशा हटाउनलाई र ऐहिक तथा पारमार्थिक अभ्युदय सुखप्राप्ति गर्नाका निमित्त दुवै कुमार-कुमारीहरुको शिक्षा अनिवार्य छ ।

घ) पति-पत्नी कलहमा चौथो कारण पति धनी हुनु तथा पत्नी गरिब हुनु हो । यस कलहमा धनी पत्नीका धेरै दोष देखिएका छन्, गरिब पतिकहाँ आइसकेपछि धनी पत्नीहरुले भात पकाउने, भाँडा माझ्ने, धान कुट्ने आदि काम पसन्द गर्दिनन् । एक महिना पतिकहाँ बस्नुपऱ्यो भने छ महिना माइतमा बसिदिन्छन् । बोलाउन पठाओस् तापनि अनेक बहाना गरी आउँदिनन् । आखिरमा यसको परिणामस्वरुप कलह प्रत्यक्ष छ । यस्ता कलह गृहस्थधर्मका बाधक हुन्छन् । सुशिक्षाले यस्तो कलहलाई हटाइदिनुपर्दछ ।

केही काम नगरी त्यसै घरमा बस्नाले अन्न राम्ररी पच्दैन । अन्न पचेन भने पछि भोजनमा अरुचि, अजीर्ण तथा सङ्ग्रहणी आदि दोष हुन्छन्। अन्तमा आरोग्यता नष्ट भई स्वास्थ्य नाश हुन सक्छ । यसको अतिरिक्त आलस्य ठूलो दुःखको उत्पादक हुन्छ । यसले मनुष्यको जीवनलाई नष्ट गरिदिन्छ, घरका आवश्यक काम गर्नाले स्वास्थ्य लाभ, आलस्यको नाश तथा पुरुषार्थमा रुचि हुन्छ, यस कारण घरका सबै अवस्थाको विचार गर्नुपर्छ । मन नगर्नेहरुसित सम्बन्धमा नगर्नु जाति छ । किन्तु सम्बन्ध गरिसकेपछि आफ्नो आर्थिक अवस्था जसतै होस् तापनि ठूलो सानो सबै परिआएका काम पुरुषार्थ गरी सिध्याउनुपर्छ । सुशिक्षा त यस्तो हुन्छ :

महाराज दशरथजीका आज्ञानुसार वन जाने बेलामा भगवान् श्रीरामचन्द्रले महारानी सीतालाई भने :

याते च मयि कल्याणि ! वनं मुनिनिषेवितम् ।

व्रतोपवासपरया भवितव्यं त्वयानघे !

कल्पमुत्थाय देवानां कृत्वा पूजां यथाविधि ।

वन्द्रितव्यो दशरथ : पिता मम जनेश्वर : ॥

(वाल्मीकि रामायण)

भावार्थ : हे सीते ! ऋषिमुनिहरुको बास बस्ने वनमा म गइसकेपछि तिमी व्रत-उपन्यास गरी बसे, तथा प्रातःकाल उठीकन देवार्चन गरी महाराज दशरथजीको वन्दना-सेवा आदि गरे । मेरो साथ वनमा आउनु ठीक छैन । उहाँ भयानक जीवजन्तुहरुको ठूलो भय हुन्छ ।

यसको उत्तरमा श्री सीता महारानीले भनिन् :

किमिदं भाषते राम ! वाक्यं लघुतया ध्रवम् ।

त्वया यदपहास्यं मे श्रुत्वा नरवरोत्तम ! ॥

यदि त्वं प्रस्थितो दुर्गं वनमद्यैव राघव !

अग्रतस्ते गमिष्यामि मृद्वन्ती कुशकण्टकान् ॥

(वाल्मीकि रामायण)

भावार्थ : हे राम ! हजुरले यस्तो छोटो कुरा किन किन भनिबक्सेको ? भयानक जीवजन्तु तथा कण्टकाकीर्ण वनमा नजानू भन्ने उपहास्यास्पद हजुरको वचन सुनी मलाई ठूलो आश्चर्य लाग्यो । यदि आज नै त्यस्तो भयाकुल वनमा हजुरको सवारी हुन्छ भने बाटामा भएका कुश र काँडाहरु हटाउँदै म हजुरको अगाडि-अगाडि जानेछु ।

सुशिक्षा भयो भने यस्ता ठूलाठूला विपत्तिमा पनि पतिका सहचरी हुने बुद्धि आउँछ । अरु अरु गृहस्थका साना-साना गर्नुपर्ने कामको त के कुरा ?

च) अब पति-पत्नी कलहमा छैठौँ कारण दुवै पति-पत्नी गरिब हुनु हो । साँच्चै भन्नुपर्‍यो भने साह्रै गरिब भईकन गृहस्थाश्रममा प्रवेश गर्नु अनुचितै हो । किनभने जहाँ कङ्गाल वहाँ सब प्रकारको जन्जाल । यो उखान साँच्चै हो । महर्षि चाणक्यले पनि लेखेका छन् :

सर्वशून्या दरिद्रता ।

(चा. अ. ४।१४)

अर्थात् दरिद्रहरुलाई सबै ठाउँ शून्य हुन्छन् । दरिद्र हुनु पनि ठूलो पापको फल हो । सुदामा जस्तै सन्तोषी विद्वान् भई आदर्श जीवन व्यतीत गर्न सक्यो भने त गरिब भएर पनि गृहस्थमा प्रवेश गर्नु जाति छ । किन्तु सदा दीनहीन हुनु पनि धेरै दुःखको कुरा हो किनभने :

न बन्धुमध्ये धनहीन जीवनम् ।

(चा. अ. १०।१२)

यो कुरा साँच्चै नै हो । जब पतिको आम्दानी कम्ती हुन्छ, दुवै जोईपोइलाई खानलाई पनि पर्याप्त हुँदैन । भोकले बालकहरु कराउँछन् । आफ्ना अङ्ग ढाक्नलाई झुत्रो लुगा पनि बज पाइन्न, तब अनायास कचकच र कलह हुन थाल्छ । यद्यपि पतिको आम्दानी कम्ती हुने बेलामा पत्नीले गहना वस्त्र आदिको कुरा चलाउनु उचित होइन तथापि यो सोह्रैआना अनुचित होइन । किनभने स्वास्नीमानिसहश्रु लज्जाको घर अथवा खजाना हुन्छिन् । हीन अवस्था भई जीर्ण वस्त्र लगाई भोज आदि अवसरमा धनी स्त्रीसमुदायमा जानु बस्नु त तिनीहरुलाई मर्नुतुल्य हुन्छ । यसकारण तिनीहरुले कराउनु पनि सर्वथा अनुचित होइन । उचित-अनुचित जस्तै भए तापपिन यस्तो दीनहीन अवस्थामा पत्नीको कराउनु कलहको कारण होइजान्छ ।

यदि यस्तै हीन अवस्थामा कहीँ नोकरी नपाई आम्दानी नहुँदा पतिले आफ्नी पत्नीका एक-दुई गहना वा २/३ भाँडावर्तन बेची व्यापार गर्ने कुरा चलायो भने अशिक्षिता पत्नी भए त त्यसै बेलामा महाभारतको युद्ध हुन थाल्छ । यस प्रकारका सबै कलहहरुलाई सुशिक्षाले मेटाई अनेक प्रयत्न र पुरुषार्थ गरी धन कमाईकन सुख भोगथ गर्नुपर्छ ।

पति-पत्नी कलहमा छैठौँ कारणहरु क्रमानुसार वर्णन गरिदिएँ । अब क्रमागत -

ई) कुटुम्ब-कलहमा चौथो कारण सासू-बुहारीको कलह हो । यो कलह दुवैको दोषले हुन्छ । सासूका दोष त यी रहेछन् कि नववधू (बुहारी) नै बिहानैदेखि रातका १२ बजेसम्म जति काम परोस् तापनि सासूको कहिल्यै पनि चित्त नबुझ्नु । सासूले त बुहारीलाई यै सम्झिरहेकी हुन्छे कि यो नोकर्नी खर्च गरी किनेर ल्याएकी त हो, योसित दिनभरि बेसरी काम लिनुपर्छ । यति दमन गरीकन पनि नबुझ्दा बुहारीलाई सदा आफैँले कुट्नु, छोराहरुद्वारा पनि कुटाउनु, बुहारीले एकदुई जोडा नयाँ लुगा लाउने सौभाग्य कहिल्यै पनि नपाउनु, भोजन पनि सबैले खाइसकेपछि बचेका रुखासुखा मात्रै ख्वाउनु आदि दोष सासूका तर्फबाट हुन्छन् ।

बुहारीका यी दोष हुन्छन् कि सासूको आज्ञानुसार काम नगर्नु तथा टेडिनु, सोधपुछ नगर्नु, अलि धनीकी पुत्री हुनाले अथवा एक-दुई पुस्तक पढी धन र विद्वताका गर्वले अलि घरको सफासुग्घर गर्नु आदि साधारण कामसित पनि वास्ता नराख्नु, जति पाओस् तापनि सन्तोषी नहुनु, सदा लोभी हुनु आदि । यी दुवैतर्फका विचार अनुचित हुन् । यदि सासूसित आफ्नै आमाजस्तै भावना भयो भने यसता कलहका नाम पनि हुँदैन, सासू नववधूलाई आफ्नै छोरी सम्झी स्नेह गर्नु तथा नववधूले पनि सासूज्यूलाई मातासमान सम्झी पूज्य भाव राख्नु दुवै पवित्र धर्म हुन् । जुन कुटुम्बमा यस्तो पारस्परिक धार्मिक विचारको राज्य हुन्छ, त्यहाँ सबै प्रकारका कलहहरु हजारौँ कोस टाढा भाग्छन् । यी सबै प्रकारका कलहको अभावमा आफ्नै घरमा स्वर्ग प्रकाशित भएर आउँछ ।

उ) अब कुटुम्ब-कलहमा पाँचौं क्रमागत सङ्ख्या सौता-सौतीको कलह हो । यो कलह त स्वाभाविक नै हो । यस विषयलाई स्वर्गको द्वार खुल्नामा बाधक तेस्रो कारण बहुविवाह ९एयथिबलमथ बलम एयथिनकथ० विषयमा खण्डित गरिसकें, अर्थात् बहुविवाह रोक्यो भने न सौता-सौती होलिन्, न यी दुवैका परस्पर कलह होला ।

यदि निःसन्तान हुने अथवा रोगी हुने आदि विशेष कारणले द्वितीय विवाहबाट सौता-सौतीको सम्बन्ध हुन आओस् तापनि दुवैले परस्पर मित्रताको भाव राख्नुपर्छ । मित्रताको सम्बन्ध जोडी सज्जनहरुको जीवन गर्नुपर्दछ । कारणवश कहीँ कलह हुन आओस् तापनि यस्ता साधारण कुरालाई सद्भाव र सहनशक्तिले निभाउनुपर्छ ।

ऊ) कुटुम्ब-कलहमा छैठौं कारण भाइ-भाइमा कलह हो । यो कलह सबभन्दा ठूलो भयङ्कर हुन्छ । अरु अरु कलहहरुबाट सामान्य हानि हुन्छ । किन्तु यस भाइ-भाइका कलहबाट आफ्ना र अर्कोको समेत हानि हुन जान्छ । भाइको कलहमा यद्यपि अन्यान्य कारणहरु पनि धेरै छन्, तापनि यस कलहमा ठूली-सानी भाउजूहरु तथा बुहारीहरु विशेष कारण हुन्छन् । गृहस्थाश्रमलाई स्वर्ग र नर्क तुल्याउने यी देवीहरु नै हुन् । ठूलो महाभारत मच्चिनाका विशेष कारणहरुमा एक प्रधान कारण देवी द्रौपदी पनि थिइन् ।

मणिमय भवनमा एकबार महाराज युधिष्ठिरले दुर्योधनलाई निमन्त्रित गरे, माथि झ्यालमा महारानी द्रौपदी उभिरहेकी थिइन् । मणिमय मन्दिरमा दुई तलाउ थिए । एक पानीको तथा अर्को मणिमाणिक्य निर्मित । किन्तु देख्नामा दुवैमा केही अन्तर थिएन । मणिमय मन्दिरमा दुर्योधनको प्रवेश भइसकेपछि उसले क्रमशः दुई तलाउ हेरे बुझ्न नपुग्नाले मणिनिर्मित तलाउलाई पानीको तलाउ सम्झी तथा पानीका तलाउलाई कृत्रिम (बनावटी) तलाउ सम्झीकन पानीका तलाउलाई कृत्रिम (बनावटी) तलाउ सम्झीकन पानीका तलाउमा नै पसे, लुगाहरु सबै भिजी लड्दा माथिबाट महारानी द्रौपदीले हाँसी ठट्टामा भनिन्- अन्धाको छोरो अन्धा नै हुन्छ क्यारे !

बस, महाभारतको आदिकारण बीज यति मात्रै थियो । यस वचनले हृदयभेदी काँडाले चुमेका जस्तै दुर्योधनका हृदयमा धेरै चोट लाग्यो, त्यसै बेलादेखि महाभारतको बीजारोपण भयो ।

यस्तै खानु, पिउनु तथा लाउनु आदि साधारण कुरालाई अनेकौं प्रकारले धेरै बढाई ९भ्हबननभचबतभ० कन ठुली-सानी भाउजू र बुहारीहरुद्वारा भाइभाइमा परस्पर विरोध प्रायः हुन्छन् । यस कारण भाउजूहरुले यस विषयक राम्ररी विचार गरी गृहभेद नगरी घरलाई सबै प्रकारले उन्नत गर्नुपर्छ । किनभने संसारमा जुन-जुन देशको नाश भयो त्यो सब भाइ-भाइका कन्याले नै भएको थियो । यस विषयमा ऐतिहासिक ज्वलन्त उदाहरणहरु धेरै छन् । राक्षसराज रावण र विभीषणका

मतिभेदले लङ्का नष्ट भयो । कौरव-पाण्डवको विरोधले मच्चियो । महाभारतकालदेखि आर्यावर्त देशका भूमण्डलभरको चक्रवर्ती राज्य हरायो । महाराज पृथ्वीराज र जयचन्द्रका पारस्परिक वेमनस्याले भारतका अवशिष्ट स्वतन्त्र राज्य पनि नष्टप्रष्ट भएर गए । यस विरोध र वैमनस्यका परिणामस्वरुप भारतमा मुसलमानहरुको साम्राज्य स्थापित भयो । यस विषयमा ऐतिहासिक ठूला विद्वान् टाड ९त्यम० महोदय आफ्नो प्रसिद्ध पुस्तक ९त्यमुक ब्ललबकि या च्वबबकतजबल० टाड्स एनल्स अफ राजस्थानमा लेख्छन् -

त्जगक यचष्लनष्लबतभम तजभ चष्खबचिथ दभतधभभल तजभ ऋजयदबलक बलम बलम तजभ च्बजतयचक, धजष्अज गतिष्बतभथि भिम तय तजभ मभकतचगअतष्यल या दयतज।

अर्थात् यस प्रकारका चौहान र राठौर क्षेत्रीय वंशका बीचमा महत्वकांक्षाका पारस्परिक विरोधभाव जम्यो, जसको परिणामस्वरुप दुवैको सत्यनाश भयो ।

अब धेरै के वर्णन गरुँ, पछिबाट औरङ्जेब बादशाहका दुर्नीतिले विद्वान् दाराशिकोह आदि भाइहरुको नाश भयो । यसपछि विस्तार विस्तारै मुस्लिम साम्राज्य नष्ट हुन थाल्यो । यसको परिणामले भारतवर्षमा अङ्ग्रेजहरुको प्रवेश भई भारतवर्ष देशभरमा अङ्ग्रेजी राज्य स्थापित तथा प्रतिष्ठित भयो ।

अहिले पनि साधारण धार्मिक विचारभेद मात्रैले परस्परमा मतिभेदले अन्य भाइलाई जातीय वहिष्कार गरी शत्रुवत् सम्झी सबै पृथक-पृथक भइरहेका छन् । यसैकारण आर्य हिन्दुहरुको भूमि आर्यभूमिमा सात करोड मुसलमानहरुको सङ्ख्या भयो । यी सात करोड मुसलमानहरुले अवशिष्ट २४ करोड हिन्दुहरुलाई अहिले रातोदिन बेचैन गरिराखेका छन् ।

यी सबै उलटफेर किन भए ? उत्तर त यही निस्कन्छ कि भाइभाइहरुका परस्पर विरोध । श्रीकृष्ण भगवान्ले दुर्योधनलाई भने कि- हे राजन् ! पाण्डवहरुलाई पाँच गाउँ मात्रै दिनुहोस् । अहिले नै तिनीहरु सन्तुष्ट होलान् । यसका उत्तरमा दुर्योधनले भने कि-

सूच्यग्रं नैव दास्यामि बिना युद्धेन केशव !

(हे कृष्ण ! युद्ध नगरीकन त सियोको टुप्पाको बराबर भूमि पनि म दिन्नँ ।)

भाइ भाइहरुका यस्ता विरोधभावले समयमा अनेकौं राष्ट्र नष्टभ्रष्ट भए । यसकारण भाइभाइमा स्नेह गर्नुमा सबै राष्ट्रको कल्याण छ । भातृस्नेहको ज्वलन्त उदाहरण रामायणमा लक्ष्मण र भरतको छ, यी वैमातृक दुवै भाइहरुले श्री रामचन्द्रजीसित कस्तो सद्व्यवहार गरे, यसका हृदयाल्हाद वर्णन बाल्मीकि रामायणमा छ । श्रीरामजीले पिताका आज्ञानुसार १४ वर्षका निमित्त वनवास गर्ने दृढ निश्चय गरिसकेपछि लक्ष्मणजीले वाष्पपर्याकुल भई श्रीरामजीलाई निवेदन गरे-

यदि गन्तुं कृता बुद्धिर्वनं मृगगजैर्युतम् ।

अहम् त्वानुगमिष्यामि वनमग्रे धनुर्द्धर : ॥

(वाल्मीकि)

भावार्थ : यदि हजुरले भयङ्कर जीवजन्तुद्वारा परिपूर्ण वनमा जानलाई निश्चय परिसक्नुभयो भने म धनुर्द्धारी चपरासी भईकन अगाडि-अगाडि गई हजुरको रक्षा गर्नेछु ।

वनमा श्रीरामजीको सवारी भइसकेपछि आफ्नी मातालाई धेरै अनुचित काम गर्नाले अनेक दुर्वचनद्वारा सम्बोधन गरी उनलाई वापस बोलाउनका निमित्त भरतजी पनि वनमा प्रस्थित भए ।

श्रीराजचन्द्रजीसित भेट भइसकेपछि श्रीरामजीले अन्तमा भरतलाई नै अयोध्याको राज गर्नलाई आज्ञा दिए । त्यसपछि :

रामस्य वचनं श्रुत्वा भरतः प्रत्युवाच ह ।

ज्येष्ठे पुत्रे स्थिते राजन् न कनीयान् भवेन्तृपः ।

(वाल्मीकि)

भावार्थ : श्रीरामजीका वचन सुनेर भरतजीले बिन्ती गरे कि हे राजन् ! जेठो पुत्रको जीवित अवस्थामा म सानो भाइ कसरी राजगद्दीको अधिकारी होऊँ ? इत्यादि ।

अहो ! भारतमा भ्रातृहरुको कस्तो यो हृदयग्राही उज्ज्वल दृष्टान्त रहेछ ! एक तरफबाट भगवान् रामजीले तथा दोस्रो तरफबाट आदर्श त्यागी भरतजीले चक्रवर्ती राज्यरुप फुटबललाई पारस्परिक प्रेममा गद्गद् भई आनन्दपूर्वक कस्तो लातले हिकाईबक्स्यो । के यस्तो भ्रातृस्नेहको अद्वितीय उदाहरण भारतवर्षको अतिरिक्त अन्यत्र कहीँ पाइनेछ ?

यसै प्रकारका पारस्परिक प्रीति भाइभाइमा भयो भने मात्रै राष्ट्रको सुधार र कल्याण हुनेछ । अन्यथा यस्ता अनर्थकारी कलहले कहिले पनि खाली हुने छैन । यस द्वितीय अध्यायमा जति स्वर्गद्वारका बाधकहरुका भेद-उपभेदहरु गिनाएका छन्, यदि ती सब बाधक दोषहरुलाई निकालिदियो भने यो गृहस्थाश्रम नै सुन्दर स्वर्गरुपमा झल्केर प्रकाशित हुनेछ । यसमा केही सन्देह छैन ।

इति स्वर्गद्वारबाधको द्वितीयाध्यायः समाप्त ।

अथ स्वर्गस्वरुपानामा तृतीयाध्याय :

प्रथम अध्यायमा स्वर्गको निरुपण भइसक्यो । स्वर्ग गृहस्थाश्रम नै हो । यसको पनि व्याख्यान भइसक्यो । स्वर्गका मार्गमा जुन बाधकहरु छन् ती सब क्रमानुसार द्वितीयाध्यायमा गिनाइसकेँ । अब यस तृतीयाध्यायमा स्वर्गस्वरुपको व्याख्यान हुनेछ ।

जस्तो साधारण ग्रामीणजनलाई जसले लड्डु-पेडा खाएर अनुभव गरेको छैन ‘लड्डु-पेडा’ यी दुई अक्षरबाट लड्डु-पेडाको ज्ञान हुँदैन, अर्थात् ‘लड्डु-पेडा’ यी शब्दले जुन पदार्थको सङ्केत हुन्छ ती पदार्थहरु प्रत्यक्ष रुपले सामुन्ने नआउन्जेलसम्म तत् पदार्थहरुको ज्ञान हुँदैन, त्यस्तै स्वर्ग पदवाच्य पदार्थ ९त्जभ तजष्लनक ञभबलकत दथ तजभ धयचमि क्धबचनब० लाई ‘स्वर्ग’ यस्तो छ भनी सामुन्ने नराखुन्जेलसम्म ‘स्वर्ग गृहस्थाश्रम नै हो’ यति भन्दैमा स्वर्गस्वरुपको यथार्थ ज्ञान हुँदैन । यसकारण यस तृतीयाध्यायमा स्वर्गको यथार्थ स्वरुपको व्याख्यान हुनेछ ।

एक प्रकारले त स्वर्गस्वरुपको पनि व्याख्यान भइसकेको छ । द्वितीय अध्यायमा स्वर्गद्वार खुल्नामा बाधक बालविवाह आदि प्रत्येक जति दुष्परिणामका भेद-उपभेद आदि छन् ती बाधकहरु सबैलाई हटाइदियो भने स्वर्गको स्वरुप स्पष्टै भएर आउला । यो अर्थापत्ति अनुमान ९क्ष्लाभचभलअभ० प्रमाणले बुझ्नुपर्दछ, तथापि यसका अतिरिक्त स्वर्गरुप गृहस्थाश्रमको यथार्थ स्वरुप के हुनुपर्दछ, तथा यसमा कुन-कुन विशेष गुणहरु आवश्यक छन् यस तृतीय अध्यायमा पाश्चात्य अङ्ग्रेज विद्वान्हरुको सम्मति र आर्यावर्त्तीय ऋषि-मुनिहरुको सम्मत्यअनुसार सबैका व्याख्यान हुनेछ ।

स्वर्गीय आनन्दजीवनको विषयमा युरोपीय एक विद्वान् सर हेन्री वोटन ९क्ष्च ज्भलचथ ध्यततयल० कविको विचार :

ज्बउउथ ीषभ

ज्ञ।	ज्यध जबउउथ ष्क जभ दयचल बलम तबगनजत,
	त्जबत कभचखभतज लयत बलयतजभचुक धर्ष्सि
	ध्जयकभ बकयगच ष्क जष्क जयलभकत तजयगनजत,
	ब्लम कष्उभि तचगतज ष्क गकतयकत कपर्षी।

द्द।	ध्जयकभ उबककष्यलक लयत जष्क ञबकतभचक बचभ,
	ध्जयकभ कयगा ष्क कतर्षी उचभउबचभम ायच मभबतज,
	ल्यत तष्भम गलतय तजभ धयचमि धष्तज अबचभ
	इा उगउर्ष ाकिभ यच उचष्खबतभ दचभबतज।

घ।	ध्जय भलखष्भक लयलभ तजबत अजबलअभ मयतज चबष्कभ,
	इच खष्अभस धजय लभखभच गलमभचकतययम
	ज्यध मभभउभकत धयगलमक बचभ नष्खभल दथ उचबष्कभस
	ल्यत चगभिक या कतबतभ, दगत चगभिक या नययम।

द्ध।	ध्जय जबतज ष्क षिभ ाचिक चगनयगचभक ाचभभमस
	ध्जयकभ अयलकअष्भलअभ ष्क जष्क कतचयलन चभतचभबतस
	ध्जयकभ कतबतभ अबल लभष्तजभच ाबिततभचक ाभभम,
	ल्यच चगष्ल ञबपभक बअअगकभचक नचभबत।

छ।	ध्जय न्यम मयतज बितभ बलम भबचथि उचबथक,
	:यचभ या जष्क नचबअभ तजबल नषतक तय भिबमस
	ब्लम भलतभचतबष्लक तजभ जबचकभिकक मबथ

ध्स्तज ब धर्भाी अजययकभल दययप यच ाचष्भलम।

ट।	त्जष्क ृबल ष्क ाचभभम ाचयफ कभचखर्षभ दबलमक

झा जयउभ तय चबष्कभ यच ाभबच तय ाबर्षसि

ीयचम या जष्कभाी, तजयगनजत लयत या बिलमक,

ब्लम जबखष्लन लयतजष्लन, थभत जबतज बाीा(

आनन्दमय जीवन

(१) भावार्थ : वस्तुतः त्यस मानिसको जन्म र शिक्षा धेरै प्रशंसनीय हुन्छ, जसको जीवन आनन्दमय हुन्छ, जसले अर्काको हुकुमले प्रेरित भई अर्काको हुकुममुताबिक काम गर्दैन । किन्तु आफ्ना अन्तरात्माले जस्तो प्रेरणा गर्छ, त्यस्तै काम गर्छ । जस्तो सिपाहीलाई शिरस्त्राण आदि कवचले शत्रुहरुका प्रहारबाट रक्षा गर्छ, त्यस्तै जसको शुभ न्याय तथा सद्विचार नै रक्षक छन्, अर्थात् जसले सधैँ सत्-असत् विचारपूर्वक काम गर्छ, उसलाई कसैसित भय हुँदैन । जसले सधैँ सत्य भाषण मात्रै गर्छ, अर्थात् जो जस्तो छ त्यस्तै यथार्थवादी भई आफ्ना स्वार्थसिद्ध गर्नलाई केही कपट नगर्ने मानिसको जीवन अत्युत्तम सुखमय हुन्छ ।

(२) जसलाई कामक्रोधादि शत्रुले जितेको छैन, जो शुभ कामका निमित्त मर्नलाई तयार हुन्छ जो सांसारिक चिन्ता, शोक, दुनियाँको प्रशंसा र आफ्ना मानिसहरुका सम्मतिमा निस्पृह हुन्छ अर्थात् वास्ता नराख्ने हुन्छ त्यसको जीवन अति श्रेष्ठ सुखदायक हुन्छ ।

(३) जसले भाग्यवश अथवा जाल-कपटबाट दर्जामा पुगेका मानिसहरुसित ईर्ष्या-द्वेषभाव राख्दैन, जसले दुनियाँहरुको मिथ्या प्रशंसाबाट कस्तो भयङ्कर दुःख हुन्छ भनीकन जानेको छैन, अर्थात् जसले अर्थात् जसले न केही सरकारी ठूलो पदवी पाएको छ, न स्वार्थी दुनियाँहरुबाट आफ्ना झुटो तारिफ गराएको छ, जसले राजनीतिसित वास्ता राखेको छैन, अर्थात् जसले सरकारी कुटिल नीति विषयक शासनविज्ञान जानेको छैन, किन्तु जसले सर्वहितकारी आदर्श शिक्षा हुने श्रेष्ठ नियम मात्रै जानेको छ, त्यस सज्जनको जीवन कल्याणकारी हुन्छ ।

(४) जसका शुभ जीवनको विषयमा कुनै बदमास मान्छेले निन्दा गरेको छैन, जसका सद्विचार नै आत्मरक्षक हुन्, अर्थात् जस्तो सुरक्षित स्थानमा शत्रुहरुको भय छैन, त्यस्तै शुभ-अशुभ विचार गरी काम गर्नेहरुलाई कुनै दुष्टजनबाट निन्दा हु ने भय हुँदैन, जसको सरल र साधारण जीवन हुनाले जसलाई झुटो कुरा बोल्ने कुनै स्वार्थी खुसामदीहरुले प्रशंसा गरी ठगेको छैन, तथा जसलाई मुद्दा चलाउनेहरुले बरबाद गरेको छैन, त्यस मनुष्यको जीवन श्रेष्ठ सुखदायक, आनन्दमय हुन्छ ।

(५) जसले बिहान र बेलुका भगवान्लाई नबिर्सीकन स्तुति-प्रार्थना गर्छ, जसको प्रार्थना सांसारिक चीजहरुको प्राप्तार्थ हुँदैन, किन्तु जसले सुन्दर, सरल, उदार जीवन व्यतीत गर्नलाई भगवान्का दयाका निमित्त प्रार्थना गर्छ, जसको आफ्ना शुभ समय राम्ररी चुनी छानी राखेका पुस्तक र मित्रहरुमा व्यतीत हुन्छ, त्यस पुरुषको जीवन अभ्युदय गर्ने मङ्गलकारी हुन्छ ।

(६) यस्ता मनुष्यलाई जो नोकरीरुप बन्धनले रहित छ न त ठूलो पदवीको प्राप्तिनिमित्त आशा हुन्छ, न त खस्नलाई भय हुन्छ, यस्ता धुरन्धर पुरुष जमिनको मालिक नभए तापनि आफ्नै स्वामी मालिक हो, त्योसित केही चीजवस्तुहरु नभए तापनि सबै वस्तुहरु हुन्छन् ।

वोटन कविको यो विचार तल लेखिएका भागवद्गीताका श्लोकहरुसित प्रायः समान भाव राख्दछन् :

१) बन्धुरात्माऽत्मनस्यत्य येनात्मैवात्मना जितः ।
अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् ॥

२) जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः ।
शीतोष्णा सुखदुःखेषु तथा मानापमानयोः ॥

३) ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रिय : ॥
युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चन : ॥

४) सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेषबन्धुषु ।
साधुष्वपि च पापेषु समुद्धिर्विशिष्यते ॥

(भगवद्गीता अ. ६ श्लोक ६-९

भावार्थ : जसले आफ्नो आत्मालाई आफैँले जितेको छ, त्यसको आफ्ना आत्मा नै मित्र हो, किन्तु जसले आत्मालाई जितेको छैन, त्यस पुरुषको आफ्नै आत्मा शत्रुवत् भएर जान्छ ॥१॥

शान्तचित्त, जिवात्मा तथा जो चिसो-तातो, सुखदुःख र मान-अपमानहरुमा समानभाव राखी आफ्ना इन्द्रियहरुलाई दमन गर्ने हुन्छ, अरु कामकाहरुलाई हुँदैन ॥२॥

यस्ता योगीलाई 'युक्त' भन्दछन्, जसका अगाडि माटोको डल्लो, ढुङ्गा र सुन समानै हुन्छ, जसले ज्ञान-विज्ञानद्वारा आफ्नो आत्मालाई तृप्त गरिरहेको हुन्छ, जो निश्छल तथा जितेन्द्रिय हुन्छन् ॥३॥

जुन मनुष्यको अगाडि अभिन्न हृदयप्रेमी, साधारण, मित्र, शत्रु, उदासीन (कसैसित सम्बन्ध नराख्ने) मध्यस्त (न शत्रु, न मित्र), द्वेष गर्ने योग्य, कुटुम्बी, धर्मात्मा तथा पापात्माहरु समानै छन्, यस्ता योगी सबभन्दा श्रेष्ठ महात्मा हुन्छन् ॥४॥

गीताका श्लोकहरुको भाव र बोटन कविको विचार प्रायः समानै छन् तर यो जीवन व्यक्तिगत रुपले ९क्ष्लमष्खष्मगबध्टि० मात्रै मङ्गलमय कल्याणकारी हुन्छ तथा यस्तो जीवन केवल विशेष धर्मात्मा र महात्माहरुको मात्रै हुन सक्दछ, सामान्य गृहस्थीहरुले यस्तो कठोर व्रत धारण गर्न सक्दैन, किनभने गृहस्थीजनले गृहस्थलाई चलाउनका निमित्त सरकारी नोकरी पनि गर्नुपर्दछ । आफूभन्दा ठूला अफिसरहरुको आज्ञा पनि मान्नुपर्दछ तथा गृहस्थीहरुले शत्रुमित्रहरुमा र पापात्मा धर्मात्माहरुमा समबुद्धि राख्न सक्दैनन्, किन्तु :

भवन्ति भव्येषु हि पक्षपाता : ।

(किरात सर्ग ३)

सज्जन धर्मात्माहरुतिर स्वाभाविक रुपले नै पक्षपात हुन जान्छ । राम-रावणले हामीहरुलाई के हानि र लाभ गरे ? किन्तु रामको दुःखमा दुःख, सुखमा हर्ष तथा रावणको दुःखमा प्रसन्नता हुनु नै धर्मात्माहरुतिर झुक्नु तथा पापात्माहरुतिर रिस हुनु स्वभावतः सिद्ध हुन्छन् । यसकारण ठूला महात्मा योगीहरुको कष्टसाध्य व्रत साधारण गृहस्थीहरुलाई विशेष लाभकारी हुँदैन ।

अब सर्वसाधारण गृहस्थीहरुका स्वर्गीय जीवन कस्तो हुनुपर्दछ, यस विषयमा विद्वान्हरुको सम्मति तल लेख्छु :

अर्थागमो नित्यमरोगिता च

प्रियाच भार्या प्रियवादिनी च ।

वश्यश्य पुत्रोऽर्थकारी च विद्या

षड् जीवलोकेषु सुखानि राजन् ॥

(हितोपदेश)

गृहस्थाश्रममा सुखका मूल स्वरुप ६ छन् :

१) अर्थागम : धनको आम्दानी

२) आरोगिता : रोगरहित आरोग्य हुनु

३) प्रियाभार्या : स्नेह गर्ने स्त्रीको लाभ

४) प्रियवादिनी भार्या : प्यारो बोल्ने स्त्रीको प्राप्ति

५) वश्य पुत्र : आज्ञाकारी छोरो

६) अर्थकरी विद्या : धनलाभ गर्ने विद्याको प्राप्ति ।

१) गृहस्थहरुलाई धनको आम्दानी हुनु अत्यन्त आवश्यक हो, गृहस्थलाई धनको त्यस्तो आवश्यकता छ जस्तो बत्तीलाई तेलको तथा शरीरलाई मस्तक (शिर) को आवश्यकता हुन्छ । धनले नै गृहस्थको सबै काम पूर्ण हुन्छन्, किनभने :

यस्यार्थास्तस्य मित्राणि यस्यार्थास्तस्य बान्धवा : ।

यस्यार्था : स पुमान् लोके यस्यार्था : स च पण्डित : ।

(चाणक्यनीति)

भावार्थ : जसको धन हुन्छ, त्यसैको मित्रमण्डल हुन्छ, जसको धन हुन्छ त्यसैको यो मेरो मामा हुन्, काका हुन् भनी टाढा-टाढाका सम्बन्धीहरु पनि निकट कुटुम्बी भएर आउँछन् । लोकमा धनी मानिस नै मानिस हुन्, पण्डितराज हुन्, सबैथोक हुन् । धन नभईकन आफ्ना कुटुम्बीहरुका समुदायमा रहनु धेरै अपमानजनक हुन्छ । धन नहुने गृहस्थीहरुलाई यो सुन्दर संसार असारजस्तो देखिन्छ, न बन्धुमध्ये, धनहीनजीवनम्, सर्वशून्या दरिद्रता आदि पति-पत्नीकलहको भेदवर्णनमा लेखिसकें । आफ्नो शक्तिभर पुरुषार्थ गरी धन कमाउनुपर्छ, त्यस पुरुषार्थबाट जति अर्थलाभ हुन्छ, त्यतिले नै सन्तोष गरी भगवान्लाई धन्यवाद दिई आनन्दसाथ जीवन बिताउनुपर्छ । अर्थलाभ हुने पुरुषार्थलाई क्रमैसित बढाई उत्पन्न गर्नुपर्दछ । भाग्यमा जस्तो लेखिएको छ त्यस्तै लाभ हुन्छ भनी पुरुषार्थ त्याग गर्नु हुन्न । किनभने भाग्य पनि त पुरुषार्थैको कार्यफल हो, पुरुषार्थैले भाग्य तयार हुन्छ, कुनै विद्वान्ले ठीक भनेका छन् :

पूर्वजन्मकृतं कर्म तद्दैवमिति कथ्यते ।

अर्थात् पूर्वजन्ममा गरेको कर्मफललाई नै दैव, भाग्य आदि भन्दछन् । पुरुषार्थ भाग्यभन्दा ठूलो हुन्छ ९ऋबगकभ ष्क नचभबतभच तजबतलद तजभ भाभअत० । जन्मिने भन्दा जन्माउने

ठूलो हुन्छ । बाबुभन्दा छोरो ठूलो हुँदैन । पुरुषार्थ कारण (जन्म दिने) तथा भाग्य कार्य (जन्म हुने) हुनाले भाग्यभन्दा पुरुषार्थ ठूलो हुन्छ :

कारणाभावात्कार्याभावः । नतु कार्याभावात्कारणाभाव : ॥

(वैशेषिक अ. १।आ. २।सू. १-२)

कारणको अभावले कार्यको अभाव हुन्छ, किन्तु कार्यको अभावले कारणको अभाव हुँदैन । अर्थात् बाबु भएन भने छोरो जन्मिँदैन, किन्तु छोरो भएन भने बाबु पनि नहुनु नियम होइन । यो न्यायको विज्ञान ९ीयनष्अ एजययिकयउजथ० नजानीकन अज्ञान सागरमा खसी असली भएर भाग्याहीना बसी पुरुषार्थहीन दरिद्र भई कुहिरहेका लाखौँ मानिसहरु छन् । यसकारण यथाशक्ति पुरुषार्थ गरी परिश्रमद्वारा धन कमाई गृहस्थलाई फलित र पुष्पित गरी उन्नत गर्नु प्रत्येक गृहस्थीको कर्तव्य हो । पुरुषार्थको अभिप्राय जस्तो पाओस् तापनि सन्तोष नगरी लोभी हुनु होइन, किन्तु असली नभई यथाशक्ति परिश्रम गनुस् पुरुषार्थको अभिप्राय हो । तृष्णा त कहिल्यै पनि समाप्त हुँदैन, यसैकारण भर्तृहरिले ठीक भनेका छन् :

तृष्णा न जीर्णा वयमेव जीर्णा : ।

(वैराग्य, श्लोक १२)

मनुष्यहरु जीर्ण हुन्छन्, तृष्णा जीर्ण हुँदैन । यसकारण धेरै तृष्णा गर्नु पुरुषार्थ होइन, किन्तु अप्राप्तिको प्राप्ति गर्नुमा परिश्रम गर्नु नै पुरुषार्थ हो । जहाँ पुरुषार्थ छ, त्यहाँ अवश्य अर्थ लाभ हुन्छ ।

२. सुखका द्वितीय स्वरुप आरोगिता या आरोग्य हुनु हो । अङ्ग्रेजीमा एक उखान छ - **हेल्थ इज वेल्थ ।** अर्थात् आरोग्य नै धन हो ।

कमाएको धन खर्च गरेर अथवा अन्य प्रकारले हरायो भने फेरि कमाउन हुन्छ । किन्तु स्वास्थ्य नष्ट भयो भने फेरि स्वास्थ्यलाभ गर्नु अत्यन्त कष्टसाध्य हुन्छ । स्वस्थ हुनु कस्तो सुखदायक हुन्छ यसको म के वर्णन गरुँ, आरोग्य हुने अवस्थामा जे खाओस् तापनि पच्ने, स्वाद लाग्ने, मीठो हुने तथा कठोर पदार्थ पनि हजम हुन्छ । यो सबैले अनुभव गरेकै होला । रोगी हुनु ठूलो दुःखी हुनु हो । त्यसलाई धनमाल धेरै भएर के गर्ने जो रोगग्रस्ट हुन्छ ? त्यस पुरुषलाई अन्न, दूध, घीउ प्रशस्त भएको के काम लाग्ने हो जसलाई अजीर्ण रोग हुन्छ । साँच्चै भन्नुपऱ्यो भने यस संसारमा रोगीहरुको जीवन व्यर्थै छ । यसकारण ऋतुको अनुकूल आहार-विहारलाई नियमित गरी जहाँसम्म सकिन्छ निरोगी हुनलाई प्रयत्न गर्नुपर्छ । किन्तु यो स्वास्थ्यलाभ बालअवस्थामा विवाह गर्नाले हुँदैन । प्रत्युत जुन कालदेखि बालविवाह भयो, त्यसै कालदेखि स्वास्थ्यको सर्वनाश हुन थाल्यो भनी जान्नुहोला । यो निश्चय छ कि जबसम्म ब्रह्मचर्यको नियम हुँदैन, तबसम्म स्वास्थ्यलाभ मुस्किल नै हुन्छ । विद्वानहरुले त यस शरीरलाई भनेका छन् कि शरीरं व्याधिमन्दिरम् । यो शरीर रोगको घर हो । किन्तु यो शरीर हृष्टपुष्ट भयो भने छोटोमोटो रोग आओस् तापनि त्यसको असर शरीरमा नभएको जस्तै हुन्छ । यदि शरीर कमजोर र दुब्लो रहेछ भने त अलिअलि रुँघा मात्रै लाग्यो भने पनि शरीर एकदम ओइलाएर जान्छ । हिँड्न-डुल्नलाई पनि शक्ति नभएजस्तै भएर जान्छ ।

३. तेस्रो सुखका स्वरुप प्रेम गर्ने स्त्रीको लाभ हो । यो ता दुनियाँमा प्रत्यक्षै छ । यस विषयमा धेरै लेख्नु आवश्यक छैन । किन्तु यति ध्यान प्रत्येक पुरुषले राख्नुपर्दछ कि भार्या तब प्रेमिणी हुन्छे जब प्रिय पति हुन्छन् । अर्थात् दुवैको परस्पर आनन्ददायक सद्व्यवहारद्वारा प्रिया भार्या तथा प्रिय पति हुन्छन् एक हातले ताली बज्दैन, एक चक्रले गाडी चल्दैन । यसकारण दुवैले पत्नीले

पतिव्रता हुनु तथा पतिले पत्नीव्रत गर्नामा अभ्यास गर्नुपर्दछ । परस्पर प्रेममा बाधा हु ने त्यस्तो असद्व्यवहार दुवैले नगर्नू ।

४. स्वर्गको चौथो स्वरुप भार्या प्रियवादिनी हुनु । भार्या प्रियवादिनी तब हुन्छे, जब यी सुशिक्षिता होली । शिक्षाबिना भार्या प्रियवादिनी हुनु अधिक सम्भव छैन । यद्यपि शिक्षाबिना पनि आफ्ना स्वाभाविक सौन्दर्यादि गुणले भार्या पतिका प्रेमपात्री हुनु धेरै सम्भव हुन्छ । तथापि कुन विषयमा पतिदेवको अधिक रुचि छ, के काम कुन उपायले गर्नाले पति प्रसन्तन हुनेछन्, कसरी गृहस्थसम्बन्धी सबै व्यवहार सुचारु रुपेण चलाउनुपर्छ, एवं भोजन आदि विषयमा पनि कुन-कुन साग-तरकारी आदि भोज्य पदार्थ कुन रीतिसित बनाउनाले पतिदेवका विशेष रुचिकर हुन्छन्, यी सबै शिक्षाबिना साध्य छैनन् । यसैकारण उपर्युक्त श्लोकमा कविवर महोदयले जो पतिप्रिया हुन्छे त्यही प्रियवादिनी हुन्छे, तथा जो प्रियवादिनी पत्नी हुन्छ, त्यही पतिदेवका प्रेमपात्री हुन्छ । यस प्रकारले पतिप्रिया हुनु र प्रियवादिनी हुनु अन्यान्याश्रय सम्बन्धले समानता भए तापनि पृथक-पृथक छन् ।

अब *भार्या प्रियवादिनी तथा मधुरभाषिणी* कसरी हुनुपर्छ तल लेखिएका दृष्टान्तले बुझ्नु :

एक सभ्य गृहस्थीले एक समय आफ्ना अभिन्नहृदय मित्रलाई निमन्त्रणा गरे । मित्रलाई पतिका अभिन्नहृदय जानीकन गृहिणीले त्यस्तो सत्कार गरिन् कि मित्र त धेरै आश्चर्यचकित भई प्रसन्न भए । भोजनका समयमा विविध भोज्य पदार्थहरु त्यस्तो रुचिकर स्वादिष्ट बनाएर खुवाइन् कि मित्र (अतिथि) ले मित्र पत्नीको मुरी-मुरी प्रशंसा गरे । खाँदाखाँदै दुवैले पत्नीका गुणगान गर्दै थिए । अन्तमा गृहस्थीले आफ्ना अतिथि मित्रलाई भने कि मेरी पत्नी गृहस्थ व्यवहारमा त धेरै निपुण छिन् । साथै सुशीला विदुषी पनि छिन् । आज त्यसको कहाँसम्म विद्वता छ, त्यो तपाईंलाई प्रत्यक्ष गराउँछु । यति भनी तत्क्षण दुवै मित्र मिलीकन परदेश जाने सल्लाह गरेर निज धर्मपत्नीलाई भने कि अब हामी दुवैजना साथसाथैमा केही दिनभित्र परदेश जानेछौं । यस विषयमा तिम्रो के विचार छ ? यो प्रश्न उपस्थित हुँदा धर्मपत्नीले त्यसै बेला एक सुन्दर ललित श्लोकद्वारा विन्ती गरिन् :

मायाहीत्यपमङ्गलं, व्रज पुनः स्नेहेन हीनं वच :,

तिष्ठेती प्रभुता, यथारुचि कुरुष्वैषापुदासीनता : ॥

नो जीवामि विना त्वयेति वचसा सम्भाव्यते वा न वा,

तन्मां शिक्षय मित्र ! यत्सुमुचितं गन्तुं त्वयि प्रस्थिते ॥

हे हृदयदेव ! हजुरले ुकनै पनि सार्वजनिक हित हुने सुकामका निमित्त परदेश जानलाई निश्चय गर्नुभयो होला । त्यसमा हजुरलाई नजाऊ भनी भन्न सक्दिनँ । किनभने यस्तो हितकारी मङ्लकामना अगाडिबाट नै अमङ्गल र अकुशल हुने भयो । हे हृदयेश्वर ! त्यस्तो सुन्दर काममा हुन्छ, जानुहोस् यसरी पनि भन्न सक्दिनँ, किनभने यो प्रेमरहित कुराजस्तो भयो । हे नाथ ! मैले हजुरलाई यहीँ बस्नुहोस्, यसरी भन्नु पनि अनुचितै हो । किनभने हजुरभन्दा बढ्ता भई मेरो हुकुम चल्नेजस्तो भयपो । हे जीवनधन स्वामिन् ! हजुरलाई जस्तो मनपर्छ त्यस्तै गर्नुहोस् भन्नु पनि साह्रै नै नराम्रो जस्तो देखियो । किनभने छिमेकी भाइबान्धवहरुले भन्लान् कि यी दुवै जोईपोइको कसरी सल्लाह नमिलेको, पतिले परदेशतिर जाऊँ भनी भन्दा पत्नीले जस्तो मनपर्छ त्यस्तै गर भनी उदासीन भावले भनिन् । यसप्रकार ममाथि उदासीन भाव हुने दोष आउने भयो । हे पतिदेव, म यहाँ हजुरबिना जिउन सक्दिनँ, मैले यो भन्नु पनि अयोग्य छ । किनभने यो सम्भव हो-होइन भविष्यको

कुरा यथार्थ रुपले कसले भन्न सक्ला ? यसकारण हे प्राणनाथ हृदयेश ! अब हजुरको परदेश जाने बेलामा हजुरले नै उचित-अनुचितको विषयमा आशा गरिबक्स्योस् ।

अतिथि मित्रले मित्रपत्नीको यस्तो विद्वतापूर्ण न्यायोचित कुरा सुनी आश्चर्यले चकित तथा आनन्दले गद्‌गद् भई मित्रपत्नीको धेरै प्रशंसा गरी घरबाट बिदा भए । यस्ती लक्ष्मीस्वरुपा गृहिणी देवी जुन घरमा बास गर्छिन् त्यस्ता गृहिणीपतिले के कहीँ अन्तै लोकमा गएर स्वर्ग खोज्नुपर्दछ ?

किन्तु आजभोलिका विवाहित पत्नीहरुसित परदेश जाने सल्लाह गऱ्यो भने पत्नीले अरु-अरु आवश्यक केही कुरा नगरी खुसीसाथ भन्ली कि परदेशबाट फर्कने बेलामा मलाई रेशमी लुगा, असल गौनको फरिया, मखमल आदि लिएर आउनुहोस्, इत्यादि । शिक्षिता र अशिक्षिता पत्नीमा यति अन्तर हुन्छ ।

५. पाँचौँ स्वर्गको स्वरुप आज्ञाकारी छोरो पाउनु हो । त्यसो त पूर्वीय र पश्चिमीय सबै देशमा आज्ञाकारी पुत्रहरुका दृष्टान्त पाइन्छन् । तर हाम्रो भारतदेशका पुत्रका आज्ञाकारी हुने दृष्टान्तहरुमा मर्यादापुरुषोत्तम भगवान् रामभन्दा ठूलो र महत्वको दृष्टान्त अर्को छैन । भगवान् रामले महारानी कैकेयीलाई राज्याभिषेक हुने बेलामा केही गडबड हुँदा भनेका थिए :

अहो ! धिङ नार्हसे देवि ! वक्तुं मामीदृशं वच : ।

अहं हि वचनाद्राज्ञ : पतेयमपि पावके ॥

भक्षयेयं विषं तीक्ष्णं पतेयपपि चार्णवे ।

नियुक्तो गुरुणा पित्रा नृपेण च हितेन च ॥

(वाल्मीकि)

भावार्थ : हे देवी ! हजुरलाई धिक्कार छ । महाराज प्रभुलाई कष्ट हुने कारण के हो : यपो कुरा मलाई हजुरले किन नभनिबक्सेको ? म त प्रभु पिताजीका आज्ञानुसार आगोमा फाल हाल्न सक्छु । कठोर हलाहल विष पनि प्रेमसित खान सक्छु, भयङ्कर समुद्रमा पनि गिर्न समर्थ छु ।

वस्तुतः यस प्रकारका छोरो पाउनु यथार्थ स्वर्गको सुख भोग्नु हो ।

६. छैठौँ स्वर्गको स्वरुप धन कमाउने विद्याको प्राप्ति हो । लौकि र पारमार्थिक भेदले धन दुईथरीका हुन्छन्, तथा पराअपराभेदले विद्या पनि दुई प्रकारका हुन्छन् । यसमा प्रमाण :

तस्मै सहोवाच द्वेविद्ये वेदितव्येति ह

स्म यद्ब्रह्मविदो वदन्ति परा चैवापरा च ।

(मुण्ड. प्रथः १।४)

भावार्थ : ब्रह्मलाई जान्ने पण्डितहरुले भन्दछन् कि परा-अपरा नामका दुई प्रकारका विद्या जान्नुपर्दछ । यिनमा वेद आदि शास्त्रीविहित विधिले तथा व्याकरणादि ज्ञानले अपराविद्याको प्राप्ति गर्नुपर्दछ । तथा त्यस पराविद्याले जसबाट त्यो अक्षर या कहिल्यै पनि नाश नहुने भगवान्‌को बोध र प्राप्ति हुन्छ - आत्मज्ञान गर्नुपर्छ ।

लौकिक अर्थकरी अपरा विद्याले सुन, चाँदी, पैसा, हीरा, मोती आदि धन कमाउनु तथा परमार्थकारी पराविद्याले धर्म, पुण्य र ब्रह्मरुप धन कमाउनु । यी दुवैथरीका धनमा सुवर्ण आदि लौकिक धन अस्थायी, नाशवान्, गौण, अमुख्य धन हो । यसैकारण हाम्रो धार्मिक सत्य शास्त्रहरुले भनेका छन् कि :

धर्मो नित्यः सुखदुःखे त्वनित्ये ।

अर्थात् यो धर्म नित्य हो, तथा लौकिक सुख-दुःख अनित्य, अस्थायी हुन् ।

लोकयात्राका निमित्त रुपियाँ पैसा, यथाशक्ति कमाई ब्रह्मरुप परमार्थ धन कमाउनु मनुष्यजन्मको परम सफलता हो, मनुष्यले यसरी पुरुषार्थ गऱ्यो भने स्वर्गको के कुरा, परम स्वर्ग मोक्षको पनि लाभ हुनेछ ।

अब प्रत्येक स्त्री-पुरुषले यो ध्यानमा राख्नुपर्दछ कि माथि लेखिएका धनको आम्दानी, आरोग्य हुनु, प्रिया तथा प्रियवादिनी भार्याको प्राप्ति, आज्ञाकारी पुत्र एवं धनलाभ गर्ने विद्याको प्राप्ति यी ६ स्वर्गस्वरुपको प्राप्ति बालविवाह गर्नाले हुँदैन । किन्तु बालअवस्थामा विवाह गर्नाले यी ६ स्वर्गस्वरुपको प्राप्ति हुने स्थानमा विपरीत परिणाम हुन्छन् । अर्थात् धनलाभ गर्ने स्थानमा धननाश हुने तथा आरोग्य हुने स्थानमा बाल्यकालदेखि विषयाभ्यास गर्नाले सधैं रोगी हुनेछ । जुन घरमा धनको नाश तथा महारोगको प्रवेश हुन्छ उहाँ प्रेमिणी तथा प्रियवादिनी भार्या हुनु असम्भव जस्तो हुन जान्छ । जुन घरमा यी चारौंका यस्ता दशा हुन्छ, उहाँ आज्ञाकारी छोरो पनि हुँदैन । यस्ता अधोगत पतीत अवस्थामा अर्थकरी विद्याको चिन्तन र मनन कसरी हुन सक्दछ ? यसकारण विद्वान् गृहस्थीहरुले यस विषयमा पूर्ण ज्ञान गर्नुपर्दछ ।

पतिपत्नीका स्वर्गीय जीवनको विषयमा महर्षि मनुजीको सम्मति :

सन्तुष्टो भार्यया भर्त्ता तथैव च ।

यस्मिन्नेव कुलेनित्यं कल्याणं तब वै ध्रुवम् ।

(मनु. ३।६०)

भावार्थ : जुन कुलमा पत्नीद्वारा पति तथा पतिद्वारा पत्नी सन्तुष्ट हुन्छन्, त्यसै कुलमा कल्याणकारी, मङ्गलमय, आनन्दको सार स्वर्गको राज्य स्थापित हुनेछ । यसकारण पतिले पत्नीलाई नरुचाउने तथा पत्नीले पतिलाई प्रिय नलाग्ने केही काम गर्नु उचित छैन ।

वस्तुतः यस श्लोकमा महर्षि मनुजीले ठूलो भावगर्भित तथा रहस्यपूर्ण उपदेश दिएका छन् । वास्तविक स्वर्गीय सुख विवाहित पतिपत्नीको आधारमा हुन्छ । यदि श्रीराम-सीता, नल-दमयन्ती तथा सावित्री-सत्यवान्का जस्ता परस्पर प्रेम विवाहित पतिपत्नीमा छ भने यस्ता पति-पत्नीहरुले कहीँ गएर। स्वर्ग खोज्नुपर्दैन । यस्ता देवदेवीरुप पतिपत्नीरुप पतिपत्नीका सन्मुख स्वर्ग स्वयं मूर्तिमान् भएर प्रकट हुनेछ । जङ्गलमा बसोस् तापनि यी देवदेवीसमान विवाहित पतिपत्नीहरुलाई सबै ठाउँमा स्वर्गैस्वर्ग हुन्छ । तर दुवैले यो पूर्णरुपले जान्नुपर्छ कि दुवैको पवित्र प्रेममा यदि किञ्चत् मात्र पनि सन्देह हुने अनुचित काम भयो भने पत्रि प्रेममा ठूलो धक्का हुनेछ । पछिपछि यसका भयङ्कर परिणाम हुनेछ ।

शुद्ध, असल दूधमा अलि अमिलोको स्पर्श भयो भने दूध फाटेर जान्छ । यो फाटेको दूध पछि जस्तै गरे पनि दूध जम्न सक्दैन । शुभ्र साफ सेतो लुगामा मसीको अलिकति स्पर्श मात्रैले सेतो लुगामा कालो दाग हुन जान्छ । फेरि उस्तै धोओस् तापनि अघिको जस्तै साफ हुन सक्दैन । निर्मल ऐनामा जबसम्म केही विकार हुँदैन तबसम्म शुभ्र निर्मल ऐनाले सबैको यथार्थ स्वरुप प्रकट गर्छ । किन्तु जब त्यो ऐना अलि फुटेको अथवा विकार भएको हुन्छ, तब त्यस ऐनामा अति सुन्दर स्वरुप पनि बाङ्गो तथा नराम्रो देखिन्छ । त्यस फुटेको वा किला आदिले कोरिएको ऐना कहिल्यै पनि अघिको जस्तो निर्मल हुन सक्दैन । एकनास भएको रस्सीमा सानो गाँठो खुलेर फेरि एकनास हुँदैन ।

च्यातिएको लुगा फेरि अघिको जस्तै जोडिँदैन, भाँचिएको लगुड फेरि जोडिएर मिल्न सक्दैन । एवं विवाहित पतिपत्नीका पनि पवित्र प्रेममा किञ्चित मात्र पनि छल, कपट, शङ्का आदिन भयो भने फेरि आजन्म त्यो पवित्र प्रेम अघिको जस्तै हुन सक्दैन । परिणाम यसको पोखरी वा खेलामा डुबेर प्राण त्याग गर्छन्, एवं कुनैले आफैं झुण्डिएर, कुनैले आफ्नै गला काटेर, कुनैले स्वयं पिस्तोल हानेर आत्महत्या गरी प्राण विसर्जन गर्छन् ।

यस विषयका दृष्टान्तहरु धेरै छन् । किन्तु ग्रन्थ बढ्दै गएको हुनाले ती दृष्टान्तहरुको वर्णन गर्दिनँ ।

यसकारण स्वर्गीय यथार्थ सुखको अनुभव गर्नलाई दुवै पतिपत्नीले परस्पर नरुच्ने काम कहिल्ये पनि नगर्नू । सबै काम परस्पर सम्मतिपूर्वक गऱ्यो भने यस्तो भयङ्कर परिणाम कहिल्यै पनि हुँदैन ।

अब पत्नीको विषयमा पिता, पति तथा भाइ आदिका कर्तव्य :

१. **पितृभिर्भ्रातृभिश्चैताः पतिभिर्देवरैस्तथा ।**
पूज्या भूषयितव्याश्च बहुकल्याणमीप्सुभिः ॥

२. **यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता : ।**
यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राफला : क्रिया : ॥

३. **शोचन्ति जामयो यत्र विनश्यत्याशु तत्कुलम् ।**
तानि कृत्याहतानीव विनश्यन्ति समन्ततः ॥

४. **तस्मादेवा : सदा पूज्या भूषणाच्छादनाशनै : ।**
भूतिकामैर्नरैर्नित्यं सत्कारेषूत्सवेषु च ॥

(मनु. अ. ३। श्लोक ५५-५८)

भावार्थ : ठूलो आनन्द सुखको इच्छा गर्ने पिता, भाइ, पति तथा देवरहरुको कर्तव्य हो कि यी पत्नीहरुलाई सत्कार तथा गहनाहरुद्वारा भूषित गरुन् ।

जहाँ नारीहरुका पूजा सत्कार हुन्छ, तहाँ देवताहरु आईकन आनन्द-प्रमोद गर्छन्, जहाँ यी नारीहरुको सत्कार हुँदैन, त्यहाँ सबै काम बिग्रेर जान्छन् ।

जुन कुलमा नारीहरु आफ्ना-आफ्ना पतिहरुको वेश्यागमन तथा व्यभिचारादि दोषले शोकाकुल भई बस्छन्, त्यो कुल शीघ्र नष्ट भएर जान्छ, किन्तु जुन कुलमा यिनीहरु चिन्तित तथा दुःखित हुन्नन् त्यो कुल दिनदिनै उन्नत भई पुष्पित तथा फलित हुन्छ ।

जुन कुल तथा घरमा पतिहरुद्वारा अपूजित तथा आवश्यक सत्कार आदि नपाईकन नारीहरुले गृहस्थी पुरुषहरुलाई शाप दिन्छन्, ती कुल तथा गृहस्थीहरु विषद्वारा एकसाथ नाश भएझैं नष्ट भएर जान्छन् । यसकारण स्वर्गीय जीवनको इच्छा गर्ने सबै पुरुषहरुको यो आवश्यक कर्तव्य कर्म हो कि यी नारीहरुलाई सत्कारको अवसरमा तथा उत्सव आदि हर्षमा अनेक प्रकारको हीरा-सुवर्ण आदिद्वारा निर्मित गहना, उत्तम-उत्तम लुगा वस्त्र तथा विविध अन्न-पानादिद्वारा उचित पूजा-प्रतिष्ठा गरी प्रसन्न राखुन् । किनभने :

६. **स्त्रियान्तु रोचमानायां सर्वं तद्रोचते कुलम् ।**

तस्यान्त्वरोचमानायां सर्वमेव न रोचते ॥

(मनु. ३।६२)

भावार्थ : स्त्रीहरुको प्रसन्नताले कुल पनि आनन्दमय र देदीप्यमान् हुन्छ । किन्तु तिनीहरुको अप्रसन्नताले सबै अमङ्गल भएर जान्छन् ।

अभिप्राय यो हो कि पुरुषहरुले तरुण अवस्थामा आफ्ना-आफ्ना गुण-कर्म-स्वभावका अनुसार विदुषी कन्यासित विवाह गरी आ-आफ्नी पत्नीलाई भूषण आदिद्वारा उचित सत्कार गरी स्वर्गीय सुखको प्राप्ति गरुन् । यदि घरको कामकाजयोग्य विदुषी सुकन्या पाइएन भने आजन्म अविवाहित रहनु नै जाती छ । महर्षि चाणक्यले भनेका छन् कि :

वरं न दारा न कुदारदाराः ।

कुदारदारैश्च कुतो गृहे रतिः ॥

(चाणक्य ५।१३-१४)